


Dar Al Ber Society
الإمارات
THE EMIRATES
مركز المعلومات الإسلامي
Islamic Information Center
This is Islam
Part of the
ISLAMIC
e-LIBRARY
Your Path To Peace..
@islamicicdxb
यही हो
इस्लाम



# यही हो इस्लाम

विश्वमा सबैभन्दा तीव्र गतिले फैलिरहेको धर्मको एक झलक




मुस्लिमहरू काबामा सलाह पढ्दै गरेको विमानबाट लिएको एक तस्वीर | अल्लाहले दूत इब्राहीमलाई यस पवित्र घरकोलाई निर्माण गर्न र विश्वका कुनाकाप्चामा रहेका सम्पूर्ण मुस्लिमहरूलाई यसै काबातर्फ अनुहार फर्काएर सलाह पढ्न आदेश दिनुभएको थियो।

THIS IS ISLAM

# यही हो

# इस्लाम

विश्वमा सबैभन्दा तीव्र गतिले फैलिरहेको
धर्मको एक झलक

फहद बाहमाम



- के तपाईं आफ्नो वरपर र मिडियामा सबैभन्दा बढी चर्चा परिचर्चा हुने धर्मको सही जानकारी प्राप्त गर्न चाहनुहुन्न ?
- कृपया, एक छिन समय दिनुहोस् र अन्तर्राष्ट्रिय तथ्यांक अनुसार विश्वमा सबैभन्दा तीव्र गतिले फैलिरहेको धर्मको सत्य-तथ्य थाहा पाउनुहोस् ।
- के तपाईंलाई जीवन, धर्म र ब्रह्माण्डबारे अरू समुदायको धारणा र संस्कृतिको खोज गर्दा खुशी महसुस हुँदैन ?
- इस्लामको सही जानकारी हासिल गर्नको लागि अलिकति आफ्नो अमूल्य समय दिनुहोस् । अनि त्यसपछि मात्र आफ्नो बुद्धि र विवेकले निर्णय गर्नु होला !**और विवेक के साथ निर्णय लें?**

यदि तपाईं यो विषयलाई महत्वपूर्ण र रोचक ठान्नुहुन्छ भने तपाईंलाई आफ्नो गन्तव्यसम्म पुग्न यस पुस्तकले मद्दत गर्नेछ ।

# विषयसूची


अकमक्क पार्ने प्रश्नहरू 12

इस्लाम विश्वव्यापी धर्म हो 19

एक ईश्वर 53

दूतको वास्तविकता 68

इस्लाममा ईसा (अ.) को स्थान 75

को हुन् इस्लामको दूत ? 85


Click on topic to go to the page.

# क़ुरआन कहाँ से आया?

144



Click to go to the page.

मुहम्मद (स.) संसारका न्यायप्रेमीहरूको नजरमा 94

मुहम्मद (स.) को उच्च आचरण र आदर्शका केही झलकहरू 106

मुहम्मद (स.) का उपदेशहरू 123

कुर्आन, एक अनन्त चमत्कार 132

कुर्आन कहाँबाट आयो ? 144

इस्लाममा उपासनाको वास्तविकता 162

इस्लाममा घरपरिवार 193


इस्लाम में परिवारिक व्वस्था
193
Click to go to the page.

इस्लाममा नारीको स्थान 204

इस्लाममा खानपिनको तरिका 222

पाप र पश्चाताप 237

धर्म र विवेकबीचकुनै विरोधाभास छैन 244

इस्लाम शान्तिको धर्म हो 255

इस्लाम र केही मुस्लिमहरूबीच विरोधाभास 267



धर्म र विवेकबीचकुनै
विरोधाभास छैन

144

Click to go to the page.



# अकमक्क पार्ने प्रश्नहरू ...



हामी

हामी सबैले जीवनमा एकपटक आफैंलाई सोध्नै पर्ने प्रश्नहरू ...

म को हुँ ? म कहाँबाट आएको हुँ ? म कहाँ जाने छु ? यो पृथ्वी के को लागि हो ? एकदिन सबैले मरेर माटोमा नै मिसिने हो, मरेर लानु के नै छ र ? फेरि दुनियाँको पछि किन मरिहत्ते गर्ने ? आखिर जीवनको उद्देश्य के हो त ?

**मुस्लिम** र अन्य आकाशीय धर्मग्रन्थ प्राप्त समुदायहरू सत्य ईश्वर र मृत्यु पश्चात न्याय-निसाफको दिनमाथि आस्था राख्दछन् । होइन भने यो जीवन नै अर्थहीन हुनेछ । ईश्वर नै नहुने हो भने, मानिसहरू आफूखुशी जे पनि गर्न सक्छन्, अनि अपराधीले सजाय, पीडितले न्याय र सत्कर्मीले राम्रो प्रतिफल कसरी पाउलान् त ! त्यसैले सत्य ईश्वरको आदेश मान्नु, स्वर्ग र नर्कमाथि विश्वास गर्नु जीवनको अपरिहार्य पाटो हो ।

वास्तवमा, ईश्वरमाथिको आस्था बिना जीवनको विरोधाभास, जन्मको सार्थकता, सही र गलत कुराहरूलाई बुझ्न सकिदैन । त्यसैले एक दिन यो जीवनको अन्त्य हुनेछ र हरेक व्यक्तिले आफ्नो राम्रो-नराम्रो कर्मको प्रतिफल अवश्य नै पाउनेछ भन्ने कुरामा आस्था राख्नुपर्छ ।

ईश्वर र मृत्यु पश्चात न्याय-निसाफको दिनमाथि आस्थाले जीवनका महत्वपूर्ण अवधारणाहरू छर्लङ्ग हुन्छन्, जस्तै- न्याय, प्रेम, सहानुभूति, इमानदारी, सत्य, धैर्य, परोपकारि इत्यादि । अनि बल्ल चुनौतीको अर्थ, उपलब्धिको मज्जा र धैर्यताको मिठास महसुस हुनेछ ।

**पवित्र ग्रन्थ** कुर्आनले उक्त कुरालाई प्रष्ट पारेको छ । सत्य ईश्वर (अल्लाह) ले विवेकशील र बुद्धिमान व्यक्तिको वर्णन गर्दै भन्नुभएको छ: “उनीहरू आकाश एवम् पृथ्वीको संरचनामा मनन् गर्दै भन्छन्, हे प्रभु, तिमीले यो निलो आकाश र विशाल धर्ती व्यर्थ सृष्टि गरेका छैनौ, तिमी महान र पवित्र छौ ।” (कुर्आन : ३/१९१)



सत्य ईश्वरमाथिको आस्था बिना जन्मको उद्देश्य, जीवनको विरोधाभास, सही र गलत कुराको पहिचान गर्न सकिदैन .... ।

## इस्लाम धर्म :

**पृथ्वीमा** रहेका प्रायः धर्महरू व्यक्ति विशेष, गोत्र र ठाउँको नामबाट नामकरण गरिएको छ, जस्तै- दूत 'ईसा' (अ.) को नामबाट ईसाई धर्म, 'यहुदा' को नामबाट यहूदी धर्म, बौद्ध धर्मको संस्थापक 'बुद्ध' को नामबाट बौद्ध धर्म, 'सिन्धु नदी' वा 'हिन्दुहरू' को नामबाट हिन्दू धर्म इत्यादि ।

तर इस्लाम धर्मको नामकरण कुनै व्यक्ति विशेष, गोत्र र ठाउँको नामबाट गरिएको छैन । किनभने इस्लाम धर्म न त कुनै व्यक्ति विशेष, गोत्र वा ठाउँसँग सम्बन्धित छ न त कुनै मानिसको हातबाट तयार पारिएको छ । यो त ईश्वरले रोज्नु भएको धर्म हो । त्यसैले यस धर्मको नाम 'इस्लाम' (शान्ति र समर्पण) राखिएको छ ।

## इस्लामको अर्थ :

**इस्लाम अरबी शब्द** हो । अरबी शब्दकोष अनुसार इस्लाम शब्दको अर्थ- समर्पण, अनुसरण, नमन, शान्ति, नि:स्वार्थ इत्यादि हो ।

इस्लामको परिभाषा : सत्य ईश्वर अल्लाहप्रति पूर्णरूपमा समर्पित हुनु, उहाँको मात्र उपासना गर्नु र उहाँ बाहेकका सम्पूर्ण देवीदेवताहरूको दासत्व र उपासनाबाट मुक्त हुनु इस्लाम हो।

**कुर्आनका** कैयौं श्लोकहरूमा उक्त अर्थको वर्णन र पुष्टि गरिएको छ।

पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "जसले आफ्ना सम्पूर्ण इच्छा तथा आकांक्षाहरू अल्लाहको लागि समर्पित गर्छ र उहाँको आदेशको पालना गर्छ, मानौ उसले कहिल्यै नटुट्ने भरपर्दो डोरीलाई समात्यो र सफलता प्राप्त गर्यो।" (कुर्आन : ३१/२२)

**अतः** सत्य ईश्वर; अल्लाहको उपासना गर्नु र उहाँ बाहेक अन्य देवीदेवताहरूको पूजा र उपासना नगर्नु नै इस्लाम हो।

**मुस्लिमको अर्थ :** आफ्नो सृष्टिकर्ताप्रति पूर्णरूपमा समर्पित हुनेलाई मुस्लिम (आज्ञाकारी भक्त) भनिन्छ । जो स्वयम् आन्तरिक शान्तिमा रमाउने गर्छ र आफ्नो वरपरका वातवरणलाई शान्तिमय बनाउने प्रयासमा लागिरहन्छ।

## के सम्पूर्ण दूत र संदेष्टाहरूको धर्म इस्लाम नै थियो र ?

### इस्लाम सम्पूर्ण दूतहरूको धर्म हो :

अघिल्ला सम्पूर्ण युग, राष्ट्र र समुदायहरूमा दूत र संदेष्टाहरू पठाईएको कुरालाई कुर्आनले पुष्टि गरेको छ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "हे संदेष्टा, हामीले तपाईंलाई सम्पूर्ण मानवजातिका लागि शुभ-सन्देशवाहक र सचेतक बनाएर पठाएका छौं । वास्तवमा, सचेतक (संदेष्टा) नपठाइएको कुनै राष्ट्र नै छैन।" (कुर्आन : ३५/२२) यी सम्पूर्ण संदेष्टाहरूले सत्य धर्म; इस्लामतिर आह्वान गरे। उनीहरूको मूल आस्था, विधि-विधान र आचरणमा केही फरक थिएन।



इस्लाम १४०० बर्ष पुरानो वा अन्तिम दूत मुहम्मद (स.) ले स्थापना गरेको कुनै नयाँ धर्म होइन । यो सम्पूर्ण संदेष्टाहरूको धर्मको खुलासा र निष्कर्ष हो। दूत मुहम्मद (स.) ले इस्लामलाई परिपूर्ण मात्र गर्नुभयो। उहाँले त्यही कुराहरूमाथि आस्था राख्न आदेश दिनुभएको छ, जुन कुरामाथि आस्था राख्न अघिल्ला दूतहरू; इब्राहीम, इसहाक, याकूब, मूसा र ईसा (अ.) ले आदेश दिएका थिए। (कुर्आन : २/१३६)

**चाखलाग्दो** कुरा के छ भने इब्राहीम (अ.) र याकूब (अ.) ले आफ्ना सन्तानहरूलाई यसै धर्मलाई मान्न उपदेश दिएका थिए । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “हे मेरा सन्तानहरू हो, अल्लाहले तिमीहरूका निम्ति इस्लाम धर्मलाई रोजि सक्नु भएको छ, त्यसैले तिमीहरू इस्लामकै अवस्थामा मृत्युवरण गर।” (कुर्आन : २/१३२)

**त्यसैले सम्पूर्ण** दूत र संदेष्टाहरूको धर्मको निष्कर्ष इस्लाम नै हो भन्ने कुरा छर्लङ्ग हुन्छ। आस्था र मूल विधि-विधानमा केही फरक थिएन, हाँगा र विधानको उप-दफाहरूमा जमानाको हिसाबले अलिकति फरक थियो। अन्तमा अन्तिम दूत मुहम्मद (स.) को आगमन भयो र उहाँले त्यही इस्लाम धर्मलाई सदा-सदाको लागि परिपूर्ण गर्नुभयो, जुन धर्मको शुरुवात पहिलो मानिस र प्रथम दूत आदम (अ.) बाट भएको थियो।

**त्यसैले** सत्य धर्म एक (इस्लाम) हो, अनेक होइन भन्ने कुरा कुर्आनले प्रमाणित गर्दछ। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "अल्लाहको दृष्टिमा धर्म इस्लाम हो। आकाशीय धर्मग्रन्थ प्राप्त समुदायहरूमा जुन मतभेद छ, त्यो धर्मग्रन्थमा फेरबदलले गर्दा उत्पन्न भएको हो ...।" (कुर्आन :३/१९)

> इस्लाम अरबी शब्द हो। अरबी शब्दकोष अनुसार इस्लाम शब्दको अर्थ- समर्पण, अनुसरण, नमन, शान्ति, नि:स्वार्थ इत्यादि हो।

# इस्लाम विश्वव्यापी धर्म हो



अचम्मको कुरा के छ भने कुर्आन अरबी भाषामा अवतरित ग्रन्थ हो र अन्तिम दूत मुहम्मद (स.) पनि विशुद्ध अरबी नै हुनुहुन्थ्यो, तै पनि कुर्आनमा 'अरब समुदाय' भनेर एक पटक पनि सम्बोधन गरिएको छैन । अन्तर्राष्ट्रिय जनगणना अनुसार विश्वको मुस्लिम जनसंख्याको अनुपातमा सिङ्गो अरबको मुस्लिम जनसंख्या २०% भन्दा पनि कम छ । जनसंख्याको हिसाबले सबैभन्दा बढी मुस्लिम भएको देश इन्डोनेशिया हो, जुन अरबदेखि एकदमै टाढा र दक्षिण-पूर्वी एसियामा अवस्थित छ । केवल भारतका अल्पसंख्यक मुस्लिम जनसंख्या अरबको मुस्लिम जनसंख्या भन्दा कैयौं गुणा बढी छ ।



# इस्लाम

**इस्लाम** विश्वव्यापी धर्म र सम्पूर्ण जात, वर्गहरूको लागि दया, माया, करूणा र मार्गदर्शन हो । अल्लाहले भन्नुभएको छ : “हे संदेष्टा, हामीले तपाईंलाई सम्पूर्ण जगतबासीहरूका लागि दया र करूणा बनाएर पठाएका छौं ।” (कुर्आन : २१/१०७)

इस्लामले मानवजातिको लागि यस्तो व्यवस्थित जीवन प्रणाली प्रस्तुत गरेको छ, जुन विश्वको कुनै पनि देशको मानव निर्मित संबिधान र शास्त्रहरूमा पाउन सकिन्न ।

**हे अरब समुदाय** हो, वा हे मुस्लिम हो, भनेर कुर्आनले कतैपनि सम्बोधन गरेको छैन । तर हे मानव हो, भनेर सम्पूर्ण मानवजातिलाई सम्बोधन गरेको छ । अल्लाहले भन्नुभएको छ : “हे मानव हो, हामीले तिमीहरूलाई एक पुरूष र एक महिलाबाट सृष्टि गर्यौं र तिमीहरूका विभिन्न जाति-बंशहरू बनायौं, ताकि तिमीहरू एक अर्कालाई चिन्न सक। वास्तवमा, अल्लाहको दृष्टिमा तिमीहरूमध्ये सर्वश्रेष्ठ व्यक्ति त्यो हो, जो तिमीहरूमध्ये सबैभन्दा धेरै ईश-भय राख्छ ।” (कुर्आन : ४९/१३)

**हो, इस्लाममा** जातपातको नाममा मानिस-मानिसबीच कुनै भेदभाव र छुवाछुत छैन । विश्वकै सम्पूर्ण मानिसहरू एउटै आमा-बुवा (Adam & Eve) का सन्तान हुन् भनेर इस्लामले छुवाछुत र भेदभाव मुक्त

धर्म घोषित गरेको छ। उच्च आचरण र ईश-भय नै सर्वश्रेष्ठ व्यक्तिको आधार हो। जातपातको विभाजन एक अर्कालाई चिन्न र सघाउन मात्र हो।

विभिन्न वर्ण, भाषा र संस्कृतिहरू अल्लाहका वरदान, निशानी र अनौठो रचना हुन् भनेर कुर्आनमा घोषित गरिएको छ। अल्लाहले कुर्आनमा भन्नुभएको छ : "आकाश र धर्ती, तिमीहरूको विभिन्न वर्ण र भाषा ज्ञानी र विद्वानहरूका लागि अल्लाहका निशानी हुन्।" (कुर्आन : ३०/२२)


> इस्लाम ने मानवता के लिए ऐसी एक व्यवस्थित प्रणाली प्रस्तुत किया है कि जो दुनिया के किसी देश में मानव निर्मित संविधान और क़ानून से नहीं मिल सकता।



१९४८ इ० मा मानिसको समान हक-अधिकार, स्वतन्त्रता र मान मर्यादाको मुद्दालाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा प्रथम पटक जारी गरिएको थियो । तर इस्लाम धर्मग्रन्थ कुर्आनलाई अध्ययन गर्नुहुन्छ भने तपाईं छक्क पर्नुहुनेछ । इस्लामले आज भन्दा १४०० वर्ष पहिला नै मानव अधिकारको घोषणापत्र जारी गरेको थियो । अन्तिम दूत मुहम्मद (स.) ले अरफातको मैदानमा एक लाख भन्दा बढी तीर्थयात्रीहरूलाई सम्बोधन गर्दै भन्नुभएको थियो : “हे मानिसहरू हो, हामीहरू समान हौं, हाम्रो ईश्वर एक (अल्लाह) हुनुहुन्छ र हाम्रो पुर्खा एक (आदम) हुन् । सुन, कुनै अरबीलाई गैर अरबीमाथि र कुनै गोरोलाई कालोमाथि प्राथमिकता छैन । उत्कृष्ट व्यक्ति त्यो हो जो अल्लाहसित डराउँछ ।” (अहमद : २३४८९)



६३० इ०



**मुहम्मद (स.), ईश्वरका अन्तिम दूत हुन्**

“हे मानिसहरू हो, हामीहरू समान हौं, हाम्रो ईश्वर एक (अल्लाह) हुनुहुन्छ र हाम्रो पुर्खा एक (आदम) हुन् । सुन, अरबीलाई गैर अरबीमाथि र गोरोलाई कालोमाथि कुनै प्राथमिकता छैन । उत्कृष्ट व्यक्ति त्यो हो जो अल्लाहसित डराउँछ ।”

१९४८ इ०

**मानिसको समान हक-अधिकार**, स्वतन्त्रता र मान मर्यादालाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा प्रथम पटक १९४८ इ० मा जारी गरिएको थियो ।

## वातावरण संरक्षण आस्थाको एक पाटो हो :

केही शास्त्रीहरूले मानिसलाई यो पृथ्वीको एकलौटी मालिक घोषित गरेका छन् । ऊ आफ्नो चाहना र मर्जीले जे पनि गर्न सक्छ, यहाँसम्म कि ऊ आफ्नो खुशीको लागि यो पृथ्वीका केही अंश वा केही प्राणीहरूलाई बर्बाद पार्न पनि सक्छ । यसको विपरीत केही शास्त्रीहरूले मानिसलाई पृथ्वीमा रहेका करोडौं प्राणीहरूमध्येका एक सामान्य प्राणी भनेका छन् । त्यसो भए पृथ्वी र मानवको सम्बन्धबारे इस्लामको दृष्टिकोण के हो त ?

इस्लामले पृथ्वी र मानव बीच आस्था र सिद्धान्तको गहिरो सम्बन्ध छ भनेर परिभाषित गरेको छ । पृथ्वीमा रहने सम्पूर्ण जनावर, चराचुरुङ्गी र प्राकृतिक श्रोत र साधनहरूबीच मानिसको सम्बन्धलाई प्रगाढ गर्न विभिन्न विधान र प्रावधानहरू तयार पारिएको छ ।

कुर्आनमा ब्याख्या गरिएको पृथ्वी र मानव बीचको सन्तुलित सम्बन्धले दर्शनशास्त्रका अनुसन्धानकर्ताहरूको ध्यान आकर्षण गरेको छ । अल्लाहले मानवलाई सम्पूर्ण प्राणीहरूमध्येका सर्वश्रेष्ठ प्राणी घोषित गरेर अन्य प्राणीहरूमाथि प्राथमिकता प्रदान गर्नु भएको छ । (कुर्आन : १७/२३) यो पृथ्वी र वरपरका सम्पूर्ण चिजबिजहरू मानवकै फाइदाका लागि सृष्टि गरिएका छन् । (कुर्आन : १४/३२-३३) त्यसैले मानव पृथ्वीमा रहेका करोडौं प्राणीहरू जस्तै सामान्य प्राणी मात्र नभई सर्वश्रेष्ठ र सम्मानित प्राणी हो र मानिसकै फाइदाको लागि पृथ्वी बनाइएको छ । (कुर्आन : २/२९)

तर सर्वश्रेष्ठ हुनको अर्थ यो होइन कि मानिसले आफ्नो खुशीको लागि यो पृथ्वी, वरपरका प्राणीहरू र प्राकृतिक श्रोत र साधनहरूलाई बर्बाद पारुन् । किनभने यसको असली मालिक अल्लाह हुन् । मानिसले यो पृथ्वी, वरपरका प्राणीहरू र प्राकृतिक श्रोत र साधनहरूलाई तहसनहस नगरीकन यसबाट लाभान्वित हुने मात्र हो । बरू मानिसले वातावरण संरक्षणमा ठूलो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । (कुर्आन : २/३०, ११/६१)

पृथ्वी, प्राकृतिक श्रोत र साधनसित मानिसको सम्बन्धलाई प्रगाढ गर्न इस्लाममा सैयौं विधि-विधान र प्रावधानहरू छन्, तीमध्येका केही यस प्रकार छन् :

### १) पशु संरक्षण:


अन्तिम दूत मुहम्मद (स.) ले कैयौं उपदेशहरूमा पशु अधिकार र संरक्षणप्रति निकैनै प्रेरित गर्नु भएको छ। उहाँले जनावरप्रतिको राम्रो व्यवहार र हेरचाहलाई उत्कृष्ट कर्म र पशुप्रतिको ज्यादती र क्रूरतालाई घृणित कार्य तथा नर्कमा चरम यातना दिइनेछ भनेर पशु अधिकार र संरक्षणप्रति ठूलो टेवा पुर्याउनु भएको छ।

१८२४ इ० मा पहिलो पटक ब्रिटेनमा पशु अधिकारको लागि Royal Society for Animal Rights नामी संस्थाको स्थापना भयो । यसरी नै १९४९ इ० मा ब्रिटेनमै पशुप्रतिको ज्यादती र क्रूरतालाई रोक लगाइयो। तर इस्लामले १४ शताब्दी पहिला नै पशु अधिकार, पशुप्रतिको ज्यादती र क्रूरतालाई अवैध घोषित गरी यसलाई ठूलो अपराधको संज्ञा दिएको छ । यसका कैयौं उदाहरणहरू मुहम्मद (स.) को उपदेशहरूमा पाउन सकिन्छ, जसतै : उहाँले पशुलाई भोकभोकै राख्नु, यातना दिनु, शक्ति भन्दा बढी भाडी बोकाउनु, पशु जुधाउने खेलको आयोजना गरी मज्जा लिनु, पशुको अनुहारमा हिर्काउनु इत्यादि कार्यहरूलाई अवैध गर्नुका साथै पापको संज्ञा दिनु भएको छ । यसको विस्तृत जानकारीको लागि अन्य इस्लामी पुस्तकहरू अध्ययन गर्नुहोस्।

पशुप्रतिको संरक्षण र मायामाथि इस्लामले कति जोड दिएको छ, त्यसलाई मुहम्मद (स.) को निम्न उपदेशबाट थाहा पाउन सकिन्छ। मुहम्मद (स.) ले भन्नुभएको छ : “देह व्यपार गर्ने महिलाले बाटोमा तिर्खाले छटपटाइरहेको एउटा कुकुरलाई देखिन् र उनको मनमा त्यो कुकुरप्रति दया पलायो। उसले कुवाबाट छालाको मोजामा पानी भरेर कुकुरलाई पिलाइन्। देह व्यपार, इस्लामले अवैध गरेको कार्यहरूमध्येका सबैभन्दा घृणित कार्य हो, तै पनि अल्लाहले ती महिलाको कुकुरप्रतिको दयालाई एकदम मन पराउनु भयो र उनका सम्पूर्ण पापहरूलाई पखालि दिनुभयो।”




इस्लामले ६३२ इ० मा नै पशुलाई भोकभोकै राख्नु, यातना दिनु, शक्ति भन्दा बढी भाडी बोकाउनु र पशुप्रतिको क्रूरतालाई अवैध गरेको थियो।



पशु अधिकारको पहिलो सोसाइटी १८२४ इ० मा स्थापना भएको थियो।



पशुप्रतिको ज्यादतीलाई रोक लगाउने कानुन प्रथम पटक १९४९ इ० मा ब्रिटेनमा पारित गरिएको थियो।





## २) बोटबिरुवा संरक्षण :

इस्लामले कृषि विकास, वृक्ष रोपण र बोटबिरुवाको हेरचाह गर्ने प्रेरणा दिएको छ । चाहे त्यो व्यक्तिगत फाइदाको लागि होस् वा सिङ्गो समाज, राष्ट्र र पृथ्वीकै लागि किन नहोस् !

मुहम्मद (स.) ले भन्नुभएको छ : "यदि कसैले खेतीपाती गर्छ वा पृथ्वीको संरक्षण गर्ने कार्यहरूमा सहयोग पुर्याउँछ, जसबाट चराचुरुङ्गी, जनावर र मानिसले केही टिपेर खान्छ भने त्यो उसको लागि दान हुनेछ ।" (बुखारी : २३२०)

मुहम्मद (स.) ले कठिन परिस्थितिमा पनि बोटबिरुवा संरक्षण, वातावरणको हेरचाह गर्न, भूमि निर्माण र कृषि विकासमा लागिपर्न प्रेरित गर्नु भएको छ । उहाँले भन्नुभएको छ: "यदि महाप्रलय नै आयो र तिम्रो हातमा बिरुवा छ भने त्यसलाई सकेसम्म रोप्ने प्रयास गर, तिमीले यसबाट स्वयम् फाइदा उठाउन नपाए पनि यो तिम्रो लागि दान साबित हुनेछ।" (अहमद : १२९८१)

त्यसैले इस्लामले कठिन परिस्थितिमा पनि पर्यावरणको हेरचाह गर्न, भूमि निर्माण र कृषि विकासमा लागिपर्नलाई जीवनको महत्वपूर्ण उद्देश्य र उत्कृष्ट सत्कर्म घोषित गरेको छ ।





### ३) प्राकृतिक श्रोतको संरक्षण :

इस्लामले वातावरणको संरक्षण गर्न, प्राकृतिक श्रोत र साधनलाई प्रदूषित वा भ्रष्ट हुनबाट जोगाउन आदेश दिएको छ। मानिसहरूलाई जागरुक गर्नका लागि सचेत कार्यक्रम (उपचार गर्नु अघि रोकथाम) प्रस्तुत गरेको छ, जस्तै- व्यक्तिगतरूपमा सफा-सुग्घर रहनु, आफ्नो वरपरलाई स्वच्छ राख्नु, प्राकृतिक श्रोत र साधनको संरक्षण गर्नु, यसको प्रयोगमा फजुलखर्च नगर्नु इत्यादि। यसका केही उदाहरणहरू यस प्रकार छन् :

- प्राकृतिक श्रोत र साधनको प्रयोगमा फजुलखर्च अवैध गरिएको छ, जस्तै- पानी। मुस्लिमले सलाह पढ्नु भन्दा पहिला वजू गर्नु (दुवै हात, मुख, टाउको र दुवै खुट्टाहरूलाई विशेष तिरकाले सफा गरी चोखो हुनु) जरूरी छ, त्यसमा आवश्यकता भन्दा बढी पानीको प्रयोग अवैध गरिएको छ।

- इस्लामले सम्बन्धित निकाय र सरोकारवालाहरूलाई प्राकृतिक श्रोत र साधनहरूलाई थन्काएर राख्न र एकलौटी अधिकार जमाउन नदिन आदेश दिएको छ । किनभने यसरी प्राकृतिक श्रोत र साधनको दुरूपयोग हुन्छ र सर्वसाधारणले ठूलो अभाव र क्षति बेहोर्नु पर्छ । त्यसैले खानपिनका सामग्रीहरू, औषधि उपचार, जनावरले खाने दाना पानी इत्यादि थन्काएर राख्न अवैध गरिएको छ । (अबू-दाऊद :३४७७ )
- त्यस्तै इस्लाममा वातवरण प्रदूषित गर्ने सम्पूर्ण कुराहरू अवैध गरिएको छ, जस्तै- जम्मा गरिएको पानीमा पिसाब गर्नु, किनभने पानी मानिसको लागि अपरिहार्य वस्तु हो। बाटोघाटो, चौतारी र छहारीहरूमा दिसा-पिसाब गर्नु अवैध गरिएको छ । किनभने बाटोघाटोमा मानिस दिनहुँ हिंडिरहेको हुन्छ र छहारीहरूमा बटुवाहरू एक छिनको लागि भने पनि विश्राम गर्दछन् ।

**यी त केही** उदाहरणहरू मात्र हुन् । अन्तिम दूतले सिङ्गो समाजलाई सफा र स्वच्छ राख्ने आदेश दिनु भएको छ । उहाँले बाटोघाटोबाट हानिकारक वस्तुलाई हटाउने कार्यलाई सत्कर्म मात्र होइन बरू आस्थाको एउटा पाटो घोषित गर्नु भएको छ । (मुस्लिम : ३५)

> पर्यावरण की देख-भाल करना और प्रदूषण से शुद्धीकरण में योगदान करना ईमान का हिस्सा है जैसा कि रसूल (स.) ने कहा है ।



**ज्ञानको धर्म :**


कुर्आनको प्रथम शब्द ‘इक्रा’ (पढ) संयोगवश अवतरण गरिएको होइन । यसबाट स्वतः ज्ञान-विज्ञानको महत्व छर्लङ्ग हुन्छ । पवित्र ग्रन्थ कुर्आन र दूत मुहम्मद (स.) को उपदेशहरूमा मानव विकासका लागि हरेक प्रकारको महत्वपूर्ण र लाभदायक ज्ञानलाई सिक्नुपर्छ भनेर उल्लेख गरिएको छ । यहाँसम्म कि जुन व्यक्ति इस्लामी ज्ञान सिक्ने उद्देश्यले घरबाहिर पाइला टेक्छ, ऊ स्वर्गको बाटोमा हिडिरहेको हुन्छ । दूत मुहम्मद (स.) ले भन्नुभएको छ : “जो ज्ञान हासिल गर्न घरबाहिर निस्कन्छ, अल्लाहले उसको लागि स्वर्गको बाटो सहज बनाई दिनुहुन्छ ।” (मुस्लिम : २६९९)

दूतले धर्म गुरूहरूको स्थान दर्शाउँदै भन्नुभएको छ : “तिमीहरूमध्येको एउटा सामान्य व्यक्तिको तुलनामा मेरो जुन स्थान छ, त्यही स्थान एउटा सामान्य भक्तको तुलनामा धर्म गुरूको छ।” (तिर्मिजी :२६८५ )

त्यसैले इस्लाम र विज्ञान बीच कुनै मतभेद छैन । इस्लाम ज्ञान-विज्ञानको प्रथम खुड्किलो हो । तर अन्य धर्ममा विज्ञान र धर्मबीच चर्को युद्ध देखिन्छ। विशेषगरी Dark Ages वैज्ञानिकहरूको लागि काल नै थियो। त्यसैले इस्लाम प्राकृतिक धर्म हो । यसले मानव जातिलाई फाइदा पुर्याउने सबै खाले शिक्षा सिक्न प्रेरित गर्दछ। यसको उदाहरण आज पनि इस्लामी विश्वविद्यालय र मस्जिदहरूमा देख्न सकिन्छ।

प्राकृतिक विज्ञानका धेरैजसो वैज्ञानिकहरू मुस्लिम थिए । उनीहरूले विज्ञानमा पाइला टेक्नु भन्दा पहिला सर्वप्रथम कुर्आनलाई कण्ठ पारे र यसको पूर्ण ज्ञान प्राप्त गरेपछि आ-आफ्नो विषय र क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गरी सबैलाई चकित पारे।

अल्लाहले मानिसहरूलाई राम्रो कुरा सिकाउने धर्मगुरूलाई उच्च दर्जा दिनु भएको छ। मुहम्मद (स.) ले भन्नुभएको छ : “मानिसहरूलाई राम्रो कुरा सिकाउने धर्म गुरूहरूका लागि सम्पूर्ण प्राणीहरूले प्रार्थना गर्दछन्।” (तिर्मिजी : २६८५)



LAUNCHING CURiOSiTY CLICK HERE

> धेरैजसो मुस्लिम वैज्ञानिक र चिकित्सकहरूले विज्ञान शास्त्रमा पाइला टेक्नु भन्दा अघि कुर्आनलाई ज्ञानको पहिलो आधार बनाएका थिए।

## केही मुस्लिम वैज्ञानिकहरू :



१) **अल-खुवारिज्मी** (७९०-८५० बगदाद): उनी गणितीय तथा खगोल विज्ञानका वरिष्ठ वैज्ञानिक र algebra का संस्थापक थिए। उनले लेखेका किताबहरू एकदम छोटो समयमा विभिन्न अन्तर्राष्ट्रिय भाषाहरूमा अनुवाद भएको थियो। algebra र Zero (शून्य) जस्ता अरबी शब्दहरू उनकै प्रयासले लैटिन भाषामा समावेश गरिएको थियो।






२) **बोटबिरुवा संरक्षण** (९६५-१०४० काहिरा): उनी भौतिक विज्ञानका वरिष्ठ वैज्ञानिक थिए । उनले लामो समयसम्म विश्व प्रसिद्ध अजहर विश्व विद्यालयमा आबद्ध भएर काम गरे । प्रकाश रसायन विज्ञान अर्थात लेन्स तथा ओप्टिकलको क्षेत्रमा ठूलो योगदान दिए । क्यामेराको आविष्कार उनकै देन हो । यसको श्रेय उनलाई नै जान्छ । क्यामेरा अरबी शब्द 'कुम्रह' बाट लिइएको हो । किनभने उनले नै 'प्रकाश कक्ष' को आविष्कार गरेका थिए ।





३) **बोटबिरुवा संरक्षण** (९७३-१०४८ अल-खावारिज्म) : उनी खगोल विज्ञानका वरिष्ठ वैज्ञानिक थिए। पृथ्वी आफ्नो अक्ष वरिपरि घुमिरहेको र पृथ्वीको गुरूत्वाकर्षण शक्ति सम्बन्धि तथ्य प्रथम पटक उनले नै घोषणा गरेका थिए।





४) **बोटबिरुवा संरक्षण** (९३६-१०१३ स्पेन) : उनी वरिष्ठ डाक्टर र सर्जन थिए। शल्य चिकित्साको विकासमा उनको महत्वपूर्ण योगदान रहेको छ। उनले धेरै शल्य चिकित्सा उपकरणहरू आविष्कार गरे र आफ्नो पुस्तकहरूमा पनि वर्णन गरे। यहाँसम्म कि उनका पुस्तकहरू चिकित्सा र सर्जरीको प्रमुख श्रोत बन्न पुगे र चलनचल्तीमा रहेका विभिन्न भाषाहरूमा त्यसको अनुवाद भयो।



५) **बोटबिरुवा संरक्षण** (९८०-१०३७ बुखारा) : उनी वैज्ञानिक सर्कलको प्रसिद्ध चिकित्सक र दार्शनिक भनेर चिनिने Avicenna हुन् । उनले चिकित्सा विज्ञानमा रोगहरूको पहिचान र उपचारका अनेकौं प्रभावकारी तरिकाहरू आविष्कार गरेका छन् । उनले गरेको अनुसन्धान र प्रस्तुति चिकित्सा विज्ञानमा सबैभन्दा उच्च स्थानमा छ । यो अनुसन्धान त्यतिबेला उसको एउटा महत्वपूर्ण आविष्कार थियो र आजसम्म हाम्रो माझमा बाँकी छ । (अल-कानून) नामी किताब उनको महत्वपूर्ण कृति हो । जुन ७ औं शताब्दीसम्म औषधि उपचार र प्रशिक्षणको मुख्य श्रोत थियो र १७ औं शताब्दीसम्म युरोप र बेलायतका कैयौं विश्वविद्यालयहरूमा पाठ्यपुस्तकको रूपमा अनिवार्य गरिएको थियो ।


जनमानसमा वरिष्ठ डाक्टर भनेर परिचित भएपछि, उनले नि: शुल्क उपचारको अभियान चलाए । विज्ञान र चिकित्साको वरदान पाएकोमा सधैं अल्लाहको कृतज्ञता व्यक्त गर्ने गर्थे ।



६) **बोटबिरुवा संरक्षण** (१२१३-१२८८ दिमशक) : उनी इस्लाम र न्यायशास्त्रको प्रसिद्ध विद्वान हुनका साथै जीव विज्ञानमा इतिहासकै वरिष्ठ चिकित्सक र वैज्ञानिक थिए । उनले नै सूक्ष्म रक्तसंचालनमा पाइने विभिन्न समस्याहरू तथा त्यसको प्रभावकारी उपचार गर्ने सिद्धान्तहरू विकास गरेका थिए । उनका कैयौं सिद्धान्तहरूले अझै पनि चिकित्सा विज्ञानमा ठूलो योगदान पुर्याई रहेका छन् ।



## इस्लाम सम्पूर्ण जीवन व्यवस्था हो :



इस्लाम अन्य धर्महरू झैं केवल धार्मिक आस्था र केही सामान्य नैतिक निर्देशन मात्र होइन भन्ने कुरा थाहा पाइसकेपछि धेरै मानिसहरू आश्चर्य चकित हुन्छन् ।

**वास्तवमा,** इस्लाम मस्जिदमा सलाह पढ्ने वा प्रार्थना गर्ने कुनै आध्यात्मिक कुरा मात्र होइन ... ।

मुस्लिमहरूले मात्र अनुसरण गर्नु पर्ने कुनै खास आस्था, विचारधारा र दार्शनिक कुरा मात्र होइन ... ।

कुनै आर्थिक प्रणाली वा एकीकृत वातावरण मात्र होइन ... ।

सभ्य समाज र विकसित राष्ट्र निर्माण गर्ने कुनै ऐन र प्राकृतिक सिद्धान्त मात्र होइन ... ।



**आचरण,** आदर्श र अरूसँग व्यवहार गर्ने कुनै कला मात्र होइन ... ।

बरू, इस्लाम सम्पूर्ण जीवन व्यवस्था हो । यसले जीवनसँग सम्बन्धित आशा-अभिलाषा र सम्पूर्ण पक्षहरूलाई समेटेको छ । इस्लामले रचनात्मक कार्यक्रम, सभ्य समाज र समृद्ध राष्ट्रको निर्माणमा ठूलो योगदान पुर्याएको छ । त्यसैले पवित्र ग्रन्थ कुर्आनमा इस्लामलाई संसारको अमूल्य वरदान घोषित गरिएको छ (कुर्आन : ५/३)

**एउटा** गैर-मुस्लिमले इस्लामको अपमान गर्दै र खिल्ली उडाउँदै वरिष्ठ सहाबी ‘सलमान फारसी’ लाई सोध्यो : “के तिम्रो गुरूले तिमीहरूलाई सबै कुराहरू सिकाउनु हुन्छ ? यहाँसम्म कि दिसा-पिसाब गर्ने तरिका पनि ? उनले जवाफमा भने- “हो, उहाँले हामीलाई दिसा-पिसाब गर्ने तरिकासमेत सिकाउनु हुन्छ। त्यसपछि उनले प्रश्नकर्तालाई यस विषयमा इस्लामको नियम र यसको शिष्टाचारको जानकारी दिए।” (मुस्लिम : २६२)

> इस्लाम पूरे जीवन प्रणाली का नाम है, जिसने तमाम पहलुओं को एकत्रित किया।

## लोक-परलोक :

एकातिर प्राचीनकालका मिश्रीहरू मृतकको अन्तिम संस्कार गर्दा उसका सम्पूर्ण बहुमूल्य सम्पत्तिहरू लाशसँगै चिहानमा गाढी दिन्थे। मृतकलाई मृत्युपछिको जीवनमा काम लाग्छ भन्ने उनीहरूको सोच थियो।

अर्कोतिर, तिब्बती समुदायहरूमा मृतकको शरीरलाई टुक्रा-टुक्रा पारी कुनै उच्च स्थानमा राखेर चरा र गिद्धहरूलाई खुवाउने प्रथा थियो। हिन्दू समाजमा मृतकलाई चितामा आगो लगाई खरानी पार्ने प्रथा अझै बाँकी छ। किनभने चितामा जलाई अन्तेष्टि गर्नाले मृतकको आत्माले शान्ति पाउँछ भन्ने उनीहरूको आस्था रहेको छ।

**मृतकको** अन्तिम संस्कार र विदाई गर्ने विभिन्न तरिकाहरू मध्येका यी केही उदाहरणहरू मात्र हुन्। जुन आस्था र धर्मको आधारमा विभिन्न समय र स्थानहरूमा फरक-फरक देखिएको छ। यहाँ केही महत्वपूर्ण र विवेकपूर्ण प्रश्नहरू छन्, जुन प्रश्नहरूको जवाफ हामी सबैलाई थाहा हुनु जरूरी छ। के यो जीवनपछि कुनै अर्को जीवन छ ? छ भने कस्तो खालको जीवन हो ? त्यो जीवनमा सफलता प्राप्त गर्न के गर्नु पर्ला ?



**मृत्यु एउटा** यस्तो कटु सत्य हो, जसलाई आजसम्म कसैले पनि अस्वीकार गर्न सकेको छैन । यसले बिना अपवाद सबैलाई पर्खिरहेको छ र जुन पलमा जसको पालो हुन्छ उसले यो भौतिक जीवन त्याग्नै पर्छ । चाहे त्यो मृत्यु पश्चातको जीवनको तयारी गर्ने व्यक्ति होस् वा निस्फिक्री व्यक्ति होस् । आस्तिक होस् वा नास्तिक । चाहे त्यो कहालीलाग्दो पलको तयारीको अवस्था रहेको व्यक्ति होस् वा त्यो पललाई नकार्ने वा बिर्सिन चाहने व्यक्ति होस् । एक दिन सबैले यो संसारबाट विदा हुनै पर्छ ।

**यी प्रश्नहरू** जसले हाम्रो लापरवाही र विलासी जीवनको प्रतिरोध गर्दै हामीलाई घच्घच्याई रहन्छन् । के मृत्यु नै हाम्रो जीवनको अन्त हो ? के मृत्युपछि कुनै अर्को जीवन छैन ? ईश्वरले हामीलाई मोजमस्ती र मनोरञ्जन गर्न नै सृष्टि गर्नु भएको हो त ? के हाम्रो जीवन उदेश्यविहीन छ त ?

> मृत्यु एक महान सच्चाई है जिसपर सब लोग सहमत हैं और बिना अपवाद के हर किसी का इंतेज़ार कर रही है, चाहे हम दूसरे जीवन पर विश्वास रखते हों अथवा हमारा हिसाब-किताब हमारी इंद्रियों को छूने तक सिमित है..

एउटा यस्तो प्रश्न जुन हाम्रो दिमागमा बारम्बार आइरहन्छ र कुर्आनमा यसलाई कैयौं पटक विभिन्न शैलीमा सोधिएको छ। त्यो के हो भने सत्य ईश्वरमाथि आस्था नराख्ने धेरै मानिसहरू प्रलयको दिन आफूलाई दोषी ठान्दै र पछुताउँदै भन्ने छन् : “यदि मैले मृत्यु पश्चातको जीवनको लागि सत्य ईश्वरमाथि आस्था राखेको भए, यो नर्कमा होमिनु पर्ने थिएन होला” (कुर्आन : ८९/२४) र अर्कोले भन्नेछ, “यदि म मानिस नभई केवल धूलो भइ दिएको भए, आज मेरो हिसाबकिताब हुने थिएन होला।” (कुर्आन : ७८/४०)

**मुस्लिम र** अन्य आकाशीय धर्मग्रन्थ प्राप्त समुदायहरू मृत्यु पश्चात प्रलयको दिन र स्वर्ग र नर्कमाथि आस्था राख्छन्। किनभने यो नै सम्पूर्ण दूतहरूको सन्देशको सार र खुलासा हो । बुद्धि र विवेकले पनि यसलाई पुष्टि गर्दछ। यदि पीडितले न्याय, अपराधीले सजाय र सत्कर्मीले राम्रो प्रतिफल पाउदैनन् भने धर्म-कर्म र उच्च आचरणको के अर्थ ? त्यसैले सत्य ईश्वर, मृत्यु पश्चात प्रलयको दिन र स्वर्ग र नर्कमाथि आस्था राख्नु जीवनको अपरिहार्य पाटो हो।

धर्म र उपासनालाई नोकरी गर्नु, व्यापार गर्नु, खुशी मनाउनु र राष्ट्रको विकासको लागि अग्रसर हुनुसँग जोड्नु संभव छैन भन्ने केही व्यक्तिहरूको धारणा रहेके छ। उनीहरूको भनाई अनुसार या त दुनियाँको लागि काम गर या धर्मको लागि। जसरी दिन-रात एकैसाथ संभव छैन त्यसरी नै यी दुवै एकसाथ कदापि संभव छैन भन्ने उनीहरूको सोच छ ...।

> सभी आकाशीय धर्म परलोक के जीवन पर विश्वास रखते हैं और इस बात पर भी कि वहाँ लोगों को उनके कर्मों के अनुसार इनाम और सज़ा दी जाएगी।

**उपासना र भौतिक** आनन्द बीच इस्लाममा कुनै बाधा र विरोधाभास छैन भन्ने कुरा थाहा हुने बित्तिकै धेरै मानिसहरू आश्चर्यचकित हुन्छन्। दूत मुहम्मद (स.) ले सत्कर्म र भौतिक आनन्दबीच इस्लामको सिद्धान्तलाई प्रष्ट पार्दै भन्नुभएको छ : "यदि कोही पुण्यको नीयतले जुनसुकै वैध काम गर्छ भने उसलाई पुण्य प्राप्त हुन्छ, जस्तै- बाटोघाटोबाट काँडा हटाई दिनु। यहाँसम्म कि कोही मायाले आफ्नो श्रीमतीलाई एक गाँस खाना खुवाइ दिन्छ भने त्यसमा पनि पुण्य निहित छ।" (बुखारी : ५६)

दूत मुहम्मद (स.) ले सत्कर्म र पुण्यको वर्णन गर्ने क्रममा आफ्ना साथीहरूलाई उपदेश दिदै भन्नुभयो : "सत्कर्मका ढोकाहरू सधैं खुला र अनन्त छन्। जब तिमीहरू आफ्नो श्रीमतीसँग शारीरिक सम्बन्ध राख्छौ त्यो पनि पुण्य हो। उहाँका साथीहरूले अचम्म मान्दै प्रश्न गरे- यौन तृष्णा मेटाउँदा पनि पुण्य ?


उहाँले सम्झाउने क्रममा उल्टै साथीहरूलाई सोध्नुभयो : ल भन, यदि कोही गलत तरिकाले यौन तृष्णा पुरा गर्छ भने के यो पाप होइन ? उनीहरूले जवाफ दिए- पाप हो। हो, त्यसैले सही र जायज तरिकाले आफ्नो श्रीमतीसँग यौन तृष्णा मेटाउँदा उसले पुण्य पाउनेछ।" (मुस्लिम : १०६)

**इस्लामले सत्कर्म र** भौतिक आनन्द, उपासना र रोजीरोटी बीच सन्तुलन कायम गरेको कुरा कुर्आनमा चित्रण गरिएको छ। इस्लामले उपासना गर्न आह्वान गर्छ भने उपासनापछि अल्लाहको फराकिलो धर्तीमा रोजीरोटी कमाउन पनि प्रेरित गर्दछ र दुवैमा पुण्य निहित छ। (कुर्आन : ६७/९-१०) किनभने जसरी सलाह पढ्नु, ब्रत बस्नु र गरिबहरूलाई दान दिनु उपासना हो। त्यसरी नै मुस्लिमको दिनचर्या, खानु, पिउनु, सुत्नु, उठ्नु, आफ्नो घरपरिवारसँग उच्च व्यवहार गर्नु, बालबालिकाको राम्रोसँग हेरचाह गर्नु, खर्च गर्नु, उत्तम शिक्षा दिनु, राष्ट्रिय निर्माणमा अग्रसर हुनु, सभ्य समाजको निर्माण गर्नु इत्यादि सबै उपासना हुन्।

> क़ुरआन संतुलन पर ज़ोर देता है, एक ही समय में लोगों को पूजा और उपासना पर उभारा जाता है ताकि परलोक में उसका अच्छा बदला मिले तो वहीं अल्लाह के फ़ज़्ल से दुनिया प्राप्त करने पर भी ज़ोर देता है।

**मुस्लिमको** आत्म सन्तुष्टि र आन्तरिक शान्तिका रहस्यहरूमध्येको एउटा ठूलो रहस्य यही उपासना हो। किनभने इस्लाममा लोक-परलोक दुवैलाई सन्तुलित गरिएको छ। स्मरण रहोस् यसमा कुनै मतभेद छैन बरू एकले अर्कोलाई पारस्परिक सहयोग गर्दछ।

**त्यसैले** मुस्लिमको सम्पूर्ण जीवन नै उपासना हो भनेर कुर्आनमा घोषणा गरिएको छ। अर्थात मुस्लिमको सलाह, दान र ब्रत मात्रै उपासना होइन बरू उसको जीवनका पल-पल उपासना हो। मृत्यु पश्चात मानिसको सम्पूर्ण कर्मको लेखाजोखा हुनेछ र कर्म अनुसार प्रतिफल पाउने छ। त्यसैले मुस्लिमले आल्लाहको आदेशको पालना गर्दछ र उहाँकै आदेश अनुसार जीवन यापन गर्दछ।





## मेलमिलाप र भाइचाराको धर्म :

मुस्लिम पर्यटक अहमद बिन फज्लान डेनमार्क, स्क्यान्डेनेभियन र रूसका धेरैजसो राज्यहरूका भ्रमण गरेका थिए । त्यहाँका मानिसहरूको जीवन शैली, समाजको स्वभाव र वास्तविकताको विश्लेषण विश्व सामु सही र सटीक ढंगले प्रस्तुत गर्ने प्रथम व्यक्ति उहाँ नै थिए।

९२१ इ० मा अहमद बिन फज्लानले मध्य युगमा सांस्कृतिक संचारको एउटा ऐतिहासिक भ्रमण गरेका थिए। उनले विज्ञान र सभ्यताको राजधानी 'बगदाद' देखि आफ्नो भ्रमणको शुरुवात गर्दै विश्वका कैयौं देशहरूको भ्रमण गरे। उनले त्यहाँको जीवन शैली, मानिसको दिनचर्यालाई नियालेर अवलोकन गर्ने मौका पाए। आफूले भ्रमण र अवलोकन गरेको सम्पूर्ण अनुभवहरूको दस्तावेज तयार पारे। जुन प्रथम पटक १९२३ इ० मा रूसमा पाइएको हस्तलिपि प्रतिलिपि अनुसार प्रकाशित भएको थियो।

अहमद बिन फज्लानको किताबको महत्वलाई दर्शाउँदै अमेरिकी वैज्ञानिक Michael Crichton भन्छन् : बगदादका मुस्लिमहरू आफ्ना आस्था र धर्मलाई राम्रोसँग पालन गर्ने गर्दथे। तैपनि उनीहरू अलग-अलग आस्था, व्यवहार र सिद्धान्त भएका अल्पसंख्यक गैर-मुस्लिमहरूका लागि एकदम नरम र खुल्ला सोचका थिए। ती गैर-मुस्लिमहरू एउटा क्षेत्रमा सीमित रहे तैपनि अन्तर्राष्ट्रिय समुदायमा साक्षी बन्न पुगे।

Michael Crichton (Eaters of the Dead)



इस्लामले फरक-फरक आस्था र संस्कृति भएका सम्पूर्ण मानिसहरूलाई समृद्ध र सभ्य राष्ट्र निर्माण कार्यका लागि आव्हान गर्दछ। त्यस्तै मानव हितका कार्य गर्न प्रोत्साहन, सुधार प्रबर्द्धन्, एक अर्कासँग मिलेर बस्न, स्वच्छ आचरण, उच्च विचार र भद्र व्यवहारको प्रदर्शन गर्न प्रेरित गर्दछ। समाजबाट अलग भएर एक्लै टाढा बस्नु र साथीभाइलाई बेवास्ता गर्नु धर्मप्रचारकको तरिका होइन भनेर इस्लामले सचेत गर्दछ। त्यसैले जुन व्यक्ति कुनै पनि समुदायमा आफ्ना छरछिमेकले दिएको दुःख र पीडालाई सहेर भए पनि मिलेर बस्छ, ऊ एक्लै बस्ने व्यक्ति भन्दा उत्तम हो भनेर मुहम्मद (स.) ले घोषणा गर्नु भएको छ। (इब्ने माजह : ४०३२)

# एक ईश्वर

इस्लामलाई आत्मसात गर्नको लागि सैद्धांतिक विश्वास मात्रै पर्याप्त छैन। स्वच्छ मनले अल्लाहमाथि आस्था राख्नु एकदमै जरूरी छ। जब सृष्टिकर्ता एउटै हुनुहुन्छ भने उपासना पनि उहाँको नै गर्नुपर्छ।



**अल्लाह शब्दको अर्थ यस प्रकार रहेको छ :**

- सत्य ईश्वर, किनभने ईश्वरलाई अरबी भाषामा अल्लाह भनिन्छ। जसको लागि सलाह पढिन्छ, ब्रत बसिन्छ र अन्य उपासनाहरू गरिन्छ।
- अति महान, किनभने सत्य ईश्वर; अल्लाह अति महान हुनुहुन्छ। उहाँको महानता, पवित्रता र महिमालाई जति व्याख्या गरे पनि कम नै हुन्छ।
- आपत विपतमा जोसित गुहार मागिन्छ र उसको कृपा र माया पाएपछि मन शान्त र खुशीले गदगद हुन्छ।

**अल्लाहको** बारेमा सही धारणा राख्न र उहाँमाथि लगाइएको गलत आरोपहरूबाट उहाँलाई पवित्र ठान्न कुर्आनले बारम्बार सचेत गरेको छ । किनभने उहाँ सम्पूर्ण प्रकारको कमीकमजोरीहरूबाट पवित्र हुनुहुन्छ ।

**अल्लाहले** बिना कुनै पूर्वाधार यो विशाल ब्रह्माण्डको सृष्टि र यसको प्रणालीलाई व्यवस्थित गर्नुभएको छ । उहाँको ज्ञान, मर्जी र कृपाले नै यो ब्रह्माण्ड चलेको छ । सम्पूर्ण प्राणीहरूमध्ये कुनै पनि स्त्रिजाती उहाँको ज्ञान, मर्जी र कृपा बिना नत गर्भ बोक्न सक्छ नत जन्म दिन नै । आकाशबाट एक थोपा पानी पनि उहाँको ज्ञान र मर्जी बिना पर्न सक्दैन । त्यस्तै दिन-रातको कुनै पनि क्षणमा यो विशाल ब्रह्माण्डको जुनसुकै कुनाकाप्चामा केही हुन्छ भने सबै उहाँकै ज्ञान र मर्जीले हुन्छ । (कुर्आन : ६/५९, ४१/४७)

उहाँका नाम र विशेषताहरू सबैभन्दा उत्कृष्ट, अतुलनीय र परिपूर्ण छन् । उहाँ कहिल्यै पराजित नहुने एकदमै शक्तिशाली हुनुहुन्छ । उहाँकै कृपाले यो सिङ्गो संसार मायाले ओतप्रोत छ । उहाँ महान र सर्वशक्तिमान हुनुहुन्छ । जसलाई कहिल्यै पनि थकान महसुस हुँदैन ।

केही मानिसहरूले अल्लाहमाथि महाअभियोग लगाउदै भने- उहाँले आकाश र पृथ्वीलाई ६ दिनमै सृष्टि गर्नुभयो र सातौं दिनमा विश्राम गर्नुभयो । अल्लाहले त्यो आरोपको खण्डन गर्दै भन्नुभएको छ : “हामीले आकाश र पृथ्वी र यी दुवैको बीचमा रहेका सम्पूर्ण चिजबिजहरूलाई ६ दिनमै सृष्टि गर्यौं र हामीलाई कुनै थकानले छोएन ।” (कुर्आन : ५०/३८) अल्लाह (सृष्टिकर्ता) लाई कसैले मानिस झैं ठानेर त्यस्तो आरोप लगाए, तर सत्य के छ भने सृष्टिकर्ता र सृष्टिमा कदापि समान विशेषता हुन सक्दैनन् । के

यो विशाल ब्रह्माण्डका सृष्टिकर्ता र करोडौं प्राणीहरूमध्येका एउटा प्राणी समान हुनसक्छ र ! "उहाँ जस्तो कोही छैन, उहाँ सर्वश्रोता र सर्वद्रष्टा हुनुहुन्छ ।" (कुर्आन : ४२/११)

**उहाँ सबैसँग** न्याय गर्नुहुन्छ । उहाँको न्याय र निसाफको झलक हामी आफ्नो जीवनमा देखिरहेका छौं । उहाँ कसैमाथि कण बराबर पनि अन्याय गर्नुहुन्न, तर प्राय मानिसहरू बुझ्दैनन् । जसरी एउटा बालक कहिलेकाहीं आफ्नो आमाबाबुका केही कार्य र निर्देशनलाई बुझ्दैनन् वा त्यसको व्याख्या गर्न सक्दैनन्, किनभने बालक र अभिभावक दुवैको बौद्धिक क्षमतामा ठूलो भिन्नता हुन्छ । त्यसरी नै मानिसहरू कहिलेकाहीं आफ्नो सृष्टिकर्ताको निर्देशन र बुद्धिलाई बुझ्न असमर्थ हुन्छ, तर उहाँ नत अन्याय गर्नुहुन्छ नत अन्यायलाई मन पराउनुहुन्छ ।

> इस्लामको सबैभन्दा महत्वपूर्ण विशेषता एकेश्वरवाद हो । सम्पूर्ण संदेष्टाहरूले एउटै ईश्वर 'अल्लाह' को उपासना गर्ने र उहाँको उपासनामा अरू कसैलाई साझेदार नबनाउने आह्वान गरेका थिए ।

**इस्लाममा** प्रवेश गर्नको लागि मात्र सैद्धांतिक विश्वास पर्याप्त हुँदैन । स्वच्छ मनले अल्लाहमाथि आस्था राख्नु जरूरी छ । जब अल्लाहले नै सारा संसारको सृष्टि गर्नुभएको हो भने उपासना पनि उहाँको मात्र नै गर्नुपर्छ, होइन र ? उहाँको उपासना गर्न देवीदेवता, प्रतिमा र सृष्टिको कुनै माध्यम चाहिंदैन । उहाँ आफ्नो भक्तदेखि एकदम नजिक हुनुहुन्छ । उहाँ हाम्रा सम्पूर्ण क्रियाकलापहरूदेखि अवगत हुनुहुन्छ र हाम्रो मनको कुरलाई बुझ्नुहुन्छ ।

**कुनै देशको** राजा वा राष्ट्रपतिले स्वयम् आफ्नो जनताको आवश्यकता आपूर्ति गर्न र दु:ख सुख बुझ्न सक्दैन । यदि कतै आपत विपत वा प्रकोप आइहाल्यो भने उद्धार कार्य गर्न र पर्याप्त राहत दिन सक्दैनन् । तर सर्वशक्तिमान ईश्वर (अल्लाह) यस पृथ्वीमा रहेका सम्पूर्ण सृष्टिहरूको अवस्थादेखि अवगत हुनुहुन्छ । उहाँबाट केही लुकेको छैन । उहाँलाई कसैको मद्दत पनि चाहिंदैन । उहाँले 'भई हाल' भनेर आदेश जारी गर्ने बित्तिकै भई हाल्छ । त्यसो भए उहाँ बाहेक अरूको आशा किन गर्ने त ?

जबसम्म कुनै मुस्लिमले आफ्नो सत्य ईश्वर (अल्लाह) सित आफ्नो दुखेसो पोख्दैन तबसम्म मन र मस्तिष्कमा सुख, शान्ति र समृद्धि प्राप्त हुँदैन । अल्लाह आफ्नो भक्तदेखि एकदमै नजिक हुनुहुन्छ र आफ्नो भक्तलाई अत्याधिक माया गर्नुहुन्छ । यदि कुनै भक्तले उहाँलाई गुहार्छ भने उसको गुहारलाई तत्काल सुन्नुहुन्छ र उहाँ सहर्षका साथ उसको आवश्यकता भन्दा कैयौं गुणा बढी वरदान प्रदान गर्नुहुन्छ ।
(कुर्आन : २/२८, २७/६२-६३ )

**एकेश्वरवाद** इस्लामको सबैभन्दा महत्वपूर्ण विशेषता हो । हामीले सम्पूर्ण प्रकारको उपासनाहरूलाई अनिवार्य रूपमा अल्लाहकै लागि खास गर्नुपर्छ । उहाँको पूजा उपासनामा अरू कसैलाई साझेदार बनाउनु महा-पाप हो । सम्पूर्ण संदेष्टाहरूले आ-आफ्ना समुदायलाई एउटै ईश्वर 'अल्लाह' को उपासना गर्ने र उहाँको उपासनामा अरू कसैलाई साझेदार नबनाउने आह्वान गरेका थिए । (कुर्आन : १६/३६) त्यसैले दूत, फरिशता, धर्मगुरू वा जतिसुकै ठूलो बाबा भएपनि कसैलाई उपासना गर्नु वा उसको लागि ढोग गर्नु जायज छैन, किनभने यी सबै अल्लाहका सृष्टि र भक्त हुन् । अल्लाह आफ्नो भक्तदेखि एकदम नजिक हुनुहुन्छ र उनीहरूको पुकारलाई सुन्नुहुन्छ ।

**जसले एकाग्र** भएर निस्वार्थ भावनाले अल्लाहको उपासना गर्छ, उसले शान्ति, समृद्धि र सुखमय जीवन प्राप्त गर्छ । उसको खुशीमा कसैको आँखा लाग्दैन। किनभने सत्य ईश्वरको उपासनाले तन र मन दुवैलाई एक प्रकारको अनौठो आनन्द र खुशी मिल्छ।



यो विशाल ब्रह्माण्डका प्रत्येक कुरा यहाँसम्म कि पानी पर्ने र पात झर्ने जस्ता प्राकृतिक गतिविधिहरू पनि अल्लाहकै आदेश र ज्ञानले हुन्छ भन्ने कुरालाई कुर्आनले पुष्टि गरेको छ।



LAUNCHING
CURiOSiTY
CLICK HERE

## सूरह एख्लास

कुर्आनको सबैभन्दा महान र प्रसिद्ध अध्याय 'सूरह एख्लास' को अर्थ पनि यही हो ।

- अल्लाह एक हुनुहुन्छ र उहाँको पूजा र उपासनामा कोही साझेदार छैनन् ।
- उहाँ एकदम सम्पन्न र परिपूर्ण हुनुहुन्छ । यस ब्रह्माण्डका सम्पूर्ण प्राणीहरू उहाँमाथि नै आश्रित छन् ।
- उहाँ नत कसैबाट जन्मिनुभएको छ, नत कोही उहाँबाट जन्मेको छ । उहाँ आदि र अनादि हुनुहुन्छ । उहाँ भन्दा पहिला कोही पनि थिएन ।
- उहाँको बराबरी वा उहाँ जस्तो कोही छैन, उहाँको जस्तो नाम र विशेषता अरू कसैको हुनै सक्दैन । उहाँ बाहेक सबै उहाँको सृष्टि र भक्त हुन् ।




## इस्लाम र प्राकृतिक सिद्धान्तमा केही विरोधाभास छैन

**युगौंदेखि** मानव समाजको बसोबास रहेको यो पृथ्वीलाई अल्लाहले एउटा एकदम सुक्ष्म कोष (cell) बाट सृष्टि गर्नुभयो । यो सानो सुक्ष्म कोष, जसलाई आजको विज्ञानको अत्याधुनिक सुक्ष्म दर्शक यन्त्रको माध्यमबाट पत्ता लगाउन सफल भयो । उहाँले यो विशाल पृथ्वीलाई एकदमै नियमित र व्यवस्थित तरिकाले चलाई रहनुभएको छ । सम्पूर्ण प्राकृतिक वैज्ञानिकहरूले यसको पुष्टि गर्दै भनेका छन्– 'यस व्यवस्थित प्रणालीमा अलिकति पनि असंतुलन र अवरोध भयो भने यो पृथ्वीको अविश्वसनीय विनाश र बर्बाद हुनेछ ।

**जुन सृष्टिकर्ताले** यो विशाल ब्रह्माण्डको सृष्टि र यसको प्रणालीलाई व्यवस्थित गर्नुभएको छ, उहाँलाई नै आफ्नो सृष्टिको लागि उपयुक्त नीतिनियमको ज्ञात छ भन्ने मुस्लिमको आस्था हुन्छ । उहाँले हाम्रो लागि सर्वोत्कृष्ट धर्म इस्लामलाई रोज्नु भएको छ । किनभने मानवको लागि यो भन्दा उत्तम कुनै अन्य धर्म छैन । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "सुन, जसले सिङ्गो संसारको सृष्टि गर्नुभएको छ, उहाँलाई नै आफ्नो सृष्टिको बारेमा अधिक ज्ञान छ । उहाँ त सुक्ष्मदर्शी र सुसूचित हुनुहुन्छ ।" (कुर्आन : ६७/१४)

LAUNCHING
CURiOSiTY
CLICK HERE



## इस्लाममा भक्त र प्रभुबीच कुनै माध्यम चाहिंदैन

धेरैजसो धर्महरूमा विशेष व्यक्ति (पण्डित, पूजारी, पादरी र धर्मगुरूहरू) लाई धार्मिक विशेषता र आध्यात्मिक अख्तियारहरू प्राप्त छन् । भक्तहरूको आस्था र उपासनालाई यिनीहरूको प्रसन्नता र सहमतिसँग जोडिएको छ । यिनीहरूलाई माध्यम नबनाइकन ईश्वरको उपासना समेत गर्न पाइदैन । किनभने यिनीहरूलाई अन्तरयामी मान्नका साथै भक्त र उसको प्रभुबीचका अपरिहार्य माध्यम मान्दछन् । यिनीहरूको कुराको उल्लंघन गर्नु भनेको आफ्नै खुट्टामा बन्चरो हान्नु सरह मानिन्छ ।

तर इस्लाम धर्ममा भक्त र उसको प्रभुबीच कुनै माध्यम चाहिंदैन । इस्लामले भक्त र प्रभुबीच रहेका आध्यात्मिक माध्यमबाट मानिसलाई स्वतन्त्र गरी मर्यादित र सम्मानित गरेको छ । मानिस जति महान र ज्ञानी भए पनि कुनै भक्त र उसको प्रभुबीच माध्यम बन्नै सक्दैन । अन्य व्यक्तिको उपासना, पश्चाताप र सुख शान्तिमा कसैको नत केही दखल चाहिन्छ नत माध्यम नै ।

> इस्लाम ने मनुष्य को सम्मान और उच्च स्थान दिया, इस्लाम ने भक्त और भगवान के बीच आध्यात्मिक माध्यम से लोगों को स्वतंत्र कर दिया है। यहाँ तक कि मानव की ख़ुशी, पूजा-उपासना और क्षमा-याचना में किसी भी व्यक्ति के दख़ल को सही नहीं ठहराया चाहे वह धार्मिक रूप से जितना भी महान हो।

त्यसैगरी इस्लामले धर्मग्रन्थ पढ्न, धर्मको ज्ञान हासिल गर्न र धर्मगुरू बन्न कुनै विशिष्ट समुदाय वा जातको लागि खास छैन भनेर भेदभावलाई अन्त्य गर्दै समानताको सन्देश दिएको छ । अल्लाहले सम्पूर्ण मुस्लिमहरूलाई धर्मग्रन्थ पढ्नुलाई उत्कृष्ट कार्यको संज्ञा दिदै यसलाई बुझेर आफ्नो जीवनमा उतार्न अनिवार्य गर्नुभएको छ। (कुर्आन : ३८/२९)

आस्था र उपासना भक्त र प्रभुबीचको कुरा हो। यसको लागि कुनै पुजारीलाई माध्यम बनाउनु पर्दैन। यस पृथ्वीमा कसैलाई कुनै दैवी शक्ति, क्षमा प्रदान गर्ने र प्रायश्चित स्वीकार गर्ने आध्यात्मिक अधिकार प्राप्त छैन। सत्य ईश्वर आफ्नो भक्तदेखि एकदम नजिक हुनहुन्छ। भक्तको दु:ख- सुखलाई बुझ्नुहुन्छ र भक्तको उपासनालाई स्वीकार गर्नुहुन्छ। जुनसुकै व्यक्तिले यदि स्वच्छ मनले प्रायश्चित गर्छ भने अल्लाहले तत्कालै क्षमा प्रदान गर्नुहुन्छ र उसका सम्पूर्ण पापहरूलाई पखालि दिनुहुन्छ। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "हे दूत, यदि मेरा भक्तहरू मेरो बारेमा सोध्छन् भने भनिदेऊ, म एकदम नजिक छु र बिन्ती गर्नेहरूको बिन्तीलाई स्वीकार गर्दछु। अतः उनीहरूले मलाई गुहारुन् र मप्रति आस्था राखुन्। ताकि उनीहरू सत्य मार्ग प्राप्त गर्न सकुन्।" (कुर्आन : २/१८६)





> स्वच्छ मनले प्रायश्चित गर्ने र गुहार्ने भक्तदेखि अल्लाह एकदम नजिक हुनुहुन्छ।

## के इस्लामलाई आत्मसात गर्न कुनै विशेष कार्य गर्नुपर्छ ?

इस्लाम धर्मलाई आत्मसात गर्नका लागि नत कुनै विशेष उपासना गर्नुपर्छ नत कुनै विशेष ठाउँ वा व्यक्ति विशेष नै चाहिन्छ । आफ्नो इच्छाले 'सत्य ईश्वर अल्लाह र उहाँको अन्तिम दूत मुहम्मद (स.) माथि स्वच्छ मनले आस्था राखेर जो कोही पनि मुस्लिम (ईश्वरको आज्ञाकारी भक्त) बन्न सक्छ । यसलाई अरबीमा 'शहादह' भनिन्छ । यी निम्न हुन् :

- **अश्हदु अल्ला इलाह इल्लल्लाह** (अर्थात म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूज्य छैन, अब उप्रान्त अल्लाहबाहेक म कुनै काल्पनिक ईश्वर अर्थात कुनै मूर्ति वा देवीदेवताको पूजा गर्ने छैन) ।
- **व अश्हदु अन्न मुहम्मदर् रसूलुल्लाह** (म गवाही दिन्छु, मुहम्मद (स.) अल्लाहका अन्तिम दूत हुनुहुन्छ, अब उप्रान्त उहाँको पूर्ण अनुसरण गर्नेछु र उहाँ बाहेक अरू कसैको अनुसरण गर्ने छैन) ।




# दूतको वास्तविकता



# अल्लाहले

अल्लाहले मानवलाई आफ्नो उपासनाको लागि सृष्टि गर्नु भएको छ। उहाँले मानवको मार्गदर्शनको लागि दूत र संदेष्टाहरू पठाउनु भयो। सम्पूर्ण दूत र संदेष्टाहरूले सत्य धर्म इस्लाम तिर आह्वान गरे। मूर्तिपूजा, सृष्टिपूजा, अन्धविश्वास र मिथ्या कुराहरूबाट सचेत गराए। उनीहरूको जीवन एउटा आदर्श र अतुलनीय उदाहरण थियो। ताकि दूतमाथि आस्था नराख्नमा केही बहाना नरहोस्। त्यसो भए यी दूतहरूको वास्तविकता के हो त ?



## सबै दूतहरू मानिस नै थिए :

सम्पूर्ण दूत र संदेष्टाहरू मानिस नै थिए भन्ने कुरालाई कुर्आनका कैयौं श्लोकहरूमा पुष्टि गरिएको छ। उनीहरू अरू मानिस भन्दा सर्वोत्कृष्ट, कर्मनिष्ठ, साहसी, सत्य र पवित्र थिए। त्यसैले अल्लाहले ती विशिष्ट व्यक्तिहरूलाई छनौट गर्नुभयो र ईश-दूत छनोट गर्नुभयो। अल्लाहले भन्नुभएको छ : “हे संदेष्टा भनिदेऊ, म तिमीहरू जस्तै एउटा मानिस हुँ। तर अल्लाहले ममाथि प्रकाशना (वही) पठाउनु हुन्छ।” (कुर्आन : १८/११०)

**अतः** सम्पूर्ण दूत र संदेष्टाहरू मानिस नै थिए। हाम्रो जन्म जसरी भयो उनीहरूको पनि त्यसरी नै भयो। हाम्रो मृत्यु जसरी हुन्छ, उनीहरूको पनि त्यसरी नै भयो। हामी जसरी बिरामी हुन्छौं, उनीहरू पनि त्यसरी नै बिरामी हुन्थे। हामी र उनीहरूबीच शारीरिक बनावट, भौतिक सुख, दु:ख र आवश्यकतामा केही फरक थिएन।

हामी र उनीहरूबीच फरक के छ भने उनीहरू ईश्वरका दूत हुन् । अल्लाहले उनीहरूलाई आफ्नो सन्देश र प्रकाशना (वही) पठाउनु हुन्थ्यो । तर ईश्वरमा पाइने गुणहरूमध्ये कुनै पनि गुण उनीहरूलाई प्राप्त थिएन ।

**अघिका** समुदायहरू दूतमाथि प्रकाशना (वही) उतारिएको कुरालाई लिएर निकै आश्चर्यचकित भए । अल्लाहले तिनीहरूको निन्दा गर्दै भन्नुभयो : "यसमा अचम्मको कुरा के नै छ र ! भक्तको मार्गदर्शन र ईश्वरको आदेश पुर्याउने सबैभन्दा भरपर्दो तरिका यही नै हो ।" (कुर्आन : १०/२)

## दूतहरूको मर्यादित तह :

अल्लाहले आफ्नो सन्देश पठाउनको लागि संसारकै सर्वोत्कृष्ट भक्तहरूलाई छनौट गर्नु भएको थियो । उनीहरू अरू मानिस भन्दा परिपक्व र पवित्र थिए । कुर्आनमा उनीहरूलाई सत्य, कर्मनिष्ठ र सम्पूर्ण मानिसहरूमध्ये सर्वोत्कृष्ट भक्त घोषित गरिएको छ (कुर्आन : ६/८४-८७)

> क़ुरआन इस बात की पुष्टि करता है कि सम्पूर्ण दूत मानव ही थे, अल्लाह ने उन्हें प्रकाशन और संदेशवाहक केलिए विशेष कर लिया था ।

**कथम** कदाचित उनीहरूबाट केही गल्ती हुन्थ्यो भने अल्लाहले उनीहरूलाई त्यतिबेला नै सचेत गर्नु हुन्थ्यो र उनीहरू थाहा पाउने बित्तिकै आफ्नो गल्तीलाई सुधार गरी प्रायश्चित गर्ने गर्थे । किनभने यो अन्जानमा भएको गल्ती हो ।

इस्लाममा दूतहरूको उत्कृष्ट र अति मर्यादित स्थान छ, नत उनीहरूको मर्यादामा अतिशयोक्ति गरिएको छ, नत अपमान नै। उनीहरू ठूलो पापबाट एकदम पवित्र थिए, तर यसको अर्थ यो पनि होइन कि उनीहरू ईश्वर नै हुन्। उनीहरू नत परमेश्वर हुन् नत परमेश्वर पुत्र नै, नत परमेश्वरमा हुने कुनै विशेषता उनीहरूलाई प्राप्त छ।

**महाप्रलयको** दिन अल्लाह र ईसा (अ.) बीच हुने वार्तालाप र भलाकुसारीलाई कुर्आनमा बयान गरिएको छ। जसले ईसा र उनकी आमा पवित्र मर्यमलाई पूज्य ठानेका थिए, तिनीहरूसित उनको कुनै सम्बन्ध नरहेको खुलासा गरिएको छ : "स्मरण गर त्यो दिन, जब अल्लाहले मर्यम पुत्र ईसा (अ.) लाई सोध्नुहुनेछ- 'के तिमीले मानिसहरूलाई आफ्नो र आफ्नी आमाको उपासना गर्न भनेका थियौ ?' उनले जवाफ दिनेछन्- 'जुन कुरा भन्ने मलाई अधिकार नै छैन, त्यो म कसरी भन्न सक्छु, यदि मैले त्यस्तो भनेको भए तपाईंलाई थाहा नै होला, मेरो मनमा के छ तपाईंलाई सबै थाहा छ, तर म तपाईंको मनको कुरा जान्न सक्दिनँ, किनभने तपाईं त अन्तरयामी हुनुहुन्छ। तपाईंले मलाई जति आदेश दिनु भएको थियो मैले त्यति मात्र भनेको थिए- 'मात्र एक अल्लाहको उपासना गर, उहाँ नै मेरो र तिमीहरू सबका प्रभु हुन् (कुर्आन : ५/११६-११७)

> सम्पूर्ण दूत र संदेष्टाहरू मानिस नै थिए भन्ने कुरालाई कुर्आनका कैयौं श्लोकहरूमा पुष्टि गरिएको छ।

## इस्लाममा दूतहरूको स्थान :

**आज** कैयौं मानिसहरूको धारणा के छ भने कुर्आनमा अन्तिम दूत मुहम्मद (स.) सँग सम्बन्धित घटना र कथाहरू मात्र समावेश गरिएका छन् । तर जसले आफैं कुर्आनलाई अध्ययन गर्छ, ऊ आश्चर्यचकित हुन्छ । कुर्आनमा ईसा (अ.) को नाम २५ चोटि उल्लेख छ । उनीमाथि लगाइएका सम्पूर्ण आरोपहरूलाई घोर भर्त्सनाका खण्डन गरिएको छ । उनी अल्लाहका सच्चा दूत र उत्कृष्ट भक्त हुन् भनेर प्रमाणित गरिएको छ। अर्को दूत मूसा (अ.) को नाम १३६ चोटि उल्लेख छ । तर जुन दूतले यो ग्रन्थ ग्रहण गर्ने अवसर पाउनुभयो, उहाँको नाम मात्र ५ चोटि उल्लेख छ ।

**कैयौं** धर्मावलम्बीहरूले आफ्नो दूत बाहेक अरू दूतलाई चिन्दा पनि चिन्दैनन् र कैयौंले अन्य दूतहरूलाई शत्रुको सूचीमा राखेका छन्, तर कुर्आनमा त्यस्तो पक्षपात कतै पनि गरिएको छैन । जबसम्म एउटा मुस्लिमले समस्त दूतहरूमाथि आस्था राख्दैनन्, तबसम्म ऊ मुस्लिम हुनै सक्दैन भनेर कुर्आनले घोषणा गरेको छ । यदि कसैले उनीहरूमध्ये एकजनालाई पनि अस्वीकार गर्छ वा शंका गर्छ वा गलत आरोप लगाउँछ भने ऊ इस्लामबाट



नै खारेज हुन्छ । कुर्आनमा भनिएको छ : “अल्लाह, उहाँका स्वर्गदूत (फरिश्ता) हरू, ग्रन्थहरू र उहाँका सम्पूर्ण दूतहरूमाथि हामी आस्था राख्दछौं । हामी उनीहरूमा केही पक्षपात गर्दैनौं ।” (कुर्आन : २/२८५)

**यति** मात्र होइन, कुर्आनका कैयौं अध्याय (सूरह) हरूको नाम नै अघिल्ला दूतहरूको नाममा राखिएका छन्, जस्तै- इब्राहीम, युसुफ । त्यसैगरी ईसा (अ.) की आमा ‘मर्यम’ को नामले ‘सूरह मर्यम’ राखिएको छ ।

यति मात्र होइन, कुर्आनका कैयौं अध्याय (सूरह) हरूको नाम नै अघिल्ला दूतहरूको नाममा राखिएका छन्, जस्तै- इब्राहीम, युसुफ । त्यसैगरी ईसा (अ.) की आमा ‘मर्यम’ को नामले ‘सूरह मर्यम’ राखिएको छ ।

# इस्लाममा ईसा (अ.) को स्थान



मानवजातिलाई ठूलो योगदान पुर्याउने र इतिहासका महत्त्वपूर्ण व्यक्तिहरूमध्ये एउटा विशिष्ट व्यक्ति ईसा (अ.) हुन् । कसैले उनलाई परमेश्वर त कसैले परमेश्वर पुत्रको संज्ञा दिएका छन् भने कसैले बिना बाउको छोरा भनेर गलत आरोपसमेत लगाएका छन् । त्यसो भए इस्लाममा उनको के स्थान छ त ?




**१)** उनी उत्कृष्ट दूत हुन् :

कुर्आनका कैयौं श्लोकहरूमा उनलाई उत्कृष्ट दूत र उनकी आमालाई ईश्वरको सत्य भक्त, पवित्र र सति सावित्री भनेर घोषणा गरिएको छ । अल्लाहले उनलाई चमत्कार स्वरूप बिना बुवाको सृष्टि गर्नु भएको थियो, जसरी उनी भन्दा पहिला आदम (अ.) लाई बिना आमा-बुवाको माटोबाट सृष्टि गर्नु भएको थियो । यसमा अचम्म मान्ने कुरा के नै छ र ? । जब बिना आमा-बुवाको सृष्टि संभव छ भने बिना बुवाको किन संभव छैन । हो अल्लाह हरेक कार्यमा सामर्थ्य हुनुहुन्छ । उहाँले आफ्नो शक्तिद्वारा जीससलाई बिना बुवाको नै सृष्टि गर्नु भयो । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "ईसाको उदाहरण अल्लाहकहाँ आदम जस्तै छ । अल्लाहले आदमलाई माटोबाट बनाएर भन्नुभयो : 'भई हाल' अनि भई हाल्यो।" (कुर्आन : ३/५९)

**२) उनका चमत्कारहरूप्रति मुस्लिमको आस्था :**

अल्लाहले उनलाई जेजति चमत्कारहरू प्रदान गर्नु भएको थियो, एउटा मुस्लिमले ती सम्पूर्ण चमत्कारहरूप्रति आस्था राख्दछ, जस्तै- दुबे र अन्धोलाई निको पार्नु, मृतकलाई जीवित पार्नु, मानिसले खाएको र घरमा बचाएको कुराको सूचना दिनु। उनी अल्लाहका सच्चा दूत हुन् भन्ने कुरालाई प्रमाणित गर्नको लागि यी सबै चमत्कारहरू प्रदान गरिएको थियो।

**३) उनलाई प्रदान गरिएको ग्रन्थ :**

अल्लाहले उनलाई धर्मग्रन्थ बाइबल (इन्जील) प्रदान गर्नु भएको कुरालाई कुर्आनका कैयौं श्लोकहरूमा पुष्टि गरिएको छ। उक्त ग्रन्थमा ज्ञानको ज्योति र मार्गदर्शनका कुराहरू थिए। तर यसमा जमानाको अन्तरालमा धेरै नै फेरबदल र परिवर्तन भएको छ।

LAUNCHING
CURiOSiTY
CLICK HERE

### ४ ) उनी मानिस हुन्, ईश्वर होइनन् :

ईसा (अ.) आदमका सन्तानमध्ये एकजना मानिस हुन् । अल्लाहले उनलाई इस्राइल समुदायको लागि दूत बनाएर पठाउनु भएको थियो । उनलाई कैयौं चमत्कारहरू प्रदान गर्नु भएको थियो । उनी नत परमेश्वर हुन् नत परमेश्वर पुत्र नै, नत परमेश्वरमा हुने कुनै गुण उनलाई प्राप्त छ । उनी उत्कृष्ट भक्त र दूत हुन् । अल्लाहले भन्नुभएको छ : "उनी एउटा उत्कृष्ट भक्त मात्र हुन्, हामीले उनीमाथि उपकार गर्यौं र इस्राइल समुदायको निम्ति अतुलनीय उदाहरण बनायौं ।" (कुर्आन : ४३/५९)

### ५) उनलाई क्रूसमा झुण्ड्याइएको होइन :

ईसा (अ.) लाई न त हत्या गरिएको हो नत क्रूसमा नै झुण्ड्याइएको हो । अल्लाहले उनलाई आकाशमा जीवितै उठाउनु भएको थियो । किनभने जब उनका शत्रुहरूले उनको हत्या गर्ने दुष्प्रयास गरे, तब अल्लाहले उनलाई जीवितै आकाशमा उठाउनु भयो र उनको अनुहार जस्तै अर्को व्यक्तिको अनुहार बनाई दिनुभयो र उनीहरूले त्यसै व्यक्तिलाई ईसा ठानेर शूलीमा झुण्ड्याइ दिए । उनी अन्तिम युगमा पृथ्वीमा आउनेछन् र मुहम्मद (स.) को विधि-विधान अनुसार आफ्नो शेष जीवन बिताउनेछन् । कुर्आनमा भनिएको छ : "उनीहरूले मर्यम-पुत्र ईसाको हत्या गरेको दाबी गर्छन् । वास्तवमा, तिनीहरू भ्रममा छन्। उनीहरूले न त हत्या गरेका हुन् न त शूलीमा झुण्ड्याइएका हुन् । अल्लाहले उनलाई जीवितै आकाशमा उठाउनु भयो ।" (कुर्आन : ४/१५७-१५८)

## केही प्रसिद्ध दूतहरू :

हुनत दूतहरूको संख्या र शृंखला एकदम लामो छ, तीमध्ये केही प्रसिद्ध दूतहरूको नामावली यस प्रकार छन् :

### आदम :

उनी सम्पूर्ण मानवजातिका पिता हुन् । अल्लाहले उनलाई माटोबाट सृष्टि गर्नुभयो र स्वर्गदूत (फरिश्ता) हरूलाई उनको ढोग गर्ने आदेश जारी गर्नुभयो । पछि उनलाई स्वर्गबाट पृथ्वीमा पठाइयो ।

### नूह :

उनले आफ्नो समुदायलाई दिन-रात एक गरी सत्य ईश्वरको उपासना गर्ने आह्वान गरे, तर उनीहरूले मानेनन् । फलस्वरूप जलप्रलय आयो । नूह र उनका आस्थावान साथीहरू बाहेक सबै बर्बाद भए ।

**इब्राहीम :**

उनी सम्पूर्ण दूतहरूका पिता हुन् र एक सत्य ईश्वरतिर आह्वान गर्ने सर्वोत्कृष्ट दूत हुन्। उनले नै प्रथम पटक अल्लाहको घर (काबा) लाई निर्माण गरे । विश्वभरिका सम्पूर्ण मुस्लिमहरू यसै काबातिर अनुहार फर्काएर सलाह पढ्दछन् ।

**इस्माइल :**

उनले काबाको निर्माण गर्नमा आफ्नो बुवा इब्राहीमलाई साथ दिएका थिए ।

**इस्हाक :**

उनी इब्राहीम (अ.) का दोस्रो छोरा हुन्, स्वर्गदूत (फरिश्ता) को शुभ सूचनापछि उनको जन्म भएको थियो ।

**याकूब :**

उनी इस्हाकका छोरा हुन्, उनी इस्राइलको नामले प्रसिद्ध भएकोले त्यो समुदायको नाम बनु-इस्राइल रहन गएको हो ।

**युसुफ :**

उनी याकूबका छोरा हुन्, उनले भाईहरूको षड्यन्त्र खेप्नुका साथै धेरै दु:ख र पीडा सहनु परेको थियो र अन्ततः अल्लाहले उनलाई मिश्र को शासक बन्ने मौका दिनुभयो।

**मूसा :**

उनी एउटा उत्कृष्ट दूत हुन्, अल्लाहले उनलाई इस्राइल समुदायको लागि दूत बनाएर पठाउनु भएको थियो। उनलाई तौरात नामी ग्रन्थ र कैयौं चमत्कारहरू प्रदान गरिएको थियो। तर मिश्रको शासक फिरऔनले उनलाई मानेनन् र उल्टै उनी र उनका साथीहरूलाई सहन नसक्ने दु:ख र पीडा दिन थाले। अन्ततः अल्लाहले सामन्ती फिरऔनलाई समुद्रमा डुबाइ दिनुभयो र मूसा (अ.) र उनका आस्थावान साथीहरूलाई मुक्ति प्रदान गर्नुभयो।

**दाऊद :**

उनी एउटा दूत हुन्, अल्लाहले उनलाई आफ्नो समुदायको राजा बन्ने अवसर प्रदान गर्नु भएको थियो।

**सुलैमान :**

उनी दाऊद (अ.) का छोरा र दूत हुन् । अल्लाहले उनलाई यस धर्तीमा ठूलो क्षेत्रको महान राजा बन्ने अवसर प्रदान गर्नु भएको थियो । जिन्न, चराचुरुङ्गी, हावा लगायत विभिन्न प्राणीहरू उनको अधिनमा थिए ।

**जकरिय्या :**

इस्राइल समुदयको लागि पठाइएको एउटा दूत हुन्, ईसाकी आमा मर्यमको संरक्षण, शिक्षा र पालनपोषण गर्ने जिम्मा उनलाई दिइएको थियो । उनकी श्रीमती बाँझो थिइन् तै पनि अल्लाहले उनलाई बुढेसकालमा यहया नामी छोरा प्रदान गर्नुभयो ।

**ईसा :**

उनी एउटा उत्कृष्ट दूत हुन्, अल्लाहले उनलाई बिना बुवाको सृष्टि गर्नु भएको थियो। अल्लाहले उनलाई इन्जील नामी ग्रन्थ र कैयौं चमत्कारहरूका साथ इस्राइल समुदायको लागि दूत बनाएर पठाउनु भएको थियो।

**मुहम्मद :**

उहाँ सम्पूर्ण दूतहरूको समापक हुनुहुन्छ। उहाँपछि कुनै अर्को दूत आउने छैन। अल्लाहले उहाँलाई सम्पूर्ण जगतका लागि विश्वव्यापी दूत बनाएर पठाउनु भयो र अन्तिम ग्रन्थ कुर्आन प्रदान गर्नुभयो। जसमा कसैले पनि मिथ्या कुरा मिसाउन सक्दैनन्।



# को हुन् इस्लामको दूत ?

मुस्लिमका हरेक पुस्ताले जुन तरिकाले अन्तिम दूत मुहम्मद (स.) को जीवनका एक-एक कुरालाई सम्हालेर राखेका छन्। त्यो तरिकाले अन्य कुनै महान व्यक्तिको जीवनीलाई सम्हालेर राखिएको उदाहरण इतिहासको कुनै पानामा फेला पार्न सक्नुहुन्न।

त्यसोभए को हुन् त्यो महान हस्ती ? जसको जीवनका सानो भन्दा सानो कुरालाई सम्हालेर राखिएको छ।

उहाँको

**उहाँको नाम :**

**मुहम्मद, बुवाको नाम अब्दुल्लाह, हजुरबाको नाम अब्दुल-मुत्तलिब र खानदान अल्-कुरैश हो ।**

**(५७०-६३२ ई०) उहाँको बारेमा मुस्लिमको आस्था :**

**विश्वव्यापी दूत :**


अल्लाहले उहाँलाई सम्पूर्ण जात वर्गको लागि विश्वव्यापी दूत बनाएर पठाउनु भएको थियो भन्ने हामी सम्पूर्ण मुस्लिमहरूको आस्था रहेको छ । त्यसैले सम्पूर्ण मानवले उहाँको अनुसरण गर्नु अनिवार्य छ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "भनिदेऊ, हे मानव हो, अल्लाहले मलाई तिमीहरू सबैका लागि दूत बनाएर पठाउनु भएको छ ।" (कुर्आन : ७/१५८)

**उहाँमाथि पवित्र कुर्आन अवतरण भयो :**

अल्लाहले उहाँमाथि अन्तिम ग्रन्थ पवित्र कुर्आन अवतरण गर्नुभयो । जसमा कसैले पनि मिथ्या कुरा मिसाउन सक्दैनन् ।

**सम्पूर्ण दूतहरूका समापक :**

अल्लाहले उहाँलाई सम्पूर्ण दूतहरूको समापक र अन्तिम सर्वश्रेष्ठ दूत बनाएर पठाउनु भएको थियो। उहाँपछि कुनै अर्को दूत आउनु हुने छैन। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “उहाँ अल्लाहका अन्तिम दूत र सम्पूर्ण संदेष्टाहरूका समापक हुनुहुन्छ।” (कुर्आन : ३३/४०)



## दूत मुहम्मद (स.) को संक्षिप्त परिचय :

### १) उहाँको जन्म :

उहाँको जन्म साउदी अरबको प्रसिद्ध र ऐतिहासिक ठाउँ 'मक्का' मा ५७० ई० मा भएको थियो । यो धरतीमा पाइला टेक्नु भन्दा पहिले नै उहाँको बुवा बितिसकेका थिए । आफूलाई प्राणभन्दा बढी माया गर्ने आमाले पनि चाँडै नै छोडेर गइन । त्यसपछि हजुरबा 'अब्दुल-मुत्तलिब' ले पालनपोषणको जिम्मा लिए, तर केही समयपछि उनको पनि निधन भयो र काका 'अबू-तालिब' को पालनपोषणमा हुर्कनु भयो ।

### २) उहाँको बाल्यकाल :

उहाँले ईश-दुतत्व ग्रहण गर्नु भन्दा अघि आफ्नो जीवनको चालिस बसन्त (५७०-६०९ ई०) आफ्नो जन्मस्थल 'कुरैश' मा बिताउनु भयो । उहाँको जीवन सबैको लागि एउटा अतुलनीय उदाहरण थियो । उहाँ आफ्नो समुदायमा इमान्दार र सत्यवानको उपनामले प्रसिद्ध हुनुहुन्थ्यो । उहाँले मक्काको चर्को घाममा भेंडा-बाख्रा चराउने काम समेत गर्नुभयो र बिस्तारै-बिस्तारै व्यवसायतिर पाईला टेक्नु भयो ।

दूत हुनु भन्दा अघि उहाँ इब्राहीम (अ.) को विधि अनुसार अल्लाहको उपासना गर्नुहुन्थ्यो । उहाँले जीवनमा कहिल्यै पनि मूर्ति पूजा गर्नु भएन । उहाँ रूढीवादी, अन्धविश्वास र प्रतिमा तथा सृष्टि पूजालाई असाध्यै घृणा गर्नुहुन्थ्यो । यद्यपि उहाँलाई पढ्न र लेख्न आउँदैन थियो ।

**३) ईश्दूतत्व ग्रहण :**

उहाँ मक्का नजिक 'नूर पर्वत' मा अवस्थित 'हेरा गुफा' मा गएर अल्लाहको उपासना गर्नुहुन्थ्यो । उहाँ समाजमा ब्यापक रहेको अन्धविश्वास, रूढीवादी, निर्मित मूर्ति तथा प्रतिमाको पूजादेखि असाध्यै दुःखि र चिन्तित हुनुहुन्थ्यो । एक दिन त्यसै गुफामा उपासना गरिरहेको बेला अल्लाहले आफ्नो वरिष्ठ तथा विशेष स्वर्गदूत 'जिब्रील' लाई पठाएर उहाँलाई अन्तिम दूत छनौट गर्नुभयो । त्यतिबेला उहाँ ४० वर्षको हुनुहुन्थ्यो । सर्वप्रथम कुर्आनका केही श्लोक (आयत) हरू अवतरण भएका थिए । जसको पहिलो शब्द ''ईक्रा विस्मि रब्बिकल्लजी खलक'' (त्यस ईश्वरको नामले पढ, जसले सम्पूर्ण ब्रह्माण्डको सृष्टि गर्नु भएको छ) ले ज्ञान-विज्ञान तथा मार्गदर्शनको महत्वलाई दर्शाईरहेको छ । यसरी २३ वर्षको अवधिमा विस्तारै-विस्तारै पुरा कुर्आन अवतरण भयो ।




### ४) प्रचार-प्रसारको प्रारम्भ

उहाँ ईश्दूतत्व ग्रहण गरेपछि इस्लामको प्रचार-प्रसारमा सक्रिय हुनुभयो । उहाँले तीन वर्षसम्म गोप्य तरिकाले लुकिछिपी इस्लामको निमन्त्रणा दिनुभयो । त्यसपछि दश वर्षसम्म खुल्लमखुल्ला इस्लामतिर आह्वान गर्नुभयो । उहाँको निमन्त्रणालाई स्वीकार गर्ने अनुयायीहरूमध्ये बढी गरिब र कमजोरहरू थिए । उहाँले प्रचार-प्रसारको क्रममा आफ्नै घरपरिवार र समाजबाट सहन नसक्ने नानाथरीका मानसिक तथा शारीरिक यातना सहनु पर्यो । उहाँले हज्जमा आउने भक्तजनहरूलाई इस्लामतिर आह्वान गर्नुभयो । तिनीहरूमध्ये मदीनाबासीले उहाँको निमन्त्रणालाई स्वीकार गरे । मक्काबासीले दिएको दु:ख-पीडा खप्न नसकेर मुस्लिमहरू विस्तारै-विस्तारै मदीना तर्फ प्रवास (हिजरत) गर्न थाले ।

### ५) उहाँको प्रवास :

मक्काका ठूलाबडा भनाउदाहरूले सामुहिक रूपमा उहाँको हत्या गर्ने दुष्प्रयास गरेपछि उहाँले ६२२ ई० मा मदीनातिर प्रवास (हिजरत) गर्नुभयो । त्यतिबेला मदीनाको नाम 'यस्रिब' थियो र उहाँ ५३ वर्षको हुनुहुन्थ्यो । आफ्नो जीवनको अन्तिम दश वर्ष मदीनामा बिताउनु भयो । सलाह, दान, आचरण लगायत इस्लामका सम्पूर्ण विधि-विधानहरूलाई पूर्णरूपमा व्याख्या गर्नुभयो र हामीलाई जीवनको गोरेटोमा खाँचो पर्ने हरेक कुराहरूको जानकारी दिनुभयो ।




### ६) इस्लामको विस्तार :

उहाँले मदीनाको प्रवासपछि (६२२-६३२ ई०) इस्लामी संस्कार र सभ्य समाजको स्थापना गर्नुभयो। गोत्रको पक्षपात गर्ने प्रवृत्तिलाई निर्मुल पार्नुभयो । जतातातै ज्ञानको ज्योति छर्नुभयो । न्याय, निसाफ, स्थिरता, भाइचारा, आपसी सहयोग र राज्य व्यवस्थालाई कायम गर्नुभयो । केही गोत्रहरूले इस्लामलाई निर्मुल पार्न खोज्दा विभिन्न युद्ध तथा घटनाहरू घटे र अल्लाहले इस्लामको विजय गराउनु भयो। त्यसपछि इस्लाम ग्रहण गर्नेहरूको ओइरो नै लाग्यो । मक्का लगायत अरबमा रहेका अधिकांश शहर तथा गोत्रहरू राजी खुशी इस्लामको छत्रछायाँमा आउन थाले।

**७) उहाँको निधन :**

२३ बर्षको अन्तरालमा उहाँ आफ्नो जिम्मेवारीलाई राम्रोसँग जनमानसमा पुर्याउन सफल हुनु भयो। यसरी इस्लाम परिपूर्ण भइसकेपछि इस्लामी पात्रो अनुसार हिज्री सम्वत ११, 'सफर' को महिनामा उहाँलाई ज्वरो आयो र अवस्था नाजुक हुँदै गयो, यहाँसम्म कि 'रबिउल-औवल' महिनाको सोमवारको दिन तदानुसार ८/६/६३२ ई० ६३ वर्षको उमेरमा उहाँको निधन भयो र मस्जिदकै छेउमा रहेको श्रीमती आईशा (रजि.) को घरमा उहाँलाई 'दफन' गरियो।






# मुहम्मद (स.) संसारका न्यायप्रेमीहरूको नजरमा


जगतका जुनसुकै धर्मलाई अनुसरण गर्ने न्यायप्रेमी किन न होउन्, जब उसले मुहम्मद (स.) को अदभुत जीवनी पढ्छ, तब आश्चर्यचकित हुनपुग्छ । पूर्वदेखि पश्चिम सम्मका धर्मगुरूहरू, दार्शनिकहरू र साहित्यकारहरूले उहाँको निकै नै प्रशंसा गरेका छन् । मुहम्मद (स.) ईश्वरको सत्य संदेष्टा हुनुहुन्छ भन्ने कुराको आफ्नो लेख तथा रचनाहरूमा गवाही दिएका छन् । तीमध्येका केही निम्नलिखित छन् :

## महात्मा गांधीले भनेका छन् :



मैले करोडौं मानिसहरूका मन र मस्तिष्कमामा निर्वोरोध राज गर्ने व्यक्तित्व मुहम्मद (स.) का विशेषताहरू जान्ने प्रयास गरेँ । उहाँको जीवनी पढिसकेपछि इस्लाम तरवारको जोडले फैलिएको होइन रहेछ भन्ने कुरामा विश्वस्त भएँ । उहाँको सादा जीवन, उच्च आचरण, ईमानदारिता, वचन प्रतिबद्धता, निष्कपटता, सत्यता, बहादुरी, ईश्वर र उहाँको सन्देशप्रतिको विश्वास र भरोसा साथै आफ्ना साथीहरूको बलिदान र लगनशीलताले इस्लाम सर्वत्र फैलिएको हो। उहाँको जीवनको दोस्रो भाग पढिसकेपछि उहाँप्रति आकर्षित भएँ र उहाँको महान चरित्रलाई अझ बुझ्ने प्यास म भित्र बढ्दै गयो । वास्तवमा, मुहम्मद (स.) जस्तो महान व्यक्तित्वको बारेमा आफूलाई एकदम कम जानकारी भएकोमा लज्जित महसुस गरें।

Mahatma Gandhi (1976). Collected Works. vol.25, p.127.






**माइकल हार्टले आफ्नो प्रसिद्ध किताब "इतिहासका अति प्रभावशाली १०० व्यक्तित्वहरू" को पहिलो पंक्तिमा मुहम्मद (स.) को नाम राखेका छन् र उहाँको नाम पहिलो पंक्तिमा राख्नको कारण, यसरी लेखेका छन् :**

"मैले मुहम्मद (स.) लाई इतिहासका अति प्रभावशाली व्यक्तित्वहरूमध्ये सबैभन्दा अग्र पंक्तिमा राख्नुले पाठकवर्ग आश्चर्यचकित हुन सक्छन् ! तर वास्तविकता यही हो; मुहम्मद (स.) मात्र एउटा यस्तो व्यक्तित्व हुनुहुन्छ, जसले धार्मिक तथा सांसारिक दुवै क्षेत्रमा पूर्ण सफलता प्राप्त गर्नुभयो।

Hart, Michael H. (2017). The 100: A Ranking of the Most Influential Persons in History. p.3.



**प्रसिद्ध फ्रान्सेली कवि अल्फान्से डीले आफ्नो प्रसिद्ध किताब 'तुर्कीको इतिहास' मा लेखेका छन् :**

"साधनहरूको अभावको बावजुद महान उद्देश्य राख्नु र शत प्रतिशत उत्कृष्ट प्रतिफल दिनु, महान व्यक्तिहरूका पहिचान हुन् । इतिहासका महान व्यक्तिहरूमध्ये कसले यी कुराहरूमा आफूलाई मुहम्मद (स.) सँग तुलना गर्ने आँट गर्न सक्लान् ?


Lamartine, Alphonse de (1855). Histoire de la Turquie. Paris: Chez Wolfgang Gerhard, vol.1, p.111.



**भारतीय दार्शनिक रामा कृष्णा राव लेख्छन् :**

“समय र परिस्थिति परिवर्तन भए, तर मुहम्मद (स.) परिवर्तित हुनु भएन । विजयको अवस्था होस् वा पराजयको, शक्तिशाली हुँदा होस् वा कमजोर, सुखको अवस्था होस् वा दु:खको, समृद्धिको अवस्था होस् वा गरिबीको, उहाँ हरेक अवस्थामा अडिग रहनुभयो । उहाँको व्यक्तित्व तथा गुणमा कुनै परिवर्तन आएन । ईश्वरको नियम अनुसार संदेष्टाहरू कहिल्यै पनि परिवर्तित हुँदैनन् ।

Ramakrishna Roa, Mhuhammad The Prophet of Islam. p.24.



**जर्मनीका सबैभन्दा ठूलो कवि गोतेले आफ्नो प्रेमिकालाई एक पत्रमा इस्लाम र मुहम्मद (स.) को प्रशंसा गर्दै यसरी लेखेका छन्** : "यद्यपि म सत्तरी वर्षको भएँ, इस्लामको महानतालाई जति वर्णन गरे पनि कमै हुन्छ । बरू इस्लामप्रतिको मोह र आस्था झन झन बढ्दै जान्छ ।"

Katarina Mumzen stated in her Goethe book: Goethe und die arabische Welt, p. 177.

**प्रोफेसर एस्टोबार्टले भनेका छन् :**

सम्पूर्ण मानव इतिहासमा मुहम्मद (स.) को व्यक्तित्वसँग मिल्दा-जुल्दा वा उहाँसँग तुलना गर्न मिल्ने लायकको एउटा पनि उदाहरण छैन । उहाँले न्यून भौतिक सामग्री प्रयोग गरेर ठूला-ठूला सफलता र विजय हासिल गर्नुभयो, यस्ता सफलताहरू इतिहासको पानामा दुर्लभ छन् । जब हामी यस दृष्टिकोणबाट इतिहास अध्ययन गर्छौं, तब सम्पूर्ण संदेष्टाहरूमध्येका अन्तिम संदेष्टा मुहम्मद (स.) लाई सबैभन्दा उत्कृष्ट संदेष्टाको रूपमा पाउने छौं ।

Stobart, James William Hampson (1884). Islam and Its Founder. 227-228.



### साइमन ओक्लीले भनेका छन् :

इस्लाम धर्म तीब्रताका साथ सर्वत्र फैलिरहेको कुरामा मलाई कुनै आश्चर्य लाग्दैन । बरू इस्लामको निरन्तरता र स्थिरतामाथि आश्चर्य लाग्छ, जुन युगौं बितिसक्दा पनि आफ्नो यथावत रूपमा कायमै छ । कैयौं शताब्दी पहिले जसरी मक्का र मदीनाबासीहरू मुहम्मद (स.) बाट प्रभावित भएका थिए, ठीक त्यसरी नै आज भारत, अफ्रीका, तुर्की लगायत विश्वभरि विभिन्न देशका नागरिकहरू उहाँबाट प्रभावित भएका छन् ।

Ockley, Simon. (1870). History of the Saracen Empire. 1st ed. London: A. Murray, p.54.


**विल डुरान्टले आफ्नो प्रसिद्ध अर्थशास्त्र 'सभ्यताको कथा' मा लेखेका छन् :**



यदि हामी इतिहासका प्रभावकारी व्यक्तिहरूको जीवनी अध्ययन गर्छौं भने, इतिहासमै अति प्रभावशाली व्यक्तित्वको स्थानमा मुहम्मद (स.) लाई पाउँछौं । उहाँले यस्ता मानिसहरूको आध्यात्मिक र नैतिक स्तर उच्च पार्नु भयो जो अत्याचार, व्यभिचार, अपराध र काटमारमा लिप्त थिए। उहाँ एउटा असभ्य समाजलाई परिवर्तन र विकास गर्दै पूर्ण सभ्य समाज बनाउन सफल हुनुभयो । जुन परिवर्तन र सफलताको सपना संसारका एकदमै कम समाज सुधारकहरूले देख्ने गर्दछन् । उहाँले एउटा सभ्य समाज निर्माण गर्न जुन सपनाहरू देख्नु भयो, ती सबैलाई साकार पार्नुभयो । मुहम्मद (स.) ले जति खेर इस्लामको प्रचार प्रसार शुरु गर्नुभयो, त्यति खेर अरब देशहरू यस्ता मरुभूमि थिए, जहाँ सम्पूर्ण समुदायहरू मूर्ति पूजामा लिप्त र आपसमा विभाजित थिए। तर मुहम्मद (स.) को मृत्यु हुनुभन्दा अगावै पुरा अरब एउटा यस्तो सभ्य राष्ट्र बन्न पुग्यो, जहाँ मानिसहरू आपसी भेदभाव र घृणाबाट मुक्त भइ एकताको बन्धनमा बाँधी एक ढिक्को बनिसकेका थिए। मुहम्मद (स.) ले ईसाई, यहूदी तथा परम्परागत धर्महरूलाई विस्थापित गर्दै इस्लाम जस्तो सत्य, सीधा र सजिलो धर्म कायम गर्नुभयो । जसबाट मानिसहरूबीच एकता, प्रेम र सद्भाव बढ्दै जान्छ । मुहम्मद

(स.) ले यति छोटो अवधिमा सय्यौं युद्धहरूमा विजय हासिल गर्दै यस्तो महान राष्ट्रको स्थापना गर्न सफल हुनुभयो, जुन आज अति शक्तिशाली राष्ट्रहरूको चुनौतीको बावजुद पनि कायम छ र संसारको आधाभन्दा बढी भागमा राज गर्न सफल छ ।

Durant, Will (1950). The Story of Civilization: The age of faith. Vol. IV, p.174.



हर्कुलसको गवाही : इस्लामका कट्टर विरोधी र शत्रु अबू-सुफ्यानले इस्लाम ग्रहण गरेपछि एउटा रोचक वृतान्त बयान गरेका छन् । जब रोमका राजा हर्कुलस (६२८ ई.) ले मुहम्मद (स.) ले पठाउनु भएको इस्लामको निमन्त्रणा पत्र पाए । राजा धेरै खुशी भए र संदेष्टा मुहम्मद (स.) को बारेमा थप जानकारी प्राप्त गर्न अरबबाट आएका उहाँको निकटतम व्यक्तिसित भेट्ने चाहना गरे । त्यतिखेर अबू-सुफ्यान मुहम्मद (स.) कै खानदानको ठूलो प्रधान, तर उहाँको कट्टर विरोधी र शत्रु सिरियाको व्यापारिक यात्रामा थिए । राजाले अबू-सुफ्यान र उनका साथीहरूलाई दरबारमा बोलाएर अनुवादकको माध्यमबाट सत्य-तथ्य जान्न केही बौद्धिक र विवेकपूर्ण प्रश्नहरू सोधे । राजाले अबू-सुफ्यानको जवाफ सुनिसकेपछि यसरी टिप्पणी गरे :

उहाँको खानदानको बारेमा सोध्दा तिमीले जवाफ दियौ : उहाँको जन्म अरबको उच्च खानदानमा भएको छ । हो, ईश्वरले उच्च खानदानबाट संदेष्टाहरू चुन्नुहुन्छ । उहाँ भन्दा पहिले कसैले आफू ईश्वरको दूत भएको दावी गरेका थिए भनेर सोध्दा तिमीले जवाफ दियौ : दावी गरेको छैन । यदि कसैले दाबी गरेको भए, उहाँले त्यसको देखासेखी र अघिल्लो व्यक्तिको नक्कल गरेको हुन सक्थ्यो ।

दूत बन्नु अघि कहिल्यै झूठो बोलेको पाएका थियौ भनेर सोध्दा तिमीले जवाफ दियौ : छैन। जुन व्यक्ति मानिसहरूसँग झूठो बोल्दैन, ऊ अल्लाहको बारेमा झूठो कुरा कसरी गर्न सक्छ !

उहाँलाई धनीहरूले अनुसरण गर्छन् वा गरिबहरूले भनेर सोध्दा तिमीले जवाफ दियौ: गरिबहरूले। वास्तवमा, दूतहरूका अनुयायी गरिबहरू नै बढी हुने गर्छन् । उहाँका अनुयायीहरू बढ्दै छन् कि घट्दै छन् भनेर सोध्दा तिमीले जवाफ दियौ : बढ्दै छन् । वास्तवमा, सत्य धर्मको पहिचान यही हो, अन्तिम समयसम्म बढ्दै जान्छ ।

यस धर्ममा प्रवेश गरिसकेपछि कोही निरास भएर, घृणा गर्दै धर्म परित्याग गरेका छन् भनेर सोध्दा तिमीले जवाफ दियौ : छैन । वास्तवमा, आस्था यही हो, हृदयदेखि मानिसकेपछि कहिल्यै नकार्दैनन् ।


उहाँले धोका दिनुहुन्छ भनेर सोध्दा तिमीले जवाफ दियौ : दिनुहुन्न। हो, संदेष्टाहरू न त धोका दिन्छन् न त बाचा भङ्ग गर्छन्।

उहाँले कुन कुराको आदेश दिनु हुन्छ भनेर सोध्दा तिमीले जवाफ दियौ : उहाँले मात्र एक अल्लाहको उपासना गर्ने, मूर्ति पूजा नगर्ने, सलाह पढ्ने, सत्य बोल्ने, अवैध कुराहरूबाट बच्ने आदेश दिनुहुन्छ ... ।

यदि तिमीले दिएको जवाफ सत्य हो भने उहाँ ईश्वरको सच्चा दूत हुनुहुन्छ । अन्तिम दूतको आगमनको बारेमा मलाई थाहा थियो, तर तिमीहरूमध्येबाट हुनेछ भन्ने थाहा थिएन । यदि उहाँलाई भेट्न सम्भव भएको भए, म उहाँलाई भेट्न अवश्य जाने थिएँ र उहाँको सेवा गर्ने थिएँ। किनभने यो राजगद्दीको लायक उहाँ नै हुनुहुन्छ। (बुखारी : ७)



# मुहम्मद (स.) को उच्च आचरण र आदर्शका केही झलकहरू



अन्तिम दूत मुहम्मद (स.) ले उच्च आचरण र नैतिकताको उत्कृष्ट र अतुलनीय उदाहरणहरू प्रस्तुत गर्नु भएको कुरालाई पूर्व-पश्चिमका कैयौं लेखकहरू यहाँसम्म कि उहाँका शत्रुहरूले समेत प्रशंसा गरेका छन् । कुर्आनमा पनि उहाँको अतुलनीय आचरणको प्रशंसा गरिएको छ ।



उहाँको आचरणबारे प्रश्न गर्दा उहाँकी श्रीमती आईशा (रजि.) ले सबैभन्दा उत्कृष्ट जवाफ दिइन् : “कुर्आन नै उहाँको आचरण हो ।” वास्तवमा, उहाँको आचरण र व्यवहारिक जीवन नै कुर्आनको पूर्ण व्याख्या हो । उहाँको उच्च आचरण, सादा जीवन र आदर्शका केही झलकहरू यस प्रकार रहेका छन् :

- कसैले दूत मुहम्मद (स.) लाई उभिएर स्वागत र सम्मान गरुन्, उहाँलाई मन्जुर थिएन । उहाँ आफ्ना साथीहरूलाई उभिएर सम्मान गर्नबाट रोक्नु हुन्थ्यो । उहाँका साथीहरू उहाँलाई असाध्यै सम्मान र माया गर्थे, तैपनि उहाँको लागि उभिन चाहँदा-चाहँदै पनि बसेर नै स्वागत गर्थे, किनकि उहाँको लागि उभिनु उहाँलाई कदापि मन पर्दैनथ्यो ।" (अहमद : १२३४५)

- अरबको प्रतिष्ठित व्यक्ति हातिमको छोरा अदी (रजि.) ले इस्लाम ग्रहण गर्नु भन्दा पहिला मुहम्मद (स.) अल्लाहको सत्य दूत हुन् की होइनन् भन्ने कुरा जान्नको लागि उहाँलाई भेट्न गए र उहाँको सादा जीवन देखेपछि यसरी भने : "मैले उहाँलाई एकजना महिला र दुइजना स-साना बालबालिकासँग सामान्य अवस्थामा बसेको पाएँ र उहाँको सादा जीवन देखेपछि थाहा पाएँ, राजाहरूमा पाइने घमण्ड र हाउभाउ उहाँमा पटक्कै छैन, उहाँ साच्चिकै अल्लाहका दूत हुनुहुन्छ, किनभने उच्च आचरण र नम्रता दूतहरूका पहिचान र गहना हुन् ।" (अहमद : १९३८१)

> इस्लाम के ईशदूत अपना निजी कार्य स्वंय ही कर लिया करते थे। और अपने परिवार की सेवा करने और घर के काम को साझा करने में भाग लिया करते थे।

- उहाँ साथीहरूसँग बस्दा मिलेर बराबरीमा बस्नु हुन्थ्यो । उहाँले आफ्नो लागि कहिल्यै पनि विशेष ठाउँ रोज्नु भएन । यहाँसम्म कि बाहिरबाट आएको आगन्तुकलाई यिनीहरूमध्ये मुहम्मद को हुन् चिन्नै गाह्रो हुन्थ्यो र सोध्नु पर्थ्यो : "तपाईंहरूमध्ये मुहम्मद को हुनुहुन्छ ?" (बुखारी : ६३)
- उहाँ आफ्नो व्यस्तताका बावजुद पनि गरीब, कमजोर र दीन-दु:खीहरूलाई सकेसम्म सहयोग गर्नु हुन्थ्यो । एकजना सहाबीले बयान गरेका छन् : "मदीनाका स-साना बालबालिकाहरूले उहाँको औंला समातेर मेरो फलानो काम गरिदिनुपर्यो भनेर लाने गर्थे र उहाँ ती स-साना बालबालिकाहरूको इच्छाको कदर गर्नुहुन्थ्यो ।" (बुखारी : ५७२४)
- उत्कृष्ट सहाबी उमर (रजि.) ले बयान गरेका छन् : "म एक चोटि उहाँलाई भेट्न उहाँको घर गएको थिएँ, उहाँको शरीरमा सुकुल (खजुरको ओछ्यान) को डाम प्रष्ट देखिरहेको थियो । यो दृश्यले म स्तब्ध भएँ र रून थालें । उहाँले सोध्नुभयो, उमर तिमी किन रोएको ? मैले भनें- "अन्य राजा महाराजाहरू कसरी विलासी जीवन बिताइरहेका छन् । हजुर त अल्लाहको सर्वश्रेष्ठ दूत, तै पनि यो नाजुक अवस्था, हजुरको सुत्ने ओछ्यान पनि राम्रो छैन ! उहाँले जवाफ दिनुभयो : हेर, उनीहरूका लागि यो दुनियाँमा छ र हाम्रो लागि स्वर्गमा हुनेछ।" (बुखारी : ३५०३)
- उहाँ संसारकै सर्वश्रेष्ठ व्यक्ति भएपनि आफ्नो काम आफैं गर्नुहुन्थ्यो । आफ्नो घर-परिवारलाई घरेलु कामहरूमा सकेसम्म सघाउनु हुन्थ्यो । उहाँकी श्रीमती आईशा (रजि.) ले बयान गरेकी छिन् : "उहाँ आफ्नो परिवारलाई घरेलु कामहरूमा सघाउनु हुन्थ्यो ।" (बुखारी : ६४४)

- त्यसैगरी उहाँ आफ्नो जुत्ता आफैंले मर्मत गर्नु हुन्थ्यो र आफ्नो लुगामा टालो आफैंले लगाउनु हुन्थ्यो ।" (अहमद : २४७४९)
- उहाँले भन्नुभएको छ : "जसको हृदयमा कण बराबर पनि घमण्ड हुनेछ ऊ कदापि स्वर्गमा जान सक्दैन ।" (मुस्लिम : ९१)

### दया-माया :

उहाँले भन्नुभएको छ : "तिमीहरू मानिसहरूमाथि दया गर, ईश्वरले तिमीहरूमाथि दया गर्नुहुनेछ ।" (अबू-दाऊद : ४९४१)

उहाँको दया-मायाका केही पक्षहरू :

मुहम्मद (स.) की दया का कुछ उदाहरण:

### बालबालिकाप्रतिको माया :

- सलाह, इस्लामको ठूलो आधार र महत्वपूर्ण उपासना हो । सलाह पढ्दा कुराकानी गर्नु वा यताउता चहलपहल गर्नु मनाही छ, तै पनि उहाँले आफ्नो नातिनी; उमामा (जैनबकी छोरी) लाई बोकेर सलाह पढाउनु हुन्थ्यो । ढोग गर्दा नातिनीलाई भुइँमा राख्नु हुन्थ्यो र उभिदा फेरि बोक्नु हुन्थ्यो ।" (बुखारी : ४९४)
- सलाह पढाउने क्रममा बच्चाको रूने-कराउने आवाज आउने बित्तिकै छिटो-छिटो सलाह पढाउनुहुन्थ्यो । उहाँले भन्नुभएको छ : "म यता सलाह आरम्भ गर्छु र अलि लामो गर्ने सोचमा हुन्छु, तर बच्चाको रूने-कराउने आवाज आउने बित्तिकै छिटो-छिटो सलाह पुरा गर्छु, ताकि उसको आमालाई अप्ठ्यारो नहोस् ।" (बुखारी : ६७५)

## नारीप्रतिको माया :

- उहाँले छोरीहरूको राम्रो हेरचाह र उच्च व्यवहार गर्न प्रेरित गर्नु भएको छ, उहाँले भन्नुभएको छ : "जसले आफ्ना छोरीहरूलाई राम्रो तरिकाले हुर्काई, बढाई राम्रो जीवन व्यवस्था मिलाई दिन्छ, उसको लागि ती छोरीहरू नर्कका बाधक बन्नेछन्।" (बुखारी : ५६४९)

- त्यसैगरी उहाँले श्रीमतीमाथि विशेष ध्यान दिन, उनको हक-अधिकार नखोस्न र उनको मर्मलाई बुझिदिन पुरूषलाई आदेश दिदै भन्नुभएको छ : "हेर, श्रीमतीसित सधैं राम्रो व्यवहार गर।" (बुखारी : १९१०)

- उहाँले आफ्नो घरपरिवारलाई माया गर्ने उत्कृष्ट र अतुलनीय उदाहरण प्रस्तुत गर्नु भएको छ। उहाँ ऊँटको नजिक बसेर आफ्नो घुँडा टेक्नु हुन्थ्यो र उहाँकी श्रीमती सफिया (रजि.) उहाँको घुँडामाथि आफ्नो खुट्टा टेकेर ऊँटमाथि चढ्नु हुन्थ्यो।" (बुखारी : २१२०)

- त्यसैगरी उहाँकी प्यारी छोरी फातिमा (रजि.) जब उहाँलाई भेट्न आउने गर्थिन्, तब उनको हात थामेर चुम्नु हुन्थ्यो र नानी तिमी यहाँ बस भनेर आफ्नो ठाउँमा बसाउनु हुन्थ्यो।" (अबू-दाऊद : ५२१७)

## दीनदुःखीप्रतिको माया :

- उहाँले अनाथ बालबालिकालाई पालन-पोषण गर्न प्रेरित गर्दै भन्नुभएको छ : "म र टुहुरोलाई पालन-पोषण गर्ने व्यक्ति स्वर्गमा यसरी सँगै रहनेछौं। उहाँले चोर औंला र बीचको औंलालाई फटाएर संकेत गर्नुभयो।" (बुखारी : ४९९८)

- उहाँले विधुवा, एकल महिला र दीन-दु:खीहरूको हेरचाह गर्ने व्यक्तिलाई अल्लाहको बाटोमा युद्ध गर्ने, दिउँसो ब्रत बस्ने र राती सलाह पढ्ने व्यक्ति बराबरको स्थान दिनु भएको छ ।" (बुखारी : ५६६१)



> उहाँले दीनदु:खीहरूलाई दान दिनु रोजीरोटीमा वृद्धि हुने र शत्रुलाई पराजित गर्ने कारक घोषित गर्दै भन्नुभएको छ : "मेरो लागि दीनदु:खीहरू खोजेर ल्याऊ, वास्तवमा उनीहरूले गर्दा तिमीहरू विजयी हुनेछौ र रोजीरोटी पाइरहने छौ ।" (अबू-दाऊद : २५९४)

## दीनदुःखीप्रतिको माया :

- उहाँले अनाथ बालबालिकालाई पालन-पोषण गर्न प्रेरित गर्दै भन्नुभएको छ : "म र टुहुरोलाई पालन-पोषण गर्ने व्यक्ति स्वर्गमा यसरी सँगै रहनेछौं । उहाँले चोर औंला र बीचको औंलालाई फटाएर संकेत गर्नुभयो ।" (बुखारी : ४९९८)

उहाँले विधुवा, एकल महिला र दीन-दुःखीहरूको हेरचाह गर्ने व्यक्तिलाई अल्लाहको बाटोमा युद्ध गर्ने, दिउँसो ब्रत बस्ने र राती सलाह पढ्ने व्यक्ति बराबरको स्थान दिनु भएको छ ।" (बुखारी : ५६६१)

## उपकार और उदारता:

- एक व्यक्ति मुहम्मद (स.) के पास आया और आपसे पैसा माँगा तो आपने कहा कि: "आप जो चाहें ख़रीद लें वह हमारे ऊपर उधार रहेगा, तो आपके साथी उमर (रज़ि.) ने कहा कि: ऐ अल्लाह के रसूल, ऐसा आपने क्यों किया जिसकी आप शक्ति नहीं रखते, तो मुहम्मद (स.) ने उसको पसंद नहीं किया, और उस व्यक्ति ने कहा कि: "ख़र्च करो अल्लाह आपको और अधिक देगा" यह सुनकर मुहम्मद (स.) मुस्कुरा दिए और उस व्यक्ति के चेहरे पर भी ख़ुशी थी ।" (अहादीस मुखतारह: ८८)
- एक दिन ८० हज़ार दिर्हम (चाँदी का सिक्का) बाहर से लाया गया, तो आपने उसे चटाई पर रखा और फिर कुछ ही क्षणों में लोगों में विभाजित कर दिया और किसी को भी खाली नहीं लौटाया । (हाकिम : ५४२३)

- उहाँ अत्यन्तै न्यायप्रेमी हुनुहुन्थ्यो। उहाँ हरेक व्यक्तिसँग चाहे त्यो व्यक्ति आफ्नै घरको सदस्य र नातेदार किन नहोउन्, कुर्आन अनुसार निष्पक्ष फैसला गर्नुहुन्थ्यो । अल्लाहले भन्नुभएको छ : "हे आस्थावानहरू हो ! न्याय-निसाफ गर र सही साक्षी बक यद्यपि त्यो स्वयम् तिमी, तिम्रा आमा-बाबु वा नातेदारहरूकै विररूद्धमा किन नहोउन् ।" (कुर्आन : ४/१३५)

- चोरीको आरोपमा समातिएकी एक प्रतिष्ठित महिलालाई सजाय नदिनको लागि उहाँका केही घनिष्ट साथीहरूले सिफारिस गरे । यो सुनेर उहाँले जवाफ दिनुभयो : "के तिमीहरू आफ्नो प्रतिष्ठाको लागि अल्लाहको कानूनलाई परिवर्तन गर्न चाहन्छौ। अल्लाहको कसम, यदि मेरी आफ्नै छोरीले चोरी गरेकी भए, म उनलाई पनि दण्डित गर्ने थिएँ।" (बुखारी : ४०५३)

- जुन बेला ब्याज अवैध भयो, उहाँले सर्वप्रथम आफ्नै काका (अब्बास) लाई ब्याजको कारोबारबाट मनाही गर्नुभयो । उहाँले भन्नुभयो : "आजदेखि ब्याजको कारोबार अवैध गरिएको छ। सर्वप्रथम म काका (अब्बास) का सम्पूर्ण अवैध कारोबारहरूलाई रद्द गर्दछु।" (मुस्लिम : १२१८)

- उहाँले राष्ट्रको उत्थान र विकासको लागि एउटा अमूल्य मापदण्ड तोक्दै भन्नुभएको छ : "जबसम्म गरीबहरू धनीहरूबाट नडराइकन आफ्नो हक-अधिकार असुल्दैन, तबसम्म कुनै पनि राष्ट्रको विकास र उत्थान सम्भव छैन।" (इब्ने माजह : २४२६)

- उहाँ प्रचार-प्रसारको क्रममा ताएफ (मक्कादेखि ९० कि. टाढा) तिर जानुभयो र उनीहरूलाई इस्लामको निमन्त्रणा दिनुभयो। तर उनीहरूले उहाँप्रति एकदम नराम्रो व्यवहार, निर्घात कुटपिट र ढुंगामुढा गरे । उहाँ एकदम दुखित भएर मक्का फर्किनु भयो । बाटोमा अल्लाहले स्वर्गदूत (फरिश्ता) पठाउनु भयो। स्वर्गदूतले उहाँलाई अनुरोध गर्दै भने- के यिनीहरूलाई यी दुवै पहाडहरूको बीचमा च्यापेर खत्तम पारी दिउँ ?, उहाँले जवाफ दिनुभयो : "पर्दैन, यिनीहरूले मेरो कुरा नमानेपनि यिनीहरूको अर्को पिढीले अवश्य मेरो कुरालाई बुझ्नेछन् र अल्लाहमाथि आस्था राख्नेछन् भन्ने मलाई पूर्ण विश्वास छ।" (बुखारी : ३०५९)

- उहाँको महानताको सबैभन्दा ठूलो उदाहरण के छ भने मक्काबासीले उहाँ र उहाँका साथीहरूलाई सहन नसक्ने अनेक मानसिक तथा शारीरिक यातना र दु:ख-पीडा दिएका थिए। यहाँसम्म कि एक दिन तिनीहरूले उहाँको घर घेराउ गरेर उहाँको हत्या गर्ने दुष्प्रयास पनि गरे। उनीहरूको दु:ख-पीडा र यातना खप्न नसकेर मुस्लिमहरू आफ्नो घरपरिवार, जग्गाजमिन सबै त्यागेर मदीनातर्फ प्रवास (हिजरत) गर्न बाध्य भएका थिए । केही वर्षको संघर्षपछि उहाँले मक्कामाथि विजय प्राप्त गर्नुभयो ।

> दूत मुहम्मद (स.) ले आफ्नो लागि कहिल्यै पनि कुनै चल अचल सम्पत्ति जम्मा गर्नुभएन।

त्यतिबेला मक्काका सबै ठूलाबडा भनाउदाहरू कैदी झैं पंक्तिमा उभिएका थिए। उहाँले भन्नुभयो: "यदि मैले चाहे भने तिमीहरूले गरेको एक एक गल्तीको बदला तड्पाई-तड्पाई लिन सक्छु, तर म त्यस्तो गर्दिनँ, जाऊ, तिमीहरू सबै स्वतन्त्र भयौ, मैले तिमीहरू सबैलाई माफ गरिदिएँ, । (बैहकी: १८२७५) वास्तवमा, उहाँले व्यक्तिगत रूपमा कहिल्यै पनि कसैसँग बदला लिनु भएन।

## महानता

- एकजना व्यक्तिले अल्लाहको दूतसित केही पैसा माग्यो । उहाँसँग त्यतिबेला पैसा थिएन, उहाँले भन्नुभयो : "हेर, मसँग अहिले केही पनि छैन, तै पनि तिमीलाई केही चाहिन्छ भने त्यो पसलबाट किन, पछि म चुक्ता गरुँला" यो सुनेर उमर (रजि.) ले भने : "जुन कुरा तपाईंसँग छैन, त्यसमा किन दुःख गर्नु भएको ? तर उहाँलाई उमरको कुरा मन परेन । अनि त्यो व्यक्तिले भन्यो : "नडराइकन खुब खर्च गर्नुहोस्, अल्लाहले तपाईंलाई अझ बढी दिनुहुनेछ" यो कुरा सुनेर उहाँ मुसुक्क हाँस्नु भयो र त्यो व्यक्ति खुशीले गदगद हुँदै फर्क्यो।" (अहादीस मुख्तारह : ८८)
- एक दिन बाहिरबाट ८० हजार दिरहम (चाँदीको सिक्का) आएको थियो। उहाँले त्यसलाई गुन्द्रीमा राखेर केही छिनमै सबै अल्लाहको बाटोमा दान गरिदिनुभयो। कसैलाई पनि खाली हात फर्काउनु भएन।" (हाकिम : ५४२३)

## सादा जीवन :

- उहाँले विलासी जीवनको कहिल्यैपनि चाहना गर्नुभएन, सधै सादा र सरल जीवन बिताउनु भयो । अल्लाहले भन्नुभएको छ : "हामीले कैयौं मानिसहरूलाई परीक्षाको लागि भौतिक जीवनका अनेकौं पक्षहरू प्रदान गरेका छौं, तपाईं ती विलासी जीवनको चाहना नगर्नुहोस् । अल्लाहले प्रदान गर्नु भएको रोजीरोटी नै तपाईंको लागि सर्वोत्तम र दीर्घकालीन हो ।" (कुर्आन :२०/१३१)

- उहाँको साथी उमर (रजि.) ले बयान गरेका छन् : "म एक दिन उहाँलाई भेट्न उहाँको घर गएको थिएँ । उहाँ खाली सुकुलमा सुतिरहनु भएको थियो, जसले गर्दा उहाँको शरीरमा सुकुलको डाम प्रष्ट देखिरहेको थियो । मैले यता-उता नजर दौडाएँ, अल्लाहको कसम, उहाँको घरमा मूल्यवान सामान केही पनि थिएन । यो दृश्यले म स्तब्ध भएँ र उहाँलाई प्रश्न गरेँ : 'के हजुर अल्लाहको सत्य दूत र संसारकै सर्वोत्कृष्ट व्यक्ति हुनुहुन्न ? पर्सियन र रोमनका राजा महाराजाहरू अल्लाहमाथि आस्था राख्दैनन् तै पनि उनीहरू विलासीपूर्ण जीवन बिताइरहेका छन्। अनि हजुरको यो नाजुक अवस्था, सुत्ने ओछयान पनि राम्रो छैन !' उहाँले जवाफ दिनुभयो : "के तिमीलाई ममाथि केही शंका छ ? हेर, उनीहरूका लागि दुनियाँमा मात्र हो र हाम्रो लागि सदासर्वदा स्वर्गमा हुनेछ ।" (बुखारी : २३३६)

- उहाँ भन्नु हुन्थ्यो : “मलाई दुनियाँसित के मतलब ? म त एउटा बटुवा मात्र हुँ, जो एक छिनको लागि कुनै वृक्षको छायाँमा आराम गर्छ अनि आफ्नो बाटो लाग्छ ।” (तिर्मिजी : २३७७)
- प्राय: जसो उहाँको घरमा २/३ महिनासम्म चुलोमा आगो बल्दैन्थ्यो । जमजमको पानी र खजुरको सहाराले जसो-तसो जीवन निर्वाह गर्नुहुन्थ्यो । (बुखारी : २४२८)
- कहिलेकहिँ उहाँ भोकै बस्नुहुन्थ्यो र पेट भर्न निम्न स्तरको खजुरसमेत पाउन धौ-धौ पर्थ्यो । (मुस्लिम : २९७७)
- ईश्दूतत्व ग्रहण गरेदेखि जीवनभरी लगातार तीन दिन कहिल्यै पनि पेटभरी उत्तम पिठोको रोटि खान पाउनु भएन ।
- उहाँ धेरैजसो जौंको रोटिमा गुजारा गर्नु हुन्थ्यो । (मुस्लिम : २९७६)

> उहाँले आफूलाई बटुवासँग तुलना गर्दै भन्नुभएको छ- ‘म त एउटा बटुवा मात्र हुँ, जो एक छिनको लागि कुनै वृक्षको छायाँमा आराम गर्छ अनि आफ्नो बाटो लाग्छ ।’

## वाचा पुरा गर्नु :

- वाचा पुरा गर्नु र मित्रता निभाउनु मानिसको उच्च आचरण र नैतिकता हो । यदि कुनै पक्षसँग केही करार भएको छैन, तैपनि मित्रता निभाउनु भनेको महानता हो । दूत मुहम्मद (स.) आफूलाई सत्कार गर्ने र सहयोग गर्ने मानिसहरलाई ती व्यक्तिहरूले भन्दा उत्कृष्ट ढङ्गले सत्कार र सकेसम्म सहयोग गर्नु हुन्थ्यो । सामान्य र करार नभएको व्यक्तिहरूसँग उहाँको यस्तो व्यवहार थियो भने सम्झौता भएको व्यक्तिहरूसँग झन कति उच्च व्यवहार र मित्रता निभाउनु हुन्थ्यो होला !

- जब ईसाइहरूको राजा हर्कुलसले दूत मुहम्मद (स.) को गुणहरू बारे कुरैशलाई सोधे : "के उहाँ धोका दिनुहुन्छ ?" उनीहरूले जवाफ दिए : "उहाँले कहिल्यै धोका दिनु भएको छैन ।" त्यसपछि राजाले भने : "हो, संदेष्टाहरू न त धोका दिन्छन् न त बाचा भङ्ग गर्छन् ।" (बुखारी : ७)

- उहाँले आफ्नो प्रथम श्रीमती खदीजासँग उच्च स्तरको मित्रता र वफादारी निभाउनु भयो । उहाँ आफ्नो श्रीमतीको खानदान, आफन्त, नातेदार र साथीहरूलाई सुहाउने खालको सम्मान गर्नुहुन्थ्यो ।

- दूत मुहम्मद (स.) ले आफ्नो प्रथम श्रीमती खदीजासँग गर्नु भएको उच्च व्यवहार र वफादारीलाई आइशा (रजि.) ले यसरी बयान गरेकी छिन् : "दूत मुहम्मद (स.) जहिले पनि खदीजा यस्ती थिइन्, खदीजा उस्ती थिइन् भनेर उनको अत्याधिक प्रशंसा गर्नुहुन्थ्यो । कहिलेकाहीं खसी-बाख्रा

काटेर त्यसको मासु खदीजाको आफन्त र साथीहरूलाई पठाउनु हुन्थ्यो, अनि म उहाँलाई भन्थे : शायद खदीजा बाहेक यो पृथ्वीमा अरू कोही असल महिला छैन कि क्या हो ? उहाँ जवाफ दिनुहुन्थ्यो : "हो आइशा, साच्चिकै खदीजाले मलाई एकदम नाजुक अवस्थामा साथ दिइन्, म उसको उपकारलाई कदापि बिर्सन सक्दिनँ भनेर एक-एक गरि उनका विशेषताहरू सुनाउनु हुन्थ्यो ।" (बुखारी : ३६०७)

- एथोपियाका राजा नज्जाशीका केही प्रतिनिधिमण्डल उहाँलाई भेट्न आएका थिए । उहाँले स्वयम् उनीहरूको स्वागत र सेवा गर्न थाल्नुभयो । यो देखेर उहाँका साथी (सहाबा) हरूले भने- हजुर बस्दै गर्नुहोस्, पाहुनाको सेवा गर्न हामी छौं नि । त्यसपछि उहाँले भन्नुभयो : "एथोपियाका राजाले इस्लामको प्रारम्भिक कालमा हाम्रा साथीभाइहरूलाई शरण दिएका थिए, त्यसैले उनीहरूलाई सेवा गरेर म त्यो उपकारको राम्रो बदला दिन चाहन्छु ।" (शोअबूल्-ईमान : ८७०४)

**अन्तिम दूत मुहम्मद (स.) ले अल्लाहको आदेशको पालना र अघिल्ला दूतहरूको अनुसरण गर्दै जीवनका हरेक गोरेटोहरूमा उच्च आचरणका सर्वोत्कृष्ट एवम् अतुलनीय उदाहरणहरू प्रस्तुत गर्नु भएको छ ।**

यो मस्जिद नबवी; मक्काको मस्जिद-हराम पछिको दोस्रो उत्कृष्ट मस्जिद हो। मक्काबासीको दु:ख र पीडा खेप्न नसकेर दूत मुहम्मद (स.) ले मदीना प्रवास (हिजरत) गर्नुभएको थियो। उहाँले मदिना पुगेपछि यो मस्जिदको निर्माण गर्नुभएको थियो। मदीनामै उहाँको निधन भयो र त्यहीं ‹दफन› गरियो। प्रत्येक बर्ष लाखौं दर्शनार्थीहरू यो मस्जिदमा आउने गर्दछन्।



# मुहम्मद (स.) का उपदेशहरू





मुस्लिमहरूले संदेष्टा मुहम्मद (स.) को युगदेखि नै उहाँका सम्पूर्ण उपदेश (हदीस) र वाणीहरूलाई मौखिक तथा लिखित दुवै रूपमा सुरक्षित राख्न धेरै प्रयत्न गरेका छन्। धर्मगुरूहरू तथा कुर्आन र हदीसलाई कण्ठ गर्ने व्यक्ति (हाफिज) हरू ले उहाँका प्रत्येक वचन, भनाई र उपदेशहरूलाई सुरक्षित राख्न प्रतिस्पर्धा गरेका छन्। हदीसहरूलाई सुरक्षित राख्नको लागि हदै सम्म सतर्कता अपनाइएको छ। जसले गर्दा कुन कुरा उहाँबाट प्रमाणित छ/छैन, सजिलैसँग भन्न सकिन्छ। उहाँको उपदेश (हदीस) का केही झलकहरू यस प्रकार छन् :


- “सम्पूर्ण कर्म र पुण्यहरू नीयतमा आधारित छन् । जसले जस्तो नीयत गरेको छ, उसले त्यस्तै प्रतिफल पाउनेछ ।” (बुखारी : १)

- “उच्च आचरण नै पुण्य हो र जुन कुरा तिम्रो हृदयमा खट्किन्छ र अरूबाट लुकाउन खोज्छौ, त्यो नै पाप हो ।” (मुस्लिम : २५५३)

- “तिमी जहाँ र जुन अवस्थामा रहे पनि अल्लाहसित डर । अन्जानमा पाप हुन गएमा क्षमायाचना र पुण्य गर, पुण्यले पापलाई मेटाउँछ । मानिसहरूसँग राम्रो व्यवहार गर ।” (तिर्मिजी : १९८७)

- “भौतिक लोभ नगर, अल्लाहले तिमीलाई माया गर्नुहुनेछ । अर्काको धनको लोभ नगर, मानिसहरूले तिमीलाई माया गर्नेछन् ।” (इब्ने माजह : ४१०२)

- “इस्लाम एउटा सुन्दर भवन हो । म भन्दा पहिले जति संदेष्टाहरू आए, सबैले एक-एक इँटा थप्दै गए, बिस्तारै-बिस्तारै एउटा सुन्दर र आकर्षक भवनको निर्माण भयो । त्यो घर हेर्न मानिसहरूको ओइरो लाग्यो । त्यसमा मात्र एउटा इँटाको ठाउँ खाली थियो जुन मबाट पुरा भयो। किनभने अल्लाहले मलाई सम्पूर्ण दूतहरूको समापक बनाउनु भएको छ ।” (बुखारी : ३३४२)




“जबसम्म तिमीहरू आस्थावान बन्दैनौ, तबसम्म स्वर्गमा प्रवेश गर्न सक्दैनौ र जबसम्म तिमीहरू एकार्कासँग प्रेम गर्दैनौ, तबसम्म आस्थावान बन्न सक्दैनौ । हेर, यदि तिमीहरू व्यापक रूपमा एक अर्कालाई सलाम गर्छौ भने तिमीहरूमा आफैं माया पलाउँछ ।” (मुस्लिम : २६९९)

- “जसले दुनियाँमा कुनै आस्थावानलाई सहयोग गर्छ, अल्लाहले कयामतको दिन उसको उद्धार गर्नुहुनेछ। जसले पिडितको उद्धार गर्छ, अल्लाहले उसलाई लोक-परलोकमा सफलता र शान्ति प्रदान गर्नुहुनेछ। जसले कुनै मुस्लिमको इज्जतलाई ढाकछोप गर्छ, अल्लाहले लोक-परलोकमा उसको इज्जतलाई ढाकछोप गर्नुहुनेछ । जो आफ्नो दाजुभाइको मद्दतमा लागिपरेको हुन्छ, ऊमाथि अल्लाहको मद्दतको वर्षा भईरहन्छ । जो ज्ञानको खोजीमा हिंड्दछ, अल्लाहले उसको लागि स्वर्गको बाटो सहज गरिदिनु हुन्छ .... सुन, जसले यस दुनियाँमा धर्म कर्म गरेको छैन, उसको वंशले उसलाई (महाप्रलयको दिन) फाइदा पुर्याउन सक्दैन ।” (मुस्लिम : २६९९)

- “जबसम्म तिमीहरू आफ्नो दाजुभाइको लागि त्यही कुरा रोज्दैनौ, जुन आफ्नो लागि मन पराउँछौ, तबसम्म तिमीहरू आस्थावान बन्न सक्दैनौ।” (बुखारी : १३)
- “जसले अरूलाई दु:ख दिदैन, ऊ नै सच्चा मुस्लिम हो ...।” (बुखारी : १०)
- “खबरदार, जसले गैर-मुस्लिममाथि अन्याय गर्छ वा क्षमता भन्दा बढी काम गर्न लगाउँछ वा उसलाई जबर्जस्ती गर्छ भने कयामतको दिन पीडितको तर्फबाट म वकालत गर्नेछु।” (अबू-दाऊद : ४९४१)
- “दयावानहरूमाथि अल्लाहले दया गर्नुहुन्छ। तिमीहरू मानिसहरूमाथि दया गर, ईश्वरले तिमीहरूमाथि दया गर्नुहुनेछ।” (अबू-दाऊद : ४९४१)
- “जसले धोका दिन्छ, ऊ हामीमध्येको होइन।” (तिर्मिजी : १३१५)
- “मुस्लिमहरू बीचको आपसी प्रेम, दया र सहानुभूतिको उदाहरण एउटा सिङ्गो शरीर झैं हो। जसरी कुनै अङ्गमा काँडा बिज्दा वा चोट लाग्दा, पुरै शरीर ज्वरो र पीडाले ग्रस्त हुन्छ।” (मुस्लिम : २५८६)

- "तिमीहरू जिम्मेवार व्यक्ति हौ र प्रत्येकसित उसको जिम्मेवारीप्रति सोधिने छ । मुस्लिमको हाकिम सम्पूर्ण मुस्लिमहरूको जिम्मेवार हुन् र ऊसित उसको जिम्मेवारीप्रति सोधिने छ । पुरूष आफ्नो घरको अभिभावक हो र ऊसित उसको जिम्मेवारीप्रति सोधिने छ। श्रीमती आफ्नो श्रीमानको घरको जिम्मेवार हुन् र उनीसित उनको जिम्मेवारीप्रति सोधिने छ । नोकर मालिकको धन-सम्पत्तिको जिम्मेवार व्यक्ति हो र ऊसित उसको जिम्मेवारीप्रति सोधिने छ ।" (बुखारी : ४८९२)
- "तिमीहरूमध्ये उत्कृष्ट आस्थावान त्यो व्यक्ति हो, जसको आचरण सबैभन्दा राम्रो छ । तिमीहरूमध्ये उत्कृष्ट व्यक्ति त्यो हो, जसले आफ्नो घरपरिवारसित असल व्यवहार गर्छ ।" (तिर्मिजी : ११६२)
- "तिमीहरूमध्ये उत्कृष्ट व्यक्ति त्यो हो, जसले आफ्नो घरपरिवारसित असल व्यवहार गर्छ र म आफ्नो घरपरिवारसित राम्रो व्यवहार गर्छु।" (तिर्मिजी : ३८९५)
- "अल्लाहले हरेक काममा सरलतालाई मन पराउनुहुन्छ ।" (बुखारी : ५६७८)
- "जसले दया गर्न जान्दैन, उसले पुण्यका धेरै अवसरहरू गुमाउनेछ।" (मुस्लिम : २५९२)
- "कपटीका तीन पहिचानहरू छन्; झूठो कुरा गर्नु, वाचा पुरा नगर्नु र नासोमा हिनामिना गर्नु ।" (बुखारी : ३३)



“जसले आफू भन्दा ठूलालाई सम्मान र सानोलाई माया गर्दैन, ऊ हामीमध्येको होइन ।” (तिर्मिजी : १९२०)

- “नचाहिने कुराको पछि नलाग्नु सच्चा मुस्लिमको पहिचान हो ।” (तिर्मिजी : २३१७)
- “एउटा यात्रीलाई बाटोमा हिंडिरहेको बेला धेरै तिर्खा लाग्यो । उसले बल्ल-तल्ल एउटा कुवा भेटायो र कुवामा झरेर आफ्नो तिर्खा मेटायो। बाहिर निस्केपछि तिर्खाले माटो खाइरहेको एउटा कुकुरलाई देख्यो र मनमनै सोच्न थाल्यो- शायद, यो कुकुरलाई पनि मलाई जस्तै बेस्सरी तिर्खा लागेको होला । ऊ पुनः कुवामा झर्यो र छालाको मोजामा पानी भरी त्यसलाई मुखमा च्यापेर बल्ल-तल्ल बाहिर ल्याएर कुकुरलाई पिलायो र अल्लाहको कृतज्ञता व्यक्त गर्यो र अल्लाहले उसका पापहरूलाई पखालि दिनुभयो । सहाबीहरूले सोधे : के जनावरप्रतिको सद-व्यवहारमा पनि पुण्य पाइन्छ र ? उहाँले जवाफ दिनुभयो : “प्रत्येक प्राणीप्रतिको सद-व्यवहारमा पुण्य छ ।” (बुखारी : २४६६)



## कुर्आनमा दूत मुहम्मद (स.) को वर्णन

कुर्आनले उहाँको व्यक्तित्व, उत्कृष्ट व्यवहार, उच्च आचरण, नम्रता र जीवनका अनेकौं प्रेरणादायी पक्षहरूलाई वर्णन गरेको छ, तीमध्ये केही यस प्रकार छन् :

- अल्लाहले उहाँलाई सम्पूर्ण जगतको लागि दयालु र कृपालु बनाएर पठाउनुभएको थियो (कुर्आन : २१/१०७) । मात्र मुस्लिमको लागि होइन ।
- उच्च आचरण उहाँको पहिचान हो । (कुर्आन : ६८/४)
- समाजमा ब्यापक रहेको अन्धविश्वास र प्रतिमाको पूजादेखि उहाँ असाध्यै चिन्तित हुनुहुन्थ्यो । आफ्नो समुदायलाई सत्य मार्गमा डोर्याउन मरिहत्ते गर्दै उनीहरूको पछिपछि लाग्नुहुन्थ्यो । यद्यपि अल्लाहले उहाँलाई बारम्बार निर्देशन दिनुभयो कि तपाईंको जिम्मेवारी मात्र सन्देश पुर्याउनु हो । सत्य मार्गमा डोर्याउने काम आल्लाहको हो । (कुर्आन : ११/१२, ६/१०७, १८/११०)

- कसैबाट केही गल्ती भयो भने उहाँ माफ गरिदिनु हुन्थ्यो र देखेर पनि नदेखे झैं गर्नुहुन्थ्यो । (कुर्आन : ९/४३)
- मनाही नगरुन्जेल उहाँ दुश्मनको लागि क्षमायाचना गरिरहनु हुन्थ्यो। (कुर्आन : ९/८०)
- आस्थावानहरूलाई जुन कुराको कठिनाइ महसुस हुन्थ्यो, उहाँलाई पनि महसुस हुन्थ्यो । उहाँ उनीहरूका लागि अत्यन्तै दयालु हुनुहुन्थ्यो । (कुर्आन : ९/१२८)
- कहिलेकाहीं उहाँका साथीहरू अबेरसम्म उहाँको घरमा बस्दा उहाँलाई अप्ठयारो महसुस हुन्थ्यो, तर भन्न लजाउनु हुन्थ्यो । (कुर्आन : ३३/ ५३)
- उहाँ एकदम मिलनसार र नरम स्वभावको हुनुहुन्थ्यो । साथीभाइहरूसँग राम्रो व्यवहार गर्नुहुन्थ्यो । उनीहरूसँग सर सल्लाह लिनुहुन्थ्यो । एकदम गम्भीर अवस्थामा पनि उनीहरूको सल्लाह र सुझावहरूलाई प्राथमिकता दिनुहुन्थ्यो । (कुर्आन : ३/१५९)

# कुर्आन, एक अनन्त चमत्कार





विश्वमा

विश्वमा सबैभन्दा बढी बिक्री र वितरण हुने कस्तो किताब हो यो कुर्आन ? विश्वभरिका साढे एक अरब भन्दा बढी मुस्लिमहरूको मुटुको धड्कन र आस्थाको केन्द्र कसरी बन्न पुग्यो यो कुर्आन ?

## पवित्र धर्मग्रन्थ कुर्आनप्रति मुस्लिमको आस्था :

- यो सत्य ईश्वर (अल्लाह) को वाणी हो। उहाँले आफ्नो अन्तिम दूत मुहम्मद (स.) माथि अवतरण गर्नुभयो। यो विश्वकै मानिसहरूको लागि मार्गदर्शन र ज्ञानको भण्डार हो।
- यो अन्तिम आकाशीय धर्मग्रन्थ हो।
- यो एकदम स्वच्छ र शत प्रतिशत सुरक्षित ग्रन्थ हो।
- कुर्आनको पाठ र कण्ठ गर्नु तथा यसको विधि-विधानलाई आफ्नो जीवनमा उतार्नु र कार्यन्वयन गर्नु उपासना हो।

> और सर्वप्रथम छंद "इक़्रा बिस्मि रब्बिकल्लज़ी ख़लक़" अवतरित हुई, (ऐ मुहम्मद, पढ़ो अपने रब के नाम से, जिसने सृष्टि की)। वह परिस्थितियों और घटनाओं के आधार पर २३ वर्षों के अंतराल में अवतरित हुआ।

अल्लाहले आफ्नो वरिष्ठ स्वर्गदूत 'जिब्रील' (अ.) द्वारा अन्तिम र सर्वश्रेष्ठ दूत मुहम्मद (स.) माथि कुर्आन अवतरण गर्नुभयो। त्यतिबेला उहाँ ४० वर्षको हुनुहुन्थ्यो। सर्वप्रथम "ईक्रा बिस्मि रब्बिकल्लजी खलक" (हे मुहम्मद, त्यो ईश्वरको नामले पढ, जसले पृथ्वीको सृष्टि गर्नु भएको छ) अवतरित भएको थियो र २३ वर्षको अन्तरालमा विस्तारै-विस्तारै पुरा कुर्आन अवतरण भएको थियो।


कुर्आनमा जम्मा ११४ अध्याय (सूरह) हरू छन्। यसले जीवनजगतका सम्पूर्ण विषयवस्तु र विधि-विधानहरूलाई समेटेको छ। कुर्आनको भाषा भन्दा उच्च कोटिका कुनै पनि अरबी साहित्य छैन। कुर्आनले मानवजातिलाई सत्य ईश्वर (अल्लाह) को उपासनातिर आह्वान गर्दछ।

**कुर्आनका मुख्य विषयवस्तुहरू :**

- सत्य ईश्वर (अल्लाह) एक हुन् भन्ने कुराको प्रमाणीकरण र मिश्रणवाद तथा बहुदेववादको खण्डन।
- अघिल्ला दूत र समुदायहरूको वर्णन।
- ईश्वरका अनेकौं वरदान, विशाल पृथ्वी र यसमा रहेका विभिन्न प्राणीहरूमा मनन् गर्न आह्वान।
- इस्लामी विधि-विधान, उपदेश र आदेशको स्पष्टीकरण।
- आस्थावानहरूको आचरण र विशेषताहरूको वर्णन तथा खराब गुणहरूप्रति चेतावनी।

- महाप्रलयको घटना, आस्थावानहरूका लागि राम्रो प्रतिफल र नास्तिक तथा बहुदेववादीहरूका लागि नराम्रो परिणामको वर्णन र चेतावनी ।
- दूत मुहम्मद (स.) र उहाँका साथीहरूको जीवनगाथाबाट आस्थावानहरूको प्रशिक्षण ।

**कुर्आनका केही विशेषताहरू :**





## कुर्आनको संरक्षणमा चमत्कार :


अल्लाहले आफ्नो अन्तिम ग्रन्थलाई कण्ठ र वाचन (तिलावत) गरिएको हुनाले कुर्आनको संज्ञा र लेखेर सुरक्षित गरिएको हुनाले किताबको संज्ञा दिनु भएको छ। वास्तवमा, कुर्आनलाई उक्त दुवै तरिकाले पूर्णरूपमा सुरक्षित गरिएको छ। कुर्आन अवतरित हुने बित्तिकै दूत मुहम्मद (स.) आफ्नै अगाडि लेख्न लगाउनु हुन्थ्यो र आफैंले पढेर शुद्धसँग कण्ठ गराउनु हुन्थ्यो। त्यसैले किताबमा लेखिएको र उहाँको मुखबाट कण्ठ गरिएको कुर्आनमा एकरूपता नभएसम्म मान्यता प्राप्त हुँदैन्थ्यो।

ईसाई धर्मशास्त्रीहरूले बाइबलमा रहेको मतभेद, विरोधाभास र एक अर्कासँग बाझिएका कुराहरूलाई सामान्य मान्छन्। किनभने यी विभिन्न श्रोतहरू, फरक मिति र समयमा लेखिएको र अप्रत्यक्ष प्रकाशनाबाट लिइएको हुनाले यसमा भिन्नता रहेको पाईन्छ। ईसाई धर्मगुरूहरू मात्र यो कुरामाथि जोड दिन्छन् कि यो मार्गदर्शनका श्रोत हुन्। अतः बाइबल (पुरानो र नयाँ संस्करण) आफ्नो यथावत रूपमा सुरक्षित छैन।

यसको विपरीत कुर्आन हरेक प्रकारको विरोधाभास, वाह्य तथा आन्तरिक मतभेद र भिन्नताबाट पवित्र किताब हो । जसलाई संसारका न्यायप्रेमीहरूले पनि स्वीकार गरेका छन् । किनभने कुर्आनको शब्द र अर्थ दुवै अल्लाहको तर्फबाट अवतरित भएका हुन् । अल्लाहले अन्तिम संदेष्टा मुहम्मद (स.) माथि कुर्आन अवतरण गर्नुभयो, यसपछि उहाँका साथीहरूले उहाँको मुखबाट जे सुने त्यसलाई जस्ताको त्यस्तै कण्ठ गरे र किताबमा लेखेर सुरक्षित राखे । मुस्लिमहरूमा रहेका केही आपसी मतभेदका बावजुद कुर्आनको एक शब्दमा पनि कुनै मतभेद र फेरबदल भएको छैनन् ।

अन्तिम संदेष्टा मुहम्मद (स.) को युगदेखि आजसम्म मुस्लिमका सम्पूर्ण पुस्ताले अति सतर्कताका साथ कुर्आनलाई सुरक्षित गरेका छन् । कुर्आनको लेखन कार्य, उच्चारण, पाठ गर्ने तरिका र शैली, कण्ठ गर्ने कार्य, कुर्आनको प्रतिलिपि र छपाई कार्य कडा मिहिनेतका साथ गरेका छन् । आजसम्म पनि एक अक्षर, बरू ह्रस्व दीर्घ वा इकार, ऊकारमा पनि फरक भएको छैन । आज पनि यदि कोही व्यक्ति कुर्आनको एक प्रति चीन वा अफ्रिका वा संसारको कुनै पनि ठाउँ, जहाँबाट पनि खरिद गर्छ र म्यूजियमहरूमा रहेका एक हजार वर्ष पुरानो प्रतिसँग तुलना गरेर हेर्छ भने उसले दुवै

प्रतिहरूमा एक शब्दको पनि फरक पाउँदैन। आज इन्डोनेसियाको एकजना बालकले गरेको पाठ (तिलावत) मा र एक हजार वर्षअघि मक्काको धर्मगुरूले गरेको पाठमा कुनै फरक पाइदैन। यो कुरालाई कुर्आनमा यसरी भनिएको छ : “यदि यो कुर्आन अल्लाहबाहेक अन्य कसैको तर्फबाट अवतरित भएको भए यिनीहरूले यसमा धेरै विरोधाभास पाउने थिए।” (कुर्आन : ४/८२) यसमा आश्चर्य मान्नु पर्ने कुरा नै छैन, किनभने कुर्आनको सुरक्षाको जिम्मेवारी स्वयम् अल्लाहले लिनु भएको छ। उहाँले भन्नुभएको छ : “हामीले नै यो कुर्आनलाई अवतरण गर्यौं र हामीले नै यसको सुरक्षा गर्नेछौं।” (कुर्आन : १५/९)



### कुर्आनका मनोवैज्ञानिक चमत्कारहरू :

जसले ध्यानपूर्वक कुर्आन पढ्छ, उसले महसुस गर्छ कि यो उसैलाई व्यक्तिगत रूपमा सीधा र सटिक तरिकाले सम्बोधन गरिरहेको छ । अचम्मको कुरा के छ भने कुर्आनको पाठ गर्दा पाठकले कहिल्यै नसोचेको आश्चर्यजनक कुरा र जीवनका महत्वपूर्ण पक्षहरूलाई कुर्आनले समेटेको छ ।

एक जना कलाकार यस्तो आँखाको चित्र कोर्न सक्षम छ, जुन चित्रले दर्शकलाई आफू जहाँ जहाँ गएपनि उसलाई नै हेरिरहेको महसुस हुन्छ । तर कुर्आन, एउटा किताबमा कसरी पाठकहरूले सोचिरहेको कुराहरूको वर्णन गरिएका छन् ? पाठकहरूको दिमागमा जे जे प्रश्नहरू उब्जिन्छन्, ती सबै प्रश्नहरूको उत्तर अघि पढ्दै जाँदा पाउँदै जान्छन् । यद्यपि पाठकहरू विभिन्न क्षेत्र, संस्कृति र पृष्ठभूमि बोकेका हुन्छन् ।

मानिसको पहिचान गर्न, उनका रहस्य र कमीकमजोरीलाई दर्शाउन कुर्आनको छुट्टै शैली छ । हुनत शुरुवातमा पाठकलाई अलि अप्ठ्यारो महसुस हुन्छ, तर कुर्आनले यस्तो प्रश्न गर्छ जसले उसको दिल दिमागको बन्द ढोका खोलि दिन्छ। जुन प्रश्नहरूको जवाफबाट ऊ पन्छिन खोज्छ, त्यसलाई हृदयदेखि स्वीकार गर्न राजी हुन्छ ।

जब कोही कुर्आनमा रहेका विभिन्न पृष्ठभूमि बोकेका व्यक्तिहरूको सत्य कथा पढ्छ, राम्रो-नराम्रो मानिसहरूका गुण-अवगुणहरूलाई स्मरण गर्छ, आस्तिक र नास्तिकहरूको परिणाम र ठेगानाको वर्णन पढ्छ, तब ऊ आफ्नो बारेमा सोच्न थाल्छ र आफैं भित्र रहेका गुण-अवगुण र कमीकमजोरीहरू मूल्यांकन गर्न थाल्छ । त्यसपछि उसलाई ज्ञात हुन्छ कि इस्लामलाई आत्मसात नगरेमा आफू पनि अल्लाहको रिसको शिकार हुनेछ । किनभने कुर्आनले उसको गुण-अवगुणहरू वर्णन गरिरहेको पाउँदछ । अनि ऊ अन्ततः स्वच्छ मनले "लाइलाह इल्लल्लाह" (अल्लाह बाहेक कोही पूज्य छैन) गवाही दिएर इस्लामलाई आत्मसात गर्छ ।

जब कोही भक्तजन निराश हुन्छ तब अल्लाहको यो वाणी पढेर सन्तुष्ट हुन्छः "हे दूत, मेरा भक्तहरूलाई भनिदेऊ, तिमीहरूमध्ये जसले आफैंमाथि अन्याय गरेको छ, अल्लाहको कृपाबाट निराश नहोऊ । निश्चय नै अल्लाहले सम्पूर्ण पापहरू क्षमा गर्नुहुनेछ । निस्सन्देह उहाँ अत्यन्त क्षमाशील एवं परम दयालु हुनुहुन्छ ।" (कुर्आन : ३९/५३)

जब कोही भक्त दुःख र पीडामा हुन्छ र कसैको शरणको आवश्यकता महसुस गर्दछ, तब यो आयतले उसलाई राहत मिल्छ : "हे संदेष्टा ! जब मेरा भक्तहरूले मेरो विषयमा तिमीलाई सोध्नेछन्, तब भनिदेऊ, "म उनीहरूदेखि एकदम नजिक छु र गुहार गर्नेहरूको गुहार स्वीकार गर्नेछु । अतः उनीहरूले मसित मागुन् र मप्रति आस्था राखून्, ताकि उनीहरूले सत्मार्ग पाउन सकून् । (कुर्आन : २/१८६)

जब कोही व्यक्ति आफूलाई एकदम लाचार महसुस गर्छ, तब कुर्आनको निम्न श्लोक पढेर अल्लाहको सहायता पाएको महसुस गर्छ : “अल्लाहले कुनै पनि व्यक्तिलाई उसको शक्ति भन्दा बढी जिम्मेवारी दिनुहुन्न । उसले कमाएको पुण्य उसैको लागि हो र उसले बटुलेका पाप उसैले भोग्नु पर्नेछ । हे हाम्रा पालनकर्ता! हामी बिर्सन्छौं वा गल्ती गर्छौं भने हामीलाई केरकार नगर्नुहोस् । हे हाम्रा पालनकर्ता ! हामीमाथि त्यस्तो बोझ नराख्नुहोस्, जस्तो तपाईंले हामीभन्दा पहिलेका मानिसहरूमाथि राख्नु भएको थियो । हे हाम्रा पालनकर्ता ! हामीमाथि त्यस्तो बोझ नराख्नुहोस्, जुन सहने शक्ति हामीमा छैन । हामीप्रति नम्र व्यवहार गर्नुहोस्, हामीलाई क्षमा गर्नुहोस् र हामीमाथि दया गर्नुहोस् । तपाईं नै हाम्रो स्वामी हुनुहुन्छ । अतः अवज्ञाकारी (काफिर) विरूद्ध हामीलाई सहयोग प्रदान गर्नुहोस्।” (कुर्आन : २/२८५)

**विल डुरान्टले कुर्आनको महत्व र प्रभावलाई स्वीकार गर्दै आफ्नो प्रसिद्ध लेख (सभ्यताको कथा : १३ / ६८-६९) मा लेखेका छन् :**

विगतका हरेक युगमा विभिन्न पृष्ठभूमि बोकेका कतिपय शिक्षित तथा बुद्धिजीवी वर्गहरूले इस्लामलाई आत्मसात गरेका छन् । आज पनि विश्वभरिका शिक्षित वर्ग र विकसित मुलुकका विभिन्न पृष्ठभूमिका अनगन्ति मानिसहरूले तीब्रताका साथ इस्लामलाई आत्मसात गरिरहेका छन् । किनभने इस्लामको आस्था सत्य, स्वच्छ, शुद्ध र एकदम सरल छ । जुन सृष्टि र प्रतिमाको पूजाबाट पवित्र छ । इस्लामले मानवलाई जीवनको उतार-चढाव र कठिन परिस्थितिमा डटेर सामना गर्न सिकाउँछ र भाग्यलाई दोष नदिइकन सम्पूर्ण अवस्थामा ईश्वरको कृतज्ञता व्यक्त गर्ने शिक्षा दिन्छ । जुन शिक्षा हासिल गर्ने ढोका सबैको लागि खुल्ला छ । यहूदी र क्रिश्चियन लगायत संसारका जुनसुकै धर्मावलम्बीले सहर्ष इस्लाम आत्मसात गर्न सक्छन् । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “पूर्व वा पश्चिमतिर अनुहार फर्काउनु सत्कर्म होइन । अल्लाह, कयामतको दिन, ग्रन्थ, फरिश्ता र सम्पूर्ण रसूलहरूमाथि विश्वास गर्नु, सम्पत्तिप्रति मोह हुँदा-हुँदै आफन्त, अनाथ, गरिब, बटुवा र मगन्तेहरूलाई दिनु अनि दासहरूमाथि खर्च गर्नु, सलाह पढ्नु, दान दिनु, वाचा पुरा गर्नु, संकट, विपत्ति तथा युद्धको अवस्थामा धैर्य गर्नु नै ठूलो सत्कर्म हो ... ।” (कुर्आन : २/१७७)

# कुर्आन कहाँबाट आयो ?





पवित्र ग्रन्थ कुर्आन र मुहम्मद (स.) को बारेमा कुरा गर्दा दिमागमा एउटा तार्किक प्रश्न के आउँछ भने यो कुर्आन कहाँबाट आयो ? यसमा वर्णन गरिएका कुराहरू हामीले किन स्वीकार गर्नुपर्छ ? हामीलाई यसको बारेमा प्रश्न गर्ने कुनै अधिकार छैन कि क्या हो ?



कुर्आन एउटा यस्तो व्यक्तिमाथि अवतरित ग्रन्थ हो, जो स्वयम् निरक्षर हुनुहुन्थ्यो । जसको जन्म छैटौं शताब्दीमा अरबद्विपको ऐतिहासिक ठाउँ मक्कामा भएको थियो र उसको नाम मुहम्मद (स.) हो भन्ने कुरामा सम्पूर्ण इतिहासकारहरूको एकमत रहेको छ । यो कुर्आन अन्तिम धर्मग्रन्थ र इश्वरको वाणी हो । जुन जिब्रील देवदूतद्वारा मुहम्मद (स.) माथि अवतरित गरियो । यसलाई नत मुहम्मद (स.) ले लेख्नु भएको छ नत उहाँका साथीहरूले नै । उहाँको कार्य त्यसको प्रचार-प्रसार गर्नु, नबुझिएको कुराहरूलाई बुझाई दिनु र बिना कुनै थपघट जनमानसमा पुर्याउनु हो ।

के यो सम्भव छ, कि मुहम्मद (स.) ले आफैं कुर्आन लेख्नु भयो वा यताउताका कथाहरू बटुलेर तयार पार्नु भयो र जनमानस समक्ष पेश गर्नुभयो ?

> यदि इस्लाम के ईशदूत (मुहम्मद) लोगों पर अपना प्रभाव बढ़ाने केलिए अपने शब्दों को ईश्वर से जोड़ कर धोखाधड़ी करना चाहते, तो अपने सभी शब्दों में यह दावा क्यों नहीं किया?!

कुर्आन र मुहम्मद (स.) को जीवनीसँग अपरिचित व्यक्तिको दिमागमा यस्ता किसिमका प्रश्नहरू खेल्नु स्वाभाविक हो। तर जसले कुर्आन र मुहम्मद (स.) को जीवनी पढेको छ, उसले यस्ता कुराहरू सोच्न पनि सक्दैन।

ऐतिहासिक अध्ययनले प्रमाणित गरेको र हामीलाई थाहा भएको कुरा हो, इतिहासमा यस्ता कैयौं लेखक, साहित्यकार र दार्शनिकहरू फेला परेका छन्। जसले अर्काको लेख चोरेर यो मेरो लेख हो भनेर दाबी गरेका छन्। त्यसो भए के कसैले आफ्नो रगत पसिना बगाएर तयार पारेको लेख वा आविष्कारलाई अरूको हो भनेर भन्लान् त ?

प्रश्न के उठ्छ भने यदि मुहम्मद (स.) ले जनमानसमा प्रभाव पार्नको लागि (कुर्आन) लाई अल्लाहको तर्फबाट हो भनेर दाबी गर्नु भएको हो भने उहाँले आफ्ना अन्य भनाईहरूको बारेमा किन दाबी गर्नु भएन ?

यदि मुहम्मद (स.) ले कुर्आन आफैं रचना गर्नु भएको भए आफ्नो लेख (कुर्आन) लाई अल्लाहको तर्फबाट हो भनेर भन्ने के आवश्यकता थियो ? किनभने कुर्आनका विभिन्न स्थानहरूमा स्वयम् मुहम्मद (स.) लाई हप्काइएको छ, उहाँबाट भएको भूल चुकलाई सुधारिएको छ र आइन्दा यस्तो गल्ती नदोहोर्याउन कडा निर्देशन दिइएको छ । के आफैंले आफूलाई हप्काउनु बुद्धिमानी हो र ?

जसले कुर्आन पढेको छ उसलाई राम्ररी थाहा छ, कुर्आनले बिना कुनै पक्षपात सबैको लागि अनुकूल सुझाव र निर्देशन दिएको छ । यहाँसम्म कि मुहम्मद (स.) लाई आफ्नो पारिवारिक मुद्दा, उहाँको नेतृत्वमा गरिएका केही निर्णयहरू र इस्लामतिर अह्वान गर्ने तरिकामा भएको भूल चुकलाई सच्च्याइएको छ !

उदाहरण : एक दिन मुहम्मद (स.) कुरैशका केही महान नेता र अगुवाहरूलाई इस्लामतिर आह्वान गर्नमा व्यस्त हुनुहुन्थ्यो । अचानक एकजना अन्धो व्यक्ति टुप्लुक्क उपस्थित भए र उहाँसित इस्लामको बारेमा केही कुराहरू सोध्न थाले । मुहम्मद (स.) लाई त्यो नेत्रहीन व्यक्तिको हस्तक्षेप मन परेन र उसको कुरालाई बेवास्ता गर्दै कुरैशका व्यक्तित्वहरूलाई इस्लामको निमन्त्रणा दिनमा व्यस्त हुनुभयो । उहाँको यो बेवास्ता गर्ने तरिका अल्लाहलाई मन परेन । अल्लाहले तत्काल अध्याय ८० का १ देखि ११ सम्मका श्लोकहरू अवतरण गर्नु भयो । यहाँसम्म कि यस अध्यायको नाम नै ‘अ ब स’ (बेवास्ता गर्नु) रहन गयो र मुहम्मद (स.) लाई आइन्दा यस्तो गल्ती नदोहोर्याउन कडा निर्देशन दिइयो ।

त्यसपछि मुहम्मद (स.) त्यो नेत्रहीन व्यक्तिसँग भेट हुँदा धेरै सम्मान गर्नुहुन्थ्यो र आफ्नो खास्टो ओछ्याएर त्यसमाथि बसाउनु हुन्थ्यो ।

मुहम्मद (स.) लाई हप्काइएको र उहाँको गल्तीलाई सच्याइएको कैयौं घटनाहरू कुर्आनमा वर्णन गरिएका छन् । कहिलेकाहीं त उहाँलाई सबैको अगाडि नै चेतावनी दिइएको छ । यदि मुहम्मद (स.) लाई प्रतिष्ठा र सम्मान नै चाहिएको थियो भने के उहाँ आफ्नो गल्तीलाई यसरी सबैको अगाडि चर्चा गरेर इतिहासको पानाहरूमा लेख्न लगाउनु हुन्थ्यो र ?

इतिहासले प्रमाणित गरेकै कुरा हो, जीवनमा कैयौं पटक मुहम्मद (स.) ले आफ्नो इमान्दारिता, सत्यता र आफ्नो परिवारको निर्दोषता प्रमाणित गर्नका लागि वहीको प्रतिक्षामा कैयौं दिन एकदम कठिन परिस्थितिमा बिताउनु पर्यो, तर वही आएन .. ।

उदाहरण : उहाँका आफ्नै खानदानका केही कट्टर शत्रुहरूले उहाँलाई सबैको अगाडि नाङ्गो झार पार्न र उहाँलाई पराजित गर्नको लागि मदीनाका यहूदी धर्मगुरूसित गहन छलफल गरी षड्यन्त्र गर्ने विधिहरू सिकेर आए ।

यहूदी धर्मगुरूहरूले तिनीहरूलाई भने : तिमीहरू मुहम्मद (स.) सित तीन वटा प्रश्न गर । यदि उसले तीनै वटा प्रश्नहरूको सही जवाफ दियो भने ऊ साँच्चिकै अल्लाहको संदेष्टा हो । होइन भने पाखण्डी हो । मौकामा चौका हाने झैं उनीहरूले हतार-हतार गएर मुहम्मद (स.) लाई यी प्रश्नहरू सोधे र उहाँले पनि भोलिपल्ट जवाफ दिन्छु भनेर चुनौती दिनुभयो ... ।

त्यसपछि धेरै दिनसम्म वही आउन बन्द भयो। एकातिर वही आउन ढिलो भएकोले मुहम्मद (स.) को पीडा बढ्दै गइरहेको थियो, उहाँ जवाफको लागि छटपटाइ रहनुभएको थियो र अर्कोतिर उहाँका कट्टर शत्रुहरूले जवाफ दिन नसकेकोमा खिल्ली उडाउन थाले। १५ दिनपछि बल्ल वही अवतरित भयो र उहाँले प्रश्नकर्ताको तीनै वटा प्रश्नहरूको उत्तर दिनुभयो। वही ढिलो हुनको कारण के थियो भने उहाँले प्रश्नकर्तालाई 'भोलिपल्ट जवाफ दिन्छु' भन्नुभयो, तर इन्शा अल्लाह (अल्लाहले चाहनु भएमा) भन्नुभएन। अतः अल्लाहले उहाँलाई सिकाउनको लागि वही रोक्नु भएको थियो। यसको तपसिल कुर्आन : १८/२४ मा उल्लेख छ। यदि कुर्आन उहाँको आफ्नै रचना भएको भए १५ दिनसम्म किन कुर्नुपर्ने थियो ?

> मुहम्मद (स.) लाई हप्काइएको र उहाँको गल्तीलाई सच्याइएको कैयौं घटनाहरू कुर्आनमा वर्णन गरिएका छन्। कहिलेकाहीं त उहाँलाई सबैको अगाडि नै चेतावनी दिइएको घटनाहरू छन्।

### पटक पटक लगाइएको अभियोग :

वास्तवमा, मुहम्मद (स.) को उच्च आचरण र जीवनका स्वच्छ कथाहरू नै उहाँको सत्यताका ठूलो प्रमाण हुन् ..।

एकै छिन सोचौं त, एकजना यस्तो व्यक्ति जो निरक्षर छ, नत पढ्न आउँछ नत लेख्न नै । त्यही निरक्षर समुदायमा हुर्किन्छ, त्यही उठबस गर्दै दिन रात बित्दै जान्छ, जीविका चलाउन कहिले भेंडा-बाख्रा चराउँछ त कहिले व्यापारतिर पाइला टेक्छ, जीवनमा नत कहिल्यै कुनै पाठशालामा भर्ना लिन्छ नत कोही धर्म गुरूहरूबाट सिक्ने मौंका पाउँछ, यसरी नै जीवनको ४० बसन्त पुरा हुन्छ । त्यस्तो व्यक्ति ४० वर्षपछि अकस्मात यस्तो कुरा भन्न थाल्छ, जुन कुरासँग कहिल्यै उसको सम्बन्ध नै थिएन र कहिल्यै पनि आफ्ना पूर्वजबाट सुनेको थिएन । अघिका समुदायहरूको कथा, सृष्टिको प्रारम्भ, अघिल्ला संदेष्टाहरूको जीवनगाथा, जीवन निर्वाह गर्ने तरिका र महत्वपूर्ण इस्लामी विधि-विधानका स-साना कुराहरू बताउन थाल्छ ।

उहाँ अरू कोही नभएर, अल्लाहको दूत मुहम्मद (स.) हुनुहुन्थ्यो । त्यसपछि उहाँका दुश्मनहरूलाई ठूलो झट्का लाग्यो र उनीहरू हाँगाबाट खसे झैं भए । उनीहरूले सर्वसाधारणलाई उहाँबाट टाढा राख्न विभिन्न अभियोगहरू रच्न थाले ।




यो कुर्आन मुहम्मद (स.) को लेख, रचना वा आविष्कार हो भनेर आरोप लगाउनु नपच्ने कुरा थियो, किनभने जसले कुर्आनलाई पढेको वा सुनेको छ उसले यो आरोपलाई कदापि मान्दैन वा मुहम्मद (स.) ले अरू कसैबाट सिकेको हो भन्न पनि गाह्रो, किनभने प्रत्येक गाउँलेलाई उहाँको जीवनको एक-एक कुरा थाहा थियो । तैपनि तिनीहरू उहाँको विररूद्धमा नानाथरीका अभियोग र लान्छना लगाउनबाट पछि हटेनन् । कहिले यो मुहम्मद (स.) को रचना हो भनेर, कहिले अघिका मानिसहरूबाट सिकेर आएको हो भनेर, त कहिले सपनामा जे देख्छ त्यही विपनामा भन्छ भनेर महा अभियोग लगाए । यी अभियोगहरू प्रमाणित गर्न नसकेपछि जादूगर, कवि र पागल समेत भने ।

यो फरक नाम भएको एउटै कथा हो । विगतमा पनि शत्रुहरूले संदेष्टाहरूमाथि यसरी नै नानाथरीका अभियोग र लान्छना लगाएका थिए । यहाँसम्म कि संदेष्टा मूसा (अ.) लाई जादूगर र संदेष्टा ईसा (अ.) लाई अर्ध पागल समेत भनेका थिए ।

शत्रुहरूले अघिका सम्पूर्ण संदेष्टाहरूलाई यस्तै नै आरोप र लान्छना लगाए । उनीहरूले लगाएको आरोप प्रमाणित नहुँदा खेरि संदेष्टाहरूलाई जादूगर र अर्ध पागलको संज्ञा दिने गर्थे । हो, झुटको खेती गर्नेहरू सधैं यस्तै गर्छन् । जब कुनै प्रमाण पाउँदैनन् र आफ्नो हार महसुस गर्छन्, तब जे पायो त्यही अभियोग लगाउन थाल्छन् ताकि जीत तिनीहरूकै होस् । तर यो कहाँ सम्भव छ र ?

## अदभुत प्रतिभा :

अल्लाहले मानिसको दिमागमा यस्ता अदभुत शक्ति र क्षमता दिनु भएको छ, जसको कल्पना गर्न पनि गाह्रो छ। तर मानिसको दिमाग जति ठूलो भए पनि सीमाभित्र मात्र सोच्न र निष्कर्ष गर्न सक्छ। विवेकले सर्व शक्तिमान सृष्टिकर्ता र न्याय-निसाफको एउटा परलोक हुनु जरूरी छ भन्ने कुरालाई प्रमाणित गर्दछ। तर, के यो दिमागले परलोकको विवरण, चिहानको यातना, नर्कको पीडा, स्वर्गको आनन्द र अदृश्य कुरालाई तपसिलका साथ वर्णन गर्न सक्छ ?



कुर्आन पढ्ने र बुझ्नेलाई राम्ररी थाहा छ कि यसले आस्थाको पूर्ण तपसिल, जगतको सृष्टि र अन्त, स्वर्गको आनन्द र नर्कको यातना, त्यसको ढोका र त्यहाँ तैनाथ गरिएका फरिश्ताहरूको संख्या, ब्रह्माण्ड र मानवजातिको वास्तविकतालाई विस्तारपूर्वक वर्णन गरेको छ। त्यसो भए यो तपसिल कुन सिद्धान्त अनुसार वर्णन गरिएको छ ?

यो बुद्धि र प्रतिभाद्वारा प्राप्त गर्ने कुरै होइन। यो या त झूठो र अटकल मात्र हो, वा यो एक सही कुरा हो, जुन केवल इश्वरीय ज्ञान मार्फत प्राप्त गर्न सकिन्छ।


आधुनिक विज्ञानले कुर्आनका केही तथ्यहरूलाई प्रमाणित गरेको छ भने अन्य तथ्यहरू बारे अहिलेसम्म मौन छ। त्यसैगरी कुर्आनमा व्याख्या गरिएका कुराहरू अघिल्लो आकाशीय ग्रन्थहरूमा रहेको कुरा र अदृश्य ज्ञानसँग मेल खान्छ।

## सम्भवतः अघिल्ला ग्रन्थहरूबाट लिइएको छ :

एकै छिन विचार गरौं, के मुहम्मद (स.) ले अघिल्ला दूत र ग्रन्थहरूलाई यताउता गरेर कुर्आन प्रस्तुत गर्नु भएको कुरा विवेकपूर्ण छ ?

हामीले मुहम्मद (स.) निरक्षर भएको चर्चा गरिसकेका छौं, नत उहाँलाई पढ्न आउँथ्यो नत लेख्न नै । उहाँले आफ्नो सम्पूर्ण जीवन त्यही निरक्षर समुदायमा बिताउनुभयो। नत कुनै पाठशालामा भर्ना हुनुभयो, नत कुनै धर्म गुरूहरूबाट सिक्ने मौका नै पाउनु भयो। बाल्यकालमा काका अबू-तालिबको साथमा सिरियाको भ्रमणमा एकजना ईसाई पुजारी बाहेक जीवनमा कहिल्यै पनि कोही धर्मगुरूसँग भेट भएन। त्यस बेलाका विद्वान र धर्मगुरूहरू आफ्नो स्थान सुरक्षित राख्न र अरूमाथि आफ्नो महानता देखाउनका लागि आफूसँग भएको ज्ञान लुकाउने प्रवृत्ति थियो, जसको प्रमाण इतिहासमा पाइन्छ । अतः त्यस बेला धर्मगुरूहरूबाट ज्ञान सिक्नु त्यति सजिलो थिएन ...।

> शत्रुहरूले अघिल्ला संदेष्टाहरूलाई पनि विभिन्न आरोप र लान्छना लगाए। आरोप प्रमाणित नहुँदा खेरि संदेष्टाहरूलाई जादूगर र अर्ध पागलको संज्ञा समेत दिए।



कुर्आनमा रिसर्च गर्ने विद्वानहरूको एकमत रहेको छ कि अघिल्ला आकाशीय धार्मिक ग्रन्थहरूमा उल्लेखित सम्पूर्ण कुराहरूलाई कुर्आनले समर्थन गर्दैन । कुर्आनमा यस्ता कैयौं उदाहरणहरू छन्, जसले प्रमाणित हुन्छ कि कुर्आनले अघिल्ला ग्रन्थहरूमा धर्म गुरूहरूले गरेको गल्तीलाई सच्याएको छ । अपूर्ण कथाहरूलाई पूर्णता दिएको छ । अघिल्ला ग्रन्थहरूमा रहेका, तर धर्म गुरूहरूले लुकाएका कुराहरूलाई छर्लङ्ग पारेको छ । संदेष्टाहरूले प्रस्तुत गरिएका स्वच्छ शिक्षामा पाखण्डी धर्मगुरूहरूले मिसावट गरेका गलत आस्था र संस्कृतिलाई उदृत गर्दै सच्याएको छ । अब यो ऐतिहासिक प्रमाणलाई नकार्दै मुहम्मद (स.) लाई ती धर्मगुरूहरूको चेला हो भन्नु र कुर्आनलाई अघिल्ला धर्मग्रन्थहरूबाट लिइएको आरोप लगाउनु मिल्छ र ?!

## फरक ऐतिहासिक वास्तविकता :

यदि तपाईं न्यायप्रेमी वा निष्पक्ष अनुसन्धानकर्ता हुनुहुन्छ भने एक चोटि सोच्नुस् त, के मुहम्मद (स.) अरबबासी हुनुहुन्थेन ?

इतिहास साक्षी छ, त्यतिबेलाका अरबका विद्वानहरू आफ्नो भाषा र भाषिक दक्षतामा गर्व गर्ने गर्थे। साहित्य र कविता वाचन र लेखनमा प्रतिस्पर्धा गर्नु नै उनीहरूको दिनचर्या बनिसकेको थियो। यसको लागि विभिन्न प्रकारको कार्यक्रम, सम्मेलन र समारोहको आयोजना गर्ने गरिन्थ्यो। साहित्य लेखनको आधारमा नै कसैलाई उच्च दर्जा दिइन्थ्यो भने कसैलाई नाङ्गो झार पारिन्थ्यो !

इतिहास र साहित्यको पुस्तकले हामीलाई बताउँछ कि तिनीहरूमध्ये कोही एक जनाले लेखेको कविता वा उपन्यासलाई अर्को कवि वा लेखकले आलोचना गर्ने र कमीकमजोरी खोज्ने गर्थे। उसले लेखेको साहित्यमा कमीकमजोरी पाइएको खण्डमा उसलाई नाङ्गो झार पारिन्थ्यो। अतः त्यस बेला कविता र शुद्ध अरबी साहित्य नै उनीहरूको सोख र पेशा थियो।

यदि मुहम्मद (स.) अल्लाहको सत्य दूत नभएको भए यस्तो माहोलमा कसरी आफ्नो कट्टर शत्रुहरू, त्यो पनि अरबका महाकवि र दक्ष साहित्यकारहरूलाई चुनौती दिन सक्नुहुन्थ्यो र ? हो, मुहम्मद (स.) ले तिनीहरूलाई 'कुर्आन जस्तै अर्को कुर्आन वा केही अंश भए पनि' ल्याउन चुनौती दिनुभयो। अरबका महाकविहरू जसलाई आफ्नो भाषामा गर्व थियो। यो चुनौतीको अगाडि सबै घुँडा टेक्न विवश भए।

यदि यो कुर्आन मुहम्मद (स.) को रचना भएको भए उहाँले महाकवि र दक्ष साहित्यकारहरूलाई चुनौती दिनु भन्दा पहिला सयौं पटक सोच्नुपर्ने थियो । कुरा बिल्कुल स्पष्ट छ, यदि कसैले 'सिङ्गो संसार मिलेर पनि कुर्आन जस्तो पुस्तक वा मात्र एक पृष्ठ लेख्न सक्दैन' चुनौती दिन्छ भने त्यो कुरा सामान्य नभई रहस्यमय हुनुपर्छ ।

मानौं, हुनसक्छ उहाँले आफ्नो समुदायका ठूला-ठूला कवि र साहित्यकारहरूको लेखको मूल्यांकन गर्नु भएको होला, तर 'सिङ्गो संसार एकजुट भएपनि महाप्रलयको दिनसम्म कसैले कुर्आन जस्तो पुस्तक प्रस्तुत गर्न सक्दैन' भनेर चुनौती दिनु एक जना सामान्य मानिसको लागि जोखिम पूर्ण कार्य होइन र ?

वास्तवमा, यो साहसिक र जोखिमपूर्ण चुनौती थियो । जुन चुनौती, पूर्ण आत्मविश्वास र दृढ संकल्प भएको व्यक्तिले मात्र दिन सक्छ। अरबको प्रसिद्ध गोत्र कुरैश र अरबका महाकवि र दक्ष साहित्यकारहरूमध्ये कसैले यो चुनौतीलाई स्वीकार गर्न सकेनन् । इतिहास साक्षी छ, आज १४ शताब्दी बितिसक्दा पनि कसैले यो चुनौतीलाई स्वीकार्ने आँट गरेनन् र कुर्आनको सानो अध्याय जस्तो लेख कसैले लेख्न सकेनन् र जसले लेख्ने प्रयास गरे उसले अन्ततः घुँडा टेकेर हाँसोको पात्र बने ।

## अन्तिम शब्द :

हामीमध्ये प्रत्येक व्यक्तिले कुर्आनको बारेमा आफ्नो व्यक्तिगत अनुभव आफ्नो साथीभाइसँग बाँड्नुपर्छ। अरबी भाषा आउँदैन भने उपयुक्त अनुवाद र व्याख्याको चयन गरी कुर्आनलाई बुझेर अध्ययन गर्नुपर्छ । कुर्आनमा जति मनन् गर्नुहुन्छ, त्यति नै अल्लाह र कुर्आनमाथिको विश्वास बढ्दै जान्छ।

मुहम्मद (स.) को सत्यताको सबैभन्दा ठूलो प्रमाण कुर्आन हो । तपाईं स्वयम् कुर्आनको अध्ययन गर्नुहोस् । कुर्आनलाई अध्ययन र मनन् गरेपछि तपाईं त्यही निष्कर्षमा पुग्नुहुनेछ। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “के यिनीहरूका लागि यो पर्याप्त छैन कि हामीले तपाईंमाथि सधैं पाठ गरिने ग्रन्थ अवतरण गरेका छौं। यसमा आस्थावानहरूका लागि दया र उपदेश छ।” (कुर्आन : २९/५१)

इस्लामले सबैलाई कुर्आन पढ्न र मनन् गर्न आह्वान गर्दछ । किनभने यो हाम्रो साझा सम्पत्ति हो। जुनसुकै धर्मावलम्बीले यसबाट ज्ञान हासिल गर्न सक्छ । यदि कसैको हृदयहरूमाथि ताल्चा लगाइएको छैन भने उसले अवश्य नै ज्ञान हासिल गरी सत्य धर्मलाई आत्मसात गर्नसक्छ।” (कुर्आन : ४७/२४)

## सूरह फातिहा :

यो कुर्आनको सर्वोत्कृष्ट अध्याय (सूरह) हो । मुस्लिमले प्रत्येक सलाह पढ्दा खेरि यसलाई अनिवार्य रूपमा पढ्नु पर्दछ। यसको अर्थ यस प्रकार रहेको छ :

## सूरह फातिहाको अर्थ:

{बिस्मिल्ला हिर्रहमा निर्रहीम}

अत्यन्त करूणामय परमदयालु अल्लाहको नामबाट शुभारम्भ गर्दछु ।

**{अल्हम्दु लिल्लाही रब्बिल् आलमीन}**

सम्पूर्ण प्रशंसाहरू अल्लाहकै निम्ति हुन् । वाह्य तथा आन्तरिक सम्पूर्ण वरदानहरू उहाँकै देन हुन् । उहाँको माया र आदरले हाम्रो मन ओतप्रोत छ । उहाँ सम्पूर्ण सृष्टि र जगतका पालनकर्ता र अन्नदाता हुनुहुन्छ ।

**{अर्रह्मा निर्रहीम}**

उहाँ परम दयालु हुनुहुन्छ । उहाँले दुनियाँमा मुस्लिम, गैर-मुस्लिम, राम्रो र नराम्रो हरेकमाथि दया गर्नुहुन्छ । तर मृत्युपछिको जीवनमा असल भक्त र आस्थावानहरूमाथि मात्र दया गर्नु हुनेछ ।

**{मालिकि यौमिद्दीन}**

महाप्रलय र हिसाब किताबको दिनको एक्लो मालिक हुनुहुन्छ ।

### {इय्याक नाबुदु व इय्याक नस्तईन्}

हे अल्लाह, हामी तपाईंकै उपासना गर्छौं र तपाईंसँग अरु कसैलाई साझेदार बनाउदैनौं । जीवनको पाईला-पाईलामा तपाईंसँग नै सहायता माग्छौं । किनकि सारा मामिला तपाईंकै हातमा छ, अरू कोही पनि कण बराबर अख्तियार राख्दैनन् ।

### {इह् दिनस्सिरातल मुस्तकीम}

हे अल्लाह, हामीलाई सीधा मार्गदेखाई दिनुहोस् र त्यसैमाथि दृढतापूर्वक अडिग रहने साहस दिनुहोस् ।

### {सिरातल्लदीन अन् अम्त अलै हिम}

तपाईंको कृपापात्र; दूत, शहीद र सत्कर्म गर्नेहरूको मार्गमा कायम राख्नुहोस् । जसले सत्य मार्गलाई चिने र त्यसैमाथि अडिग रहे ।

### {गैरिल-मग्दूबि अलै हिम व लद्दाल्लीन}

जुन व्यक्तिहरूमाथि तपाईंको प्रकोप भयो, तिनीहरूको मार्गबाट जोगाई दिनुहोस् । किनभने तिनीहरूले सत्यलाई बुझेर पनि अस्वीकार गरे। र, जुन व्यक्तिहरू पथभ्रष्ट भए, तिनीहरूको मार्गबाट जोगाई दिनुहोस्। किनभने तिनीहरू अज्ञानताले गर्दा पथभ्रष्ट भए ।

### {आमीन}

हे अल्लाह, यो पुकारलाई स्वीकार गरि दिनुहोस् ।




**अन्तिम शब्द :**

**हामीमध्ये** प्रत्येक व्यक्तिले कुर्आनको बारेमा आफ्नो व्यक्तिगत अनुभव आफ्नो साथीभाइसँग बाँड्नुपर्छ । अरबी भाषा आउँदैन भने उपयुक्त अनुवाद र व्याख्याको चयन गरी कुर्आनलाई बुझेर अध्ययन गर्नुपर्छ । कुर्आनमा जति मनन् गर्नुहुन्छ, त्यति नै अल्लाह र कुर्आनमाथिको विश्वास बढ्दै जान्छ ।

**मुहम्मद** (स.) को सत्यताको सबैभन्दा ठूलो प्रमाण कुर्आन हो । तपाईं स्वयम् कुर्आनको अध्ययन गर्नुहोस् । कुर्आनलाई अध्ययन र मनन् गरेपछि तपाईं त्यही निष्कर्षमा पुग्नुहुनेछ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "के यिनीहरूका लागि यो पर्याप्त छैन कि हामीले तपाईंमाथि सधै पाठ गरिने ग्रन्थ अवतरण गरेका छौं। यसमा आस्थावानहरूका लागि दया र उपदेश छ ।" (कुर्आन : २९/५१)

**इस्लामले** सबैलाई कुर्आन पढ्न र मनन् गर्न आह्वान गर्दछ। किनभने यो हाम्रो साझा सम्पत्ति हो । जुनसुकै धर्मावलम्बीले यसबाट ज्ञान हासिल गर्न सक्छ । यदि कसैको हृदयहरूमाथि ताल्चा लगाइएको छैन भने उसले अवश्य नै ज्ञान हासिल गरी सत्य धर्मलाई आत्मसात गर्नसक्छ ।" (कुर्आन : ४७/२४)



# इस्लाममा उपासनाको वास्तविकता



के अल्लाहलाई हाम्रो उपासनाको आवश्यकता छ ?

अल्लाहलाई हाम्रो उपासनाको कुनै आवश्यकता छैन । उहाँ आफैंमा सम्पन्न हुनुहुन्छ । इस्लाममा मुक्ति र प्रायश्चितको लागि न त कुनै विशेष उपासना गर्नुपर्छ न पुजारीलाई दान र दक्षिणा नै दिनुपर्छ । सत्य ईश्वरमाथिको आस्था र स्वच्छ मनले गरेको प्रायश्चित पर्याप्त हुन्छ । उच्च आचरण, समाज सेवा र समृद्ध राष्ट्र निर्माण र विकासमा अग्रसर भई अतुलनीय भूमिका निर्वाह गर्नुपर्छ ।



## के अल्लाहलाई हाम्रो उपासनाको आवश्यकता छ ?

अल्लाहलाई हाम्रो उपासनाको कुनै आवश्यकता छैन । उहाँ आफैंमा सम्पन्न हुनुहुन्छ । इस्लाममा मुक्ति र प्रायश्चितको लागि न त कुनै विशेष उपासना गर्नुपर्छ न पुजारीलाई दान र दक्षिणा नै दिनुपर्छ । सत्य ईश्वरमाथिको आस्था र स्वच्छ मनले गरेको प्रायश्चित पर्याप्त हुन्छ । उच्च आचरण, समाज सेवा र समृद्ध राष्ट्र निर्माण र विकासमा अग्रसर भई अतुलनीय भूमिका निर्वाह गर्नुपर्छ ।

अल्लाहले कुर्आनमा भन्नुभएको छ : "मैले जिन्न र मानवलाई केवल आफ्नो उपासनाको लागि सृष्टि गरेको हुँ । म तिनीहरूबाट नत जीविका चाहन्छु नत भोजन नै । वास्तवमा, मैले नै सम्पूर्ण प्राणीहरूलाई रोजीरोटी र जीविका प्रदान गरेको छु ।" (कुर्आन : ५१/५६-५८)

कुन दिशामा सलाह पढ्नु सही हो भनेर केही मानिसहरूले उहाँलाई प्रश्न सोधे । त्यसको जवाफमा उहाँले भन्नुभयो : हेर, 'काबा' को दिशातिर अनुहार फर्काएर पाँच पटक सलाह पढ्नु मात्र सत्कर्म होइन । अर्थात सत्कर्मी बन्नको लागि मात्र सलाह पर्याप्त छैन । यसको साथ-साथै समाजसेवामा अग्रसर रहनु र गरीबहरूको हेरचाह गर्नु वास्ताविक सत्कर्म हो । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "पूर्व वा पश्चिमतिर अनुहार फर्काउनु सत्कर्म होइन । अल्लाह, महाप्रलयको दिन, स्वर्गदूत (फरिश्ता), धर्मग्रन्थ र दूतहरूमाथि आस्था राख्नु पुण्य कमाउनु हो । त्यसैगरी धन-सम्पत्तिको मोह हुँदा हुँदै पनि आफन्त, अनाथ, गरिब, बटुवा र मगन्तेहरूलाई दान दिनु पुण्य कमाउनु हो । त्यस्तै दासलाई स्वतन्त्र गर्नु, सलाह कायम गर्नु, दान दिनु, वाचा पुरा गर्नु, संकट, विपत्ति र युद्धमा धैर्य गर्नु पुण्य कमाउनु हो । यी सत्कर्म गर्नेहरू नै सच्चा भक्त र संयमि हुन् ।" (कुर्आन : २/१७७)

कुर्आनले बारम्बार सचेत गरेको छ, जसले अल्लाहमाथि आस्था राख्छ, उसले आफ्नो भलाईको लागि सत्कर्म गर्छ । यसको अल्लाहलाई केही आवश्यकता छैन । जसले अल्लाहलाई अस्वीकार गर्छ, उसले आफैंले आफ्नो खुट्टामा बन्चरो हान्छ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "जसले सत्कर्म गर्छ, उसले आफ्नै भलाईको लागि गर्छ । वास्तवमा, अल्लाहलाई कुनै पनि कुराको आवश्यकता छैन ।" (कुर्आन : २९/६)



स्मरण रहोस्, मक्कामा अवस्थित काबाको दिशातिर अनुहार फर्काएर दिनरातमा पाँच पटक सलाह पढ्नु मात्र सत्कर्म होइन। यसको साथ-साथै समाज सेवामा अग्रसर रहनु र गरीबहरूको हेरचाह गर्नु वास्ताविक सत्कर्म हो।

## इस्लामका महत्वपूर्ण आधारहरू :

१



अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (स.) उहाँका अन्तिम दूत हुनुहुन्छ भन्ने कुराको गवाही दिनु। (पृष्ठ न० ३७ मा हेर्नुहोस्)




सलाह (नमाज) कायम गर्नु। (पृष्ठ न०११८ मा हेर्नुहोस्)




दान दिनु। (पृष्ठ न० १२२ मा हेर्नुहोस्)




रमजानको ब्रत (रोजा) बस्नु। (पृष्ठ न० १२४ मा हेर्नुहोस्)




धन और शारीरिक रूप से सक्षम लोगों पर अल्लाह के घर (काबा) का हज्ज करना। (पृष्ठ न० 192 देखें)



## आदेश र परीक्षा किन नि ?

केही प्रश्नहरू हाम्रो दिमागमा बारम्बार खेलाइरहेका हुन्छन्; सत्य ईश्वर (अल्लाह) ले हामीलाई भोजनकै लागि दाँत, मुख र आन्द्राभुडी प्रदान गर्नु भएको छ। फेरि किन ब्रत बस्ने आदेश दिनु भएको छ ? उहाँले हामीलाई सुन्दरता र कामवासना प्रदान गर्नु भएको छ। फेरि किन नजर झुकाउन र इच्छा नियन्त्रण गर्न आदेश दिनु भएको छ ? उहाँले हामीलाई शक्ति प्रदान गर्नु भएको छ। फेरि किन अन्याय नगर्न आदेश दिनु भएको छ ? के यी प्रश्नहरूमा विरोधाभास छैन र ?

इस्लामी दृष्टिले हेर्ने हो भने यी प्रश्नहरू अनौठा छैनन्, इस्लाममा यस्ता प्रश्नहरूको सान्दर्भिक जवाबहरू छन् । अल्लाहले हामीलाई जुन शक्ति र क्षमता प्रदान गर्नु भएको छ, त्यसलाई हामीले नियन्त्रण गर्नुपर्छ र सही समय, सही ठाउँमा र सही तरिकाले मात्र प्रयोग गर्नुपर्छ, जथाभावी गर्न मिल्दैन । मानौं, अल्लाहले कसैलाई एउटा घोडा प्रदान गर्नु भएको छ । उसले आफ्नो आवश्यकता अनुसार घोडालाई सवारीसाधनको रूपमा प्रयोग गर्दछ र यदि घोडाले बदमासी गर्छ भने लगाम लगाई नियन्त्रण गर्दछ ।

त्यसैगरी अल्लाहले हामीलाई जुन चाहना र कामवासना प्रदान गर्नु भएको छ, त्यसलाई नियन्त्रण गर्न शक्ति र कुन ठाउँमा गर्ने/नगर्ने भनेर सोच्ने बुद्धि पनि दिनु भएको छ । हामीले यो कुरा कहिल्यै पनि बिर्सनु हुँदैन कि हामी मानव सर्वश्रेष्ठ र विवेकशील प्राणी हौं र उहाँले हाम्रो ईमानलाई जाँच्न यी कुराहरू प्रदान गर्नु भएको छ ।

पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "हामीले मानिसलाई एक थोपा वीर्यबाट सृष्टि गर्यौं र उसलाई परीक्षाको लागि आँखा र कान प्रदान गर्यौं । हामीले उसलाई असल मार्ग देखायौं, अब चाहे ऊ कृतज्ञ बनोस् वा कृतघ्न।" (कुर्आन : ७६/२-३)

> आफ्नो शक्ति, क्षमता र कामवासनालाई नियन्त्रण गर्नु, सही समय, सही ठाउँ र सही तरिकाले मात्र प्रयोग गर्नु असल मानिसको पहिचान हो ।

जीवनको गोरेटोमा मानिस दु:ख र पीडामा पर्न सक्छ, यो एक प्रकारको अतिरिक्त परीक्षा हो । यसले मानिसलाई आफ्नो आध्यात्मिक र नैतिक स्तरलाई विकसित गरी आफ्नो जीवनको उद्देश्यलाई पुरा गर्न मद्दत गर्दछ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "निश्चय नै हामी त्रास, भोक, फलफूल र जीउधनको हानि-नोक्सानीद्वारा तिमीहरूको जाँच लिनेछौं । धैर्यवानहरूलाई शुभ-सन्देश सुनाइ देऊ, जसले संकटमा भन्ने गर्छन्- हामी अल्लाहकै हौं र उहाँतिर नै फर्केर जानेछौं ।" (कुर्आन : २/१५५-१५६)

जीवन ईश्वरको अमूल्य वरदान हो । आस्था, कर्म र आचरणलाई सुधार गर्ने यो स्वर्ण अवसर हो । अल्लाहले आफ्नो उपदेश र दूतहरूद्वारा हामीलाई मार्गदर्शन र सुध्रिने मौका दिनु भएको छ । उहाँले कसैमाथि विभेद नगरीकन राम्रो र नराम्रो दुवै बाटोहरू देखाई दिनु भएको छ । त्यसैगरी हामीलाई भूमि निर्माण कार्य र मानवहितका कार्य गर्न र कथम कदाचित केही गल्ती भई हाल्यो भने प्रायश्चित गर्न प्रेरित गर्नु भएको छ । मुहम्मद (स.) ले भन्नुभएको छ : "यदि तिमीहरूबाट गल्ती हुँदैन भने अल्लाहले तिमीहरूको बदलामा अर्को समुदाय ल्याउनु हुनेछ । जसले गल्ती गर्नेछन् र गल्तीपछि प्रायश्चित गर्नेछन् अनि अल्लाहले उनीहरूलाई क्षमा प्रदान गर्नु हुनेछ ।" (मुस्लिम : २७४९)



# सलाह

जब कोही मिडियामा वा आफ्नो वरपर मुस्लिमहरूलाई सलाह पढ्दै गरेको अनौठो दृश्य देखेर छक्क पर्दै भन्छ; यो के हो, सबैजना एउटै दिशामा अनुहार फर्काएर उभेका छन्, एकैसाथ झुक्द छन् र एकैसाथ ढोग गर्छन्। यस्तो लाग्छ कि उनीहरूलाई आफ्नो वरपरका भौतिक चिजबिजसँग केही मतलब नै छैन।

## सलाह के हो ?

सलाह, इस्लामको दोस्रो महत्वपूर्ण आधार हो । अल्लाहसित कानेखुसी गर्न, आफ्नो दुखेसो पोख्न र उहाँको सामीप्यता प्राप्त गर्ने महत्वपूर्ण माध्यम हो। अल्लाहले दूत मुहम्मद (स.) लाई सम्बोधन गर्दै भन्नुभएको छ : "अल्लाहको ढोग गर अनि उहाँको सामीप्यता प्राप्त गर।" (कुर्आन : ९६/१९)

दूत मुहम्मद (स.) ले भन्नुभएको छ : "इस्लाम पाँच कुराहरूमाथि आधारित छ; अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (स.) उहाँका अन्तिम दूत हुनुहुन्छ भन्ने कुराको गवाही दिनु र सलाह कायम गर्नु ...।" (बुखारी : ८)

जसले जति एकाग्रताका साथ सलाह पढ्छ, वरपरका वातावरणलाई बिर्सेर आफ्नो मन र मस्तिष्कलाई सलाहमा तल्लीन गर्छ र अल्लाहसित भावुकताका साथ प्रार्थना गर्छ, उसले अत्याधिक पुण्य कमाउनेछ र एक प्रकारको अनौठो आनन्द महसुस गर्नेछ। त्यसैले त दूत मुहम्मद (स.) ले भन्नुभएको छ : "मेरो मनको शान्ति र खुशी सलाहमा निहित छ।" (निसाई : ३९४०)

त्यसैले इस्लामले हामीलाई सलाह पढ्न मात्र होइन, बरू सलाह कायम गर्न आदेश दिएको छ। सलाह कायम गर्नु भनेको हृदय र आत्मादेखि एकाग्रताका साथ सलाह पढ्नु हो । यसो गर्दा सलाहले सत्कर्म गर्ने हौसला प्रदान गर्छ र कुकर्म र अपराध गर्नबाट टाढा राख्दछ। वास्तवमा, अल्लाहको स्मरण, प्रशंसा र उहाँतसित मद्दत माग्नु सबैभन्दा ठूलो धर्म हो।

> सलाह पढ्दा दूत मुहम्मद (स.) लाई अनौठो आनन्द र शान्ति महसुस हुन्थ्यो ।

अल्लाहले भन्नुभएको छ :"... सलाह कायम गर, निश्चय नै सलाहले अश्लील कार्य र नराम्रो कुराहरूबाट टाढा राख्दछ ।" (कुर्आन : २९/४५)

यदि कसैले सलाहलाई शारीरिक व्यायामको संज्ञा दिन्छ भने ऊ गलत छ । किनभने सलाह एउटा महत्वपूर्ण उपासना हो । यसमा भक्त तन मनबाट पूर्णरूपमा चोखो भएर अल्लाहको प्रशंसा व्यक्त गर्दछ र विनम्रताका साथ आफ्नो दुखेसो पोख्दछ ।

सलाहमा प्रथम शब्द 'अल्लाहु-अक्बर' अर्थात हे अल्लाह, तिमी महान र पवित्र छौ, उहाँको अगाडि झुकिरहेको अवस्थामा 'सुब्हान रब्बियल-अजीम' र ढोग गर्दा 'सुब्हान रब्बियल-आला' भनेर उहाँको अपार महिमालाई वर्णन गर्नु पर्दछ । त्यसैले सलाह कुनै शारीरिक व्यायाम होइन, यो एउटा महत्वपूर्ण उपासना हो । यसले भक्तको मनमा सन्तुष्टि र शान्ति प्रदान गर्दछ । भक्तले सलाहद्वारा आफ्नो प्रभुसित दुखेसो पोख्दछ । यसरी असल भक्त आफ्नो प्रभु र सृष्टिकर्तालाई भेट्ने अवसर पाउँछ र उहाँको अपार कृपाको पात्र बन्ने सौभाग्य प्राप्त गर्छ ।

अल्लाहले मुस्लिमहरूलाई दिन-रातमा पाँच चोटि सलाह (नमाज) पढ्न आदेश दिनु भएको छ । हुनत सलाह जुनसुकै ठाउँमा पढ्न सकिन्छ, तर सामुहिक रूपमा मस्जिदमा सलाह पढ्न प्रेरित गरिएको छ । किनभने यसले एक अर्कालाई चिन्न, आपसमा दु:ख-सुख बाँड्न, ज्ञान सिक्न र भाइचारा बढाउन ठूलो टेवा पुर्याउँछ ।

त्यसैगरी इस्लामले यी पाँच सलाह बाहेक अन्य केही अतिरिक्त (सुन्नत) सलाहहरू पढ्न प्रेरित गरेको छ।

संसारभरी छरिएर बसेका मुस्लिमहरू काबाको दिशातिर अनुहार फर्काएर सलाह पढ्दछन्। काबा, एउटा घनाकार पवित्र घर हो। जुन अरब द्वीपको पश्चिमी भेग मक्कामा अवस्थित छ। यसलाई दूत इब्राहीम र उहाँका छोरा इस्माइल (अ.) ले निर्माण गरेका थिए। सम्पूर्ण दूतहरूले काबाको हज्ज गरेका छन्। हामी सम्पूर्ण मुस्लिमहरूको आस्था के छ भने काबा, माटो र ढुंगाले बनेको एउटा घर हो, यसमा नत फाइदा पुर्याउने शक्ति छ, नत हानि पुर्याउने नै। अल्लाहले काबातिर अनुहार फर्काएर सलाह पढ्न आदेश दिनु भएकोले हामी उहाँको आदेशको पालना गर्दै त्यस दिशातिर अनुहार फर्काएर सलाह पढ्ने गर्दछौं। ताकि विश्वभरिका सम्पूर्ण मुस्लिमहरू एकीकृत हुन सकौं।



# अजान :

मानिसलाई सलाहको समय भएको सूचना दिने र सलाह पढ्न मस्जिदतिर आउन आह्वान गर्ने कार्य अजान हो ।

यो अल्लाहको प्रशंसा व्यक्त गर्ने उत्कृष्ट तरिका र मानिसहरूलाई सलाहको लागि तयार हुन दिने सूचना हो ।

अजान दिने तरिका :



१. अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर ।

अर्थ : अल्लाह अति महान हुनुहुन्छ ।

२. अश्हदु अल्ला इला ह इल्लल्लाह, अश्हदु अल्ला इला ह इल्लल्लाह ।

अर्थ : म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य ईश्वर छैन ।

३. अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह, अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह ।

अर्थ :म गवाही दिन्छु, मुहम्मद (स.) अल्लाहका दूत हुनुहुन्छ ।

४. हय्य अलस्सलाह । हय्य अलस्सलाह ।

अर्थ : सलाह पढ्न आउनुहोस् ।

५. हय्य अलल्फलाह । हय्य अलल्फलाह ।


अर्थ : सफलताको लागि आउनुहोस् ।

६. अल्लाहु अक्बर, अल्लाहु अक्बर ।

अर्थ : अल्लाह अति महान हुनुहुन्छ ।

७. ला इला ह इल्लल्लाह ।

अर्थ : अल्लाह बाहेक कोही सत्य पूज्य छैन ।



LAUNCHING
CURiOSiTY
CLICK HERE



यो विश्वकै सर्वोत्कृष्ट मस्जिद-हराम हो । यसैको मुटुमा पवित्र काबा छ, जसलाई दूत इब्राहीमले निर्माण गरेका थिए । काबा, एउटा घनाकार पवित्र घर हो । यसै काबाको दिशामा अनुहार फर्काएर विश्वभरिका मुस्लिमहरूलाई सलाह पढ्ने आदेश दिइएको छ । तर यसमा न त फाइदा पुर्याउने शक्ति छ, न त हानि पुर्याउने नै ।



# दान (जकात)

समाजमा धनी र गरिबबीच रहेको खाडल समाप्त गर्न अति आवश्यक छ भन्ने कुरामा हामी सबै सहमत छौं । किनभने समाजमा गरिबी जति बढ्दै जान्छ, त्यत्तिनै देह व्यपार र अन्य अपराधिक गतिविधिहरू फस्टाउँदै जान्छन् । अन्तर्राष्ट्रिय संघ संस्थाहरूले गरीबी निवारण तथा धनी र गरिबबीच रहेको समस्यालाई समाधान गर्न धेरै आर्थिक प्रणाली, बौद्धिक दर्शन, ऐन र कानूनहरू पारित गरेका छन्, तर आजसम्म यी सबै असफल छन् । यस बारे इस्लामको धारणा के हो त ?

दान दिनु, इस्लामको ५ महत्वपूर्ण आधारहरूमध्ये एउटा महत्वपूर्ण आधार हो । अल्लाहले प्रत्येक धनी मुस्लिममाथि आफ्नो अतिरिक्त सम्पत्तिबाट २.५% को दरले हरेक वर्ष दान दिन अनिवार्य गर्नु भएको छ। यसले दीन-दु:खी र असहायहरूको उद्धार र गरिबी निवारणमा ठूलो टेवा पुर्याउँदछ।

स्मरण रहोस्, धनीले दान दिएर गरीबमाथि कुनै उपकार गरेको होइन, यो त गरीबहरूकै हक-अधिकार हो । त्यसैले धनीले गरीबलाई अपमान गर्ने वा हक जमाउने कुनै अधिकार छैन।

**दानको** न्यूनतम दर (२.५%) मात्र अनिवार्य गरिएको छ, तर यदि कोही यो भन्दा अत्याधिक खर्च गरी पुण्यको कार्यहरूमा प्रतिस्पर्धा गर्दै अगाडि बढ्न चाहन्छ भने उसको लागि पुरा मैदान खाली छ । दानले दुनियाँमा सुख, शान्ति, सुस्वास्थ्य र धन-सम्पत्तिमा वृद्धि हुन्छ भने परलोकमा कैयौं गुणा बढी पुण्य र स्वर्गको उच्च स्थान प्राप्त हुनेछ।

**अल्लाहको** मार्गमा खर्च गर्दा धन-सम्पत्तिमा अत्याधिक वृद्धि हुन्छ। मानौ, कसैले गरीबलाई एक रूपैयाँ दान दिन्छ, तर अल्लाहले उसको एक रूपैयाँलाई ७०० गुणासम्म पुण्य प्रदान गर्नुहुन्छ। दाताको नीयत जति शुद्ध हुन्छ त्यति बढी पुण्य प्राप्त हुन्छ। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “अल्लाहको मार्गमा आफ्ना धन-सम्पत्ति खर्च गर्नेहरूको उदाहरण त्यो दानाको जस्तो छ, जसबाट सातवटा बालाहरू उत्पादन हुन्छन्; जसको प्रत्येक बालामा सय-सय वटा दानाहरू हुन्छन् । अल्लाहले जसलाई चाहनुहुन्छ, उसको पुण्यलाई अझै वृद्धि गरिदिनुहुन्छ । अल्लाह सर्वदाता र सर्वज्ञाता हुनुहुन्छ।” (कुर्आन : २/२६१)

दानले जसरी दीन-दु:खी र असहायहरूको उद्धार हुन्छ, त्यसरी नै दाताहरूको जीउधनको शुद्धिकरण हुन्छ। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "हे संदेष्टा, उनीहरूको धन-सम्पत्तिबाट दान लिदै गर, यसैद्वारा तिनीहरूलाई शुद्धिकरण र पवित्रता प्रदान गर।" (कुर्आन : ९/१०३)

**स्मरण रहोस्,** जसले दानमा कन्जुस्याइँ गर्छ, दीन-दु:खी र पीडितहरूलाई सहयोग गर्दैन, उसले ठूलो घाटा बेहोर्नु पर्नेछ। किनभने उसले दुनियाँमा सुख, शान्ति, सुस्वास्थ्य, वृद्धि र परलोकमा स्वर्गबाट आफूलाई जानीजानी बन्चित गर्छ।




**पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ :** "... जसले कन्जुस्याइँ गर्छ, घाटा उसैलाई हुन्छ । अल्लाह एकदमै सम्पन्न हुनुहुन्छ र तिमीहरू गरिब छौ । यदि तिमीहरू विमुख हुन्छौ भने उहाँले अन्य समुदायलाई ल्याएर तिमीहरूलाई विस्थापित गर्नुहुनेछ र उनीहरू तिमीहरू जस्तो हुने छैनन्।" (कुर्आन : ४७/३८)

**दान दिनु,** इस्लामको एउटा महत्वपूर्ण आधार हो । यसलाई कार्यन्वयन गर्दा सामाजिक सुरक्षाको अवधारणा र समाजमा रहेका धनी र गरीब बीचको सम्बन्ध सन्तुलित हुन्छ । किनभने हकदार व्यक्तिले दान प्राप्त गरिसकेपछि धन-सम्पत्ति धनीहरूको मुठ्ठीमा मात्र सीमित रहदैन र गरिबी निवारणमा ठूलो टेवा पनि पुग्दछ । इस्लामको इतिहासमा यस्ता धेरै घटनाहरू घटेका छन् । जब धनीहरू दानका पोका काँधमा बोकेर गरीबलाई खोज्न बाहिर निस्किन्थे, तर उनीहरूको दान लिने एउटा पनि गरीब भेटिन गाह्रो पर्थ्यो ।

**त्यसैगरी** दानले आपसी मेलमिलाप, माया र स्नेहको भावनालाई बलियो बनाउँछ । समाजका प्रत्येक व्यक्ति बलियो पर्खाल जस्तै एकार्कासँग मिलेर जीवन यापन गर्न सक्छ र सुखद माहोलमा रमाउन सक्छ । किनभने परोपकारले एक अपासमा माया र सदभाव बढ्छ । यसले समाजमा हुने चोरी, डकैती र लुटपाटका घटनाहरूको न्यूनीकरण हुन्छ ।

दान दिनु, इस्लामको एउटा महत्वपूर्ण आधार हो । धनीले दान दिएर गरीबमाथि कुनै उपकार गर्ने होइन, यो त गरीबहरूकै हक-अधिकार हो। त्यसैले धनीले गरीबलाई अपमान गर्ने वा हक जमाउने कुनै अधिकार छैन।





अल्लाहको मार्गमा आफ्ना धन-सम्पत्ति खर्च गर्नेहरूको उदाहरण त्यो दानाको जस्तो छ, जसबाट सातवटा बालाहरू उत्पादन हुन्छन्; जसको प्रत्येक बालामा सय-सय वटा दानाहरू हुन्छन् । ईश्वरले जसलाई चाहनुहुन्छ, उसको पुण्यलाई अझै वृद्धि गरिदिनुहुन्छ ।



# व्रत

यदि कसैले डाक्टरको निर्देशन अनुसार आफ्नो स्वास्थ्यको लागि वा वजन कम गर्नको लागि केही खाने कुरा र स्वादिलो परिकारहरूबाट आफूलाई नियन्त्रण गर्छ भने हामी आश्चर्यचकित हुन्छौं र त्यो व्यक्तिलाई एउटा सफल र सचेत व्यक्तिको रूपमा लिने गर्छौं। यो मान्छेले कुनै ठूलो महत्वाकांक्षा र लक्ष्य प्राप्तिको लागि आफ्नो इच्छा तथा आकांक्षालाई नियन्त्रण गर्न सक्षम छ भन्ने अनुमान गर्छौं।

**तर मुस्लिमले** आफ्नो सृष्टिकर्ताको आदेशको पालना गर्दै पुरा एक महिना दिनभरी ब्रत बसेर त्यो व्यक्ति भन्दा कैयौं गुणा बढी आफ्नो इच्छा तथा आकांक्षालाई नियन्त्रण गर्दछ ।

> ब्रतले कसैको नराम्रो बानी सुध्रेको छैन भने मानौं उसले ब्रतबाट केही सिकेकै छैन भनेर दूत मुहम्मद (स.) ले चेतावनी दिनुभएको छ ।

ब्रत बस्नु, इस्लामको एउटा ठूलो आधार हो। इस्लामी पात्रो अनुसार नवौं महिना रमजानमा सम्पूर्ण वयस्क र सक्षम मुस्लिमहरूले अनिवार्य रूपमा एक महिनाको ब्रत बस्नुपर्छ । ब्रतको अवस्थामा खानपिन, सम्भोग र ब्रतलाई भङ्ग गर्ने समस्त क्रियाकलापहरूबाट टाढा बस्नुपर्छ ।

**हामी** भन्दा अघिल्ला समुदायहरूमाथि ब्रत अनिवार्य गरिएको कुरा पवित्र ग्रन्थ कुर्आनमा उल्लेख छ । ब्रत बस्ने तरिकामा अलिकति फरक हुनसक्छ, तर उद्देश्य एउटै हो; सत्य ईश्वरको उपासना गर्नु ।

**अल्लाहले** पवित्र ग्रन्थमा भन्नुभएको छ : "हे आस्थावानहरू हो ! "तिमीहरूमाथि ब्रत अनिवार्य गरिएको छ, जसरी तिमीहरू भन्दा अघिका समुदायहरूमाथि अनिवार्य गरिएको थियो । ताकि तिमीहरू संयमी बन ।"
(कुर्आन : २/१८३)

जब एउटा मुस्लिमले पुरा एक महिना प्रत्येक दिन घन्टौंसम्म आफ्नो जायज चाहना र आकांक्षालाई नियन्त्रण गर्न सक्छ भने ऊ सजिलैसँग जीवनभरी हरेक अवस्थामा आफूलाई नियन्त्रण गर्न सक्षम हुन्छ। यो ब्रतको ठूलो फाइदा हो। यदि ब्रतले कसैको नराम्रो बानी सुध्रेको छैन भने मानौं उसले ब्रतबाट केही सिकेको नै छैन।

**त्यसैले** दूत मुहम्मद (स.) ले भन्नुभएको छ : "यदि कसैले ब्रत बसेर पनि झूठो कुरा र गलत कार्य छोड्दैन भने उसलाई दिनभरी ब्रत बसेर केही फाइदा हुनेछैन।" (बुखारी : १८०४)

ब्रतले कैयौं दिनदेखि खाना नपाएका गरीब र दीन-दु:खीहरूप्रति धनीहरूको मनमा एक प्रकारको माया र सहानुभूति जगाउँदछ। किनभने उनीहरूले स्वयम् ब्रत बसेर भोक, तिर्खा र पीडालाई नजिकदेखि अनुभव गर्ने मौका पाएको हुन्छ।

ब्रतले कैयौं दिनदेखि खाना नपाएका गरीब र दीन-दु:खीहरूप्रति धनीहरूको मनमा एक प्रकारको माया र सहानुभूति जगाउँदछ।

> जब इस्लाम मुसलमान पर उपवास को अनिवार्य करता है, तो वह उसे ग़रीबों की भूख और भोजन की उनकी आवश्यकता की याद दिलाता है।





# हज्ज

धेरैजसो धर्महरूमा तीर्थयात्रा गर्ने र आफ्नो ईश्वरप्रति त्याग र बलिदान दिने प्रथा अझै बाँकी नै छ। विश्वको सबैभन्दा ठूलो र प्रसिद्ध तीर्थयात्रा हज्जको यात्रा हो, जुन साउदी अरबको मक्कामा हुन्छ। जहाँ प्रत्येक वर्ष विश्वभरिका ३० देखि ४० लाखको हाराहारीमा हज्ज गर्न आउने मुस्लिम भक्तजनहरूको ओइरो लाग्छ।

**हज्ज के हो ?**

हज्ज गर्नु, इस्लामको ५ महत्वपूर्ण आधारहरूमध्येको एउटा ठूलो आधार हो। आर्थिक र शारीरिक रूपमा सक्षम व्यक्तिले जीवनमा एक पटक अनिवार्य रूपमा हज्ज गर्नुपर्छ।

यो संसारकै सबैभन्दा ठूलो जमघट हो , जहाँ विश्वका सम्पूर्ण भक्तजनहरू राष्ट्र, भाषा, रङ्ग र जातीय विभेद मुक्त रही अल्लाहको उपासना गर्दछन् । सम्पूर्ण हाजीहरू मुर्दालाई बेरिने कात्रो झैं सेतो कपडा लगाएर, एकै ठाउँमा र एकैसाथ बसेर अल्लाहको उपासना गर्दछन् र भन्दछन् : (लब्बैक अल्लाहुम्म लब्बैक, लब्बैक ला शरीक लक लब्बैक, इन्नल् हम्द वन्नेअमत लक वलमुल्क, ला शरीक लक) अर्थात: हे ईश्वर, हामी तिम्रै उपासनाको लागि उपस्थित भएका छौं । तिमीबाहेक कोही सत्य ईश्वर छैन । प्रशंसा योग्य तिमी नै छौ । यो सिङ्गो ब्रह्माण्ड तिम्रै सृष्ट्रि हो । वास्तवमा, तिमीबाहेक कोही सत्य ईश्वर छैन ।

यो एउटा आध्यात्मिक यात्रा हो । सम्पूर्ण भक्तजनहरू भोगविलास र श्रृङ्गारपटार सबै त्यागेर अल्लाहको प्रशंसा र उपासनामा तल्लीन रहन्छन् र भन्छन् : हे ईश्वर, हामीबाट जानीनजानी केही गल्ती भएको भए हामीलाई क्षमा गरिदेऊ । मुहम्मद (स.) ले भन्नुभएको छ : “अल्लाहको प्रशंसाकै लागि काबाको परिक्रमा (तवाफ) र सफा-मर्वा पहाडहरूबीच हिंड्ने (सई) गरिन्छ ।” (अबू-दाऊद : १८८८)

हज्ज गर्न आएका विश्वका सम्पूर्ण भक्तजनहरू राष्ट्र, भाषा, रङ्ग र जातीय विभेद मुक्त रही मुर्दालाई बेरिने कात्रो झैं दुईवटा सेतो कपडा लगाएर एकैसाथ बसेर अल्लाहको उपासना गर्दछन्। विश्वव्यापी भाइचारा प्रस्तुत गर्ने यो सुवर्ण अवसर हो।





# इस्लाममा घरपरिवार



# वर्तमान

हाम्रो समाजमा एकै घरका कैयौं व्यक्तिहरूको समूहले बनेको परिवारलाई घरपरिवार भनिन्छ । जहाँ मूल ढोकाको साँचो प्रत्येकले सम्हालेर राखेको हुन्छ ।


दुर्भाग्य, आज धेरैजसो व्यक्तिहरू आफ्ना घरपरिवार (श्रीमती र छोराछोरी) को वास्तविक जिम्मेवारीदेखि उम्कन खोजिरहेका छन् । उनीहरूलाई बिना कुनै जिम्मेवारी आफ्नो मोजमस्ती र चाहना पुरा गर्नबाट कसले रोक्न सक्छ ?

यद्यपि यो प्रवृत्ति स्पष्ट रूपमा अहिले देखा परेको छ, तर इतिहासको शुरुवातदेखि नै केही स्वार्थीहरूले यस्तै गर्न खोजिरहेका थिए । वास्तवमा, यो स्वार्थी समाजको एक उपज हो । यसबाट पर्न गएको नकारात्मक असर व्यक्ति, समाज र सिङ्गो देशले बेहोर्नु परिरहेको छ ।

त्यसैले इस्लामले आफ्नो घरपरिवारप्रति विशेष ध्यान दिन प्रेरित गर्दै उनीहरूको निर्वाह खर्च र हक-अधिकारप्रति जिम्मेवारी बोध गर्न आदेश दिएको छ । किनभने इस्लाममा घरपरिवार नै मानवता, नैतिकता र उच्च आचरणको प्रथम खुड्किलो हो । समृद्ध समाज र विकसित राष्ट्रको निर्माणमा यसले ठूलो टेवा पुर्‍याएको छ ।

यसलाई साकार पार्न इस्लामले अनेकौं विधि-विधानहरू पारित गरेको छ, तीमध्ये केही यस प्रकार छन् :

# १



## इस्लामले विवाह गर्न र सुन्दर संसार बसाउन प्रेरित गर्दछ :

- इस्लामले विवाह गर्न र सुन्दर संसार बसाउनुलाई उत्कृष्ट सत्कर्म र दूतहरूको तरिका हो भनेर प्रेरित गरेको छ। जब उहाँका केही साथीहरूले 'हामी बिहे गर्दैनौं र भएभरको समयलाई दिनमा ब्रत बस्न र राति सलाह पढ्नमा समर्पित गर्छौं' भन्ने अभिव्यक्ति दिएपछि उहाँले उनीहरूलाई सम्बोधन गर्दै भन्नुभयो : "म कहिले ब्रत बस्छु र कहिले बस्दिनँ, राती केहीबेर सलाह पढ्छु र केही समय आराम गर्छु र मैले बिहे पनि गरेको छु। हेर, जो मेरो तरिकाबाट विमुख हुन्छ, ऊ हामीमध्येको होइन।" (बुखारी : ४७७६)
- अल्लाहले मानवमाथि गर्नु भएको उपकार र वरदानहरूको वर्णन गर्ने क्रममा श्रीमान र श्रीमती बीचको साँचो माया, समर्पण र सन्तुष्टिलाई अमूल्य वरदान र अनौठो निशानीको संज्ञा दिनु भएको छ। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "अल्लाहका निशानीहरूमध्ये यो पनि हो कि उहाँले


तिमीहरूका लागि तिमीहरूकै सहजताबाट तिमीहरूका जीवनसाथी प्रदान गर्नुभयो, ताकि तिमीहरू एकार्काबाट सन्तुष्टि प्राप्त गर र तिमीहरू बीच उहाँले प्रेम उत्पन्न गर्नुभयो।" (कुर्आन : ३०/२१)

- इस्लामले विवाहलाई सहज बनाउन र यो कार्यमा एक-अर्कालाई सक्दो सहयोग गर्न आदेश दिएको छ। त्यसैगरी बिहे गर्नेलाई अल्लाहको मद्दत पनि प्राप्त हुन्छ। दूत मुहम्मद (स.) ले भन्नुभएको छ : "तीन किसिमका मानिसहरूलाई अल्लाहले सघाउनुहुन्छ। त्यसमध्ये एउटा इज्जत जोगाउन बिहे गर्ने व्यक्ति हो।" (तिर्मिजी : १६५५)
- इस्लामले युवा-युवतीहरूलाई परिपक्व भएपछि विवाह गर्न र जायज तरिकाले आफ्नो चाहना पुरा गर्न आदेश दिएको छ। यसले समाजमा बढ्दै गरेको बलात्कार, यौनजन्य अपराध र माया पिरतीको नाममा अवैधानिक यौनसम्बन्ध नियन्त्रण गर्नमा ठूलो टेवा पुर्याउँछ।

ईश्वरले मानवमाथि गर्नु भएको उपकार र वरदानहरूको वर्णन गर्ने क्रममा कुर्आनले श्रीमान र श्रीमती बीचको साँचो माया, समर्पण र सन्तुष्टिलाई अमूल्य वरदान र निशानीको संज्ञा दिएको छ।




# २



### इस्लामले परिवारका प्रत्येक सदस्यलाई मर्यादित गरेको छ :

इस्लामले बालबालिकाको शिक्षा र गतिलो संस्कारको जिम्मेवारी आमा-बुवालाई सुम्पेको छ । दूत मुहम्मद (स.) ले भन्नुभएको छ : “तिमीहरू सबै जिम्मेवार व्यक्ति हौ र तिमीहरूसित आफ्नो जिम्मेवारीप्रति सोधपुछ हुनेछ । मुस्लिमको राजा सम्पूर्ण मुस्लिमहरूका अभिभावक हो र ऊसित उसको जिम्मेवारीबारे सोधपुछ हुनेछ । पुरूष आफ्नो घरको अभिभावक हो र ऊसित उसको जिम्मेवारीबारे सोधपुछ हुनेछ, श्रीमती आफ्नो श्रीमानको घरको जिम्मेवार हुन् र उनीसित उनको जिम्मेवारीबारे सोधपुछ हुनेछ, नोकर मालिकको धन-सम्पत्तिको जिम्मेवार व्यक्ति हो र ऊसित उसको जिम्मेवारीबारे सोधपुछ हुनेछ ।” (बुखारी : ८५३)


# ३



## इस्लामले आमा-बुवाको सम्मान र उनीहरूको आदेशको पालना गर्न अनिवार्य गरेको छ :

छोरा-छोरी जतिसुकै ठूलो भए पनि उनीहरूले आमा-बुवाको आज्ञापालन र उनीहरूसित भद्र व्यवहार गर्नुपर्छ । उनीहरूको आज्ञापालनलाई अल्लाहको उपासनासँग गाँसिएको छ । उनीहरूको कुरा काट्नु, उनीहरूसित ठूलो स्वरले बोल्नु वा हप्काउनु त परै जाओस्, उनीहरूलाई उफ् भन्न समेत अवैध गरिएको छ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “तिम्रो पालनकर्ताले निर्णय गर्नु भएको छ, उहाँको मात्र उपासना गर र आमा-बुवासँग राम्रो व्यवहार गर । उनीहरूमध्ये एक वा दुवै बुढेसकालमा पुगेका छन् भने उनीहरूलाई न उफ् भन न हप्काउ, बरू उनीहरूसित नम्रताका साथ कुरा गर ।” (कुर्आन : १७/२३)


# ४



इस्लामले सन्तान (छोरा-छोरी) हरूको निर्वाह खर्चमा न्याय गर्न र उनीहरूको हक-अधिकार सुनिश्चित गर्न आदेश दिएको छ :

दूत मुहम्मद (स.) ले भन्नुभएको छ : “अभिभावकले निर्वाह-खर्च नदिनु ठूलो पाप हो ।” (अबू-दाऊद : १६९२) उहाँले विशेषगरी छोरीहरूको पालनपोषण र राम्रोसँग हेरचाह गर्नबारे जोड दिदै भन्नुभएको छ : “जसले आफ्ना छोरीहरूलाई राम्रोसँग हुर्काई, बढाई राम्रो जीवन व्यवस्था मिलाई दिन्छ, उसको लागि ती छोरीहरू नरकका बाधक बन्नेछन् ।” (बुखारी : ५६४९)

# ५



## इस्लामले हाडनातालाई प्रगाढ बनाउन अनिवार्य गरेको छ :

इस्लामले आफन्तहरूसँग राम्रो सम्बन्ध राख्न विशेषगरी हाडनातासँगको नाता मजबुत राख्न आदेश दिएको छ, चाहे त्यो आमा पट्टिको होस् या बुवा पट्टिको । साइनो जोड्नुलाई ठूलो सत्कर्म र साइनो तोड्नु वा उनीहरूसँग नराम्रो व्यवहार गर्नुलाई ठूलो पापको संज्ञा दिएको छ । दूत मुहम्मद (स.) ले भन्नुभएको छ : “साइनो तोड्ने व्यक्ति स्वर्गमा कदापि प्रवेश गर्न सक्दैन ।” (मुस्लिम : २५५६)



आमा-बुवाको कुरा काट्नु, उनीहरूसित ठूलो स्वरले बोल्नु वा हप्काउनु त परै जाओस्, उनीहरूलाई उफ् भन्नसमेत इस्लामले अवैध गरेको छ।

# इस्लाममा नारीको स्थान



टिभीको विज्ञापन होस् वा पत्रपत्रिकाको कभर पेज वा पोल र भित्तामा टासिएको पोस्टर होस्, जताततै आधुनिकताको नाममा नारीलाई नङ्गाइएको आभास हुन्छ । यसबाट नारीलाई एउटा पुतली वा पुरूषको चाहना पुरा गर्ने खेलौना बराबरको दर्जा दिइएको जस्तो लाग्छ ।



**शायद,** यो प्राचीन सभ्यताको विकृति हो । जहाँ नारीलाई अपमान गर्नु र वस्तु झैं किनबेच गर्नु एउटा सामान्य कुरा थियो ।

सदियौंदेखि महिलामाथि हुने अन्याय र दमनको विररूद्धमा संघर्षरत महिलाहरू नरकीय जीवनबाट उम्कन सफल भए, तर आधुनिकताको नाममा नङ्गाइएर फेरि त्यही ठाउँमा पुराए ।

**इस्लामले** १४ शताब्दीदेखि नारीमाथि हुने अन्याय विररूद्ध क्रान्तिकारीको भूमिका निर्वाह गर्दै उनीहरूको हक-अधिकार सुनिश्चित गर्न महत्वपूर्ण विधि-विधानहरू कार्यन्वयन गरेको छ । ताकि उनीहरू पनि समाजमा सम्मानित भइ जीवन यापन गर्न सकुन् र समाजप्रति आफ्नो जिम्मेवारी पूर्ण तरिकाले पुरा गर्न सकुन् ।

त्यसैले अल्लाहले कुर्आनमा महिलाको नाममा सिङ्गो अध्याय 'सूरह अल्-निसा' अवतरण गर्नु भएको छ । जसमा इतिहासका उत्कृष्ट महिलाहरूको कथाको वर्णन, नारी हकहित र नारीसँग सम्बन्धित विधि-विधानहरू उल्लेख गरिएका छन् । त्यत्ति मात्र होइन, जीससकी आमा मर्यमको नामले एउटा अध्याय 'सूरह मर्यम' अवतरण गर्नु भएको छ ।

**नारीलाई** हेर्ने दृष्टिकोणलाई नै इस्लामले परिवर्तन गरेको हो । उनी सभ्य मानिस हुन्, बजारको कुनै खेलौना होइनन् । उनी अर्धाङ्गिनी हुन्, मात्र रातकी रानी होइनन् । माया र ममताको प्रतीक हुन्, यौन तृष्णा पुरा गर्ने र बच्चा जन्माउने कुनै मेशिन मात्र होइनन् ।

## नारी हक-अधिकारका केही उदाहरणहरू :

- इस्लामले महिलालाई आफूले मन पराएको जीवन साथी रोज्ने पूर्ण अधिकार दिएको छ । छोरा-छोरीको हेरचाह र गतिलो संस्कार दिने जिम्मेवारी महिलाको काँधमा राखेको छ । दूत मुहम्मद (स.) ले भन्नुभएको छ : "महिला, श्रीमानको घरको जिम्मेवार हुन् र उनीसित उनको जिम्मेवारीप्रति सोधिने छ ।" (बुखारी : ८५३)

- इस्लाममा महिलाले आफ्नो नाम र थरलाई यथावत राख्न सक्छ । त्यसैले महिलाले विवाहपछि आफ्नो खानदानको नाम र थर परिवर्तन गर्नु पर्दैन ।

- इस्लामले विभिन्न मामिलाहरूमा विशेषगरी आर्थिक कारोबारमा पुरूष र महिला बीच समानता कायम गरेको छ। दूत मुहम्मद (स.) ले भन्नुभएको छ: "महिला पुरूषका अर्धाङ्गिनी हुन् ।" (अबू-दाऊद : २३६)

- इस्लामले महिला विशेषगरी श्रीमती, आमा र छोरीका सारा खर्च र सम्पूर्ण जिम्मेवारी बिना कुनै उपकार पुरूषमाथि अनिवार्य गरेको छ ।

- इस्लामले नारीलाई पैत्रिक सम्पत्तिमा न्यायपूर्ण हक-अधिकार दिएको छ । केही अवस्थाहरूमा पुरूष बराबर अधिकार छ भने केही अवस्थामा नाता, जिम्मेवारी, कार्यभार र खर्चको आधारमा निर्धारण गरिएको छ । इस्लामले पुरूषलाई नारी भन्दा बढी अधिकार दिएको छ भन्दै इस्लाममाथि आरोप लगाउने, तर नारीको तुलनामा पुरूषको जिम्मेवारी, निर्वाह खर्च र सिङ्गो परिवारको हेरचाह र आयश्रोतको बन्दोबस्त मिलाउने कुराहरूलाई बिर्सिदिनु न्यायपूर्ण कुरा त भएन नि । इस्लाम एउटा सन्तुलित जीवन प्रणाली हो । इस्लाममा कसैमाथि अन्याय गरिएको छैन ।


- नाता-गोतालाई मात्र नभई गाउँसमाजमा रहेका एकल महिला र दीन-दु:खीहरूको मद्दत गर्न इस्लामले प्रेरित गर्दछ । दूत मुहम्मद (स.) ले भन्नुभएको छ : "एकल महिला, गरीब र दीन-दु:खीहरूको हेरचाह र सेवा गर्नु अल्लाहको बाटोमा धर्म युद्ध गर्नु, दिनभरी ब्रत बस्नु र रातभरी सलाह पढ्नु सरह हो ।" (बुखारी : ५६६१)

> इस्लाममा पुरूष र महिला बीच कुनै द्वन्द्व छैन । पति र पत्नी एक रथका दुई पांग्रा जस्तै हुन् । दुवै एक अर्काका पूरक हुन् । सभ्य र भव्य समाजका निर्माणमा यी दुवैको ठूलो भूमिका रहेको हुन्छ ।

इस्लामले महिलामाथि अन्याय गरेको, नारी हक-अधिकारलाई थिचोमिचो गरेको र आधुनिक युगसँग मेल नखाने धर्म हो इस्लाम भनेर आरोप नलगाएको होइन, तर आज पनि इस्लामलाई आत्मसात गर्नेहरूमध्ये ७५% महिलाहरू नै छन् । ती महिलाहरू कुनै गरीब देशका नभई विकसित देशहरू, जस्तै ब्रिटेन र अमेरिकाका हुन् । उनीहरूले इस्लाममा नारीको स्थान र विशेषगरी घरपरिवारप्रति इस्लामको उत्कृष्ट विधि-विधानलाई अध्ययन गरेपछि मात्र इस्लामलाई रोजेका छन् ।



## यी महिलाहरूको हेरचाह गर्न इस्लामले जोड दिएको छ :



आमा : एकजना सहाबीले मुहम्मद (स.) सित प्रश्न गरे : “मैले सबैभन्दा बढी सेवा र आदर कसको गर्नुपर्ने हो ? उहाँले जवाफ दिनुभयो : तिम्रो आमाको, उनले फेरि सोधे : त्यसपछि कसको ? उहाँले जवाफ दिनुभयो : तिम्रो आमाको, उनले फेरि सोधे : त्यसपछि कसको ? उहाँले तेस्रो पल्ट जवाफ दिनुभयो : तिम्रो आमाको, उनले फेरि सोधे : त्यसपछि कसको ? उहाँले (चौथो पल्टमा) जवाफ दिनुभयो : तिम्रो बुबाको ।” (बुखारी : ५६२६)



**छोरी :** दूत मुहम्मद (स.) ले भन्नुभएको छ : “जसका तीनजना छोरीहरू छन्, उसले आफ्ना छोरीहरूलाई पर्याप्त माया गर्छ, गाँस, बास र कपासको व्यवस्था गर्छ भने तिनीहरू आफ्नो बुवाको लागि नरकको बाधक बन्नेछन् ।” (इब्ने माजह : ३६६९)



**श्रीमती :** दूत मुहम्मद (स.) ले भन्नुभएको छ : “उत्कृष्ट व्यक्ति त्यो हो, जसले आफ्नो घरपरिवारसित सबैभन्दा राम्रो व्यवहार गर्दछ र म आफ्नो घरपरिवारसित राम्रो व्यवहार गर्छु ।” (तिर्मिजी : ३८९५)



> इस्लाम में पुरुषों और महिलाओं के बीच सम्बंध एकीकरण का रिश्ता है, कोई संघर्ष नहीं, और उनमें से प्रत्येक, मुस्लिम समुदाय के निर्माण में अन्य की कमी को कम करता है।

### पुरूष र महिला बीच कुनै द्वन्द छैन :

**इस्लाममा** पुरूष र महिला बीच युद्ध र द्वन्द्वको लागि कुनै स्थान छैन। भौतिक लाभको लागि प्रतिस्पर्धा गर्नु, पुरूषले महिलाको विररूद्धमा र महिलाले पुरूषको विररूद्धमा अभियान चलाउनु, एक अर्काको कमी-कमजोरी खोज्नु र एक अर्काको बेइज्जत गर्नु व्यर्थ हो।

आफ्नो जीवन साथी र अर्धाङ्गिनीसित कोही कसरी युद्ध गर्न सक्छ र ? दूत मुहम्मद (स.) ले भन्नुभएको छ : “नारी पुरूषको अर्धाङ्गिनी हुन्।” हो, श्रीमान र श्रीमती एक रथका दुई पाङ्ग्राहरू र एक अर्काका पूरक हुन्। सभ्य र भब्य समाजका निर्माणमा यी दुवैको ठूलो भूमिका रहेको छ।

श्रीमान र श्रीमतीबीच रहेको अपार माया र आत्मीय सम्बन्धलाई कुर्आनमा यसरी बयान गरिएको छ : “महिलाहरू पुरूषका र पुरूषहरू महिलाका पहिरन हुन् ।” (कुर्आन : २/१८७)

पुरूष होस् वा महिला दुवैमा केही न केही कमी-कमजोरी हुन्छ नै । कहिले पुरूषलाई महिलाको र कहिले महिलालाई पुरूषको कुनै बानी मन पर्दैन । त्यसैले सानोतिनो कमी-कमजोरीलाई देखे पनि नदेखे झैं गर्नुपर्छ, होइन भने दाम्पत्य जीवन उराठलाग्दो हुन जान्छ । किनभने सभ्य समाज र समृद्ध राष्ट्रको निर्माणमा यी दुवैको सहयोग बिना सम्भव नै छैन ।

स्मरण रहोस्, अल्लाहले पुरूष र महिला दुवैलाई सृष्टि गर्नु भएको छ । यदि पुरूष र महिला हरेक कुरामा समान हुने हो भने फेरि अल्लाहले किन अलग-अलग पहिचान दिनुभयो त ?

**जब केही** पुरूषहरूले महिलालाई प्रदान गरिएको अधिकारको र केही महिलाहरूले पुरूषलाई प्रदान गरिएको अधिकारको चाहना गरे तब अल्लाहले निम्न श्लोक अवतरण गर्नुभयो । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “अल्लाहले एकलाई अर्कामाथि जुन श्रेष्ठता प्रदान गर्नु भएको छ, त्यसमा बराबरी नखोज । पुरूष आफ्नो कर्मको भागीदार र महिला आफ्नो कर्मको भागीदार हुन् । जे माग्नु छ अल्लाहसित माग ।” (कुर्आन : ४/३२)

**अल्लाहले** हरेकलाई केही न केही विशेषता र जिम्मेवारी सुम्पिनु भएको छ । त्यसैले हरेकले अल्लाहको आदेशको पालना गर्दै आफ्नो जिम्मेवारी इमान्दारिताका साथ वहन गर्नुपर्छ। इस्लामी विधान पुरूष वा महिलाको लागि मात्र भनेर आएको छैन, यो त सिङ्गो संसारको मार्गदर्शनको लागि आएको छ ।

## पुरूष र महिलाबीचको सम्बन्ध :

पुरूष र महिलाबीचको सम्बन्धलाई मर्यादित र सभ्य बनाउन नियम र कानून जरूरी छ । इतिहास साक्षी छ, पुरूष र महिलाबीचको सम्बन्धलाई मर्यादित र सभ्य बनाउन सम्पूर्ण समुदायहरूले आ-आफ्नो हिसाबले ऐन तयार पारे, तर सबै असफल भए । इतिहास र मानव विज्ञानका पुस्तकहरू पल्टाएर हेर्नुहोस्, कतिपय समुदायमा नांगै बस्ने, यौन अराजकता र यौन दुरुपयोग गर्ने बढी छन् भने कतिपय समुदायमा महिलालाई जन्जिरमा बाँधेर राख्ने गरिन्छ । कतिपय समुदायमा महिलाको अनुपातमा पुरूषले अङ्ग छोप्ने प्रथा छ भने कतिपय समुदायमा शरीरका केही खास अङ्ग बाहेक सबै खोलेर हिंड्ने प्रथा अझै कायमै छ ।

धैरैजसो मानिसहरू विशेषगरी सभ्यताको पाठ पढाउने व्यक्तिहरूले भनेका छन् : पुरूष र महिलाबीचको सम्बन्धलाई मर्यादित र सभ्य बनाउन कुनै प्रभावकारी प्रणाली र विधि-विधान अति आवश्यक छ, होइन भने हाम्रो सभ्यता र जिन्दगी जंगलमा बस्ने जनावर सरह हुनेछ । त्यसपछि मानिस र जनावरबीच केही फरक रहने छैन ।

LAUNCHING
CURiOSiTY
CLICK HERE




धेरैजसो मानिसहरू विशेषगरी सभ्यताको पाठ पढाउने व्यक्तिहरूले भनेका छन् : पुरूष र महिलाबीचको सम्बन्धलाई मर्यादित र सभ्य बनाउन कुनै प्रभावकारी प्रणाली र विधि-विधान अति आवश्यक छ, होइन भने हाम्रो सभ्यता र जिन्दगी जंगलमा बस्ने जनावर सरह हुनेछ । त्यसपछि मानिस र जनावरबीच केही फरक रहने छैन ।



## इस्लाममा पुरूष र महिलाबीचको सम्बन्ध :

इस्लाममा पुरूष र महिलाबीचको सम्बन्ध इतिहास र भूगोलको आधारमा मानवद्वारा तयार पारिएको कुनै प्रणाली होइन। यो त अल्लाहद्वारा पवित्र ग्रन्थ कुर्आनमा अवतरित र दूत मुहम्मद (स.) द्वारा हदीसमा निर्देशित पूर्ण विधान हो, जुन हरेक युगका मानिसहरूका लागि शत प्रतिशत उचित छ।

इस्लाममा नाताको आधारमा पुरूष र महिलाबीचको सम्बन्ध मर्यादित गरिएको छ।

**महिलाका लागि पुरूषहरू यस प्रकार छन् :**

**१) श्रीमान :**

कुर्आनले श्रीमान र श्रीमतीबीचको शारीरिक र आत्मीय सम्बन्धलाई पहिरनसँग तुलना गरेर एउटा उत्कृष्ट उदाहरण दिएको छ । इस्लाममा श्रीमान र श्रीमतीबीच कुनै पर्दा हुँदैन । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "महिलाहरू पुरूषका र पुरूषहरू महिलाका पहिरन हुन् ।" (कुर्आन : २/१८७)

**२) महरम :**

महरम भनेको ती व्यक्तिहरू हुन् जोसँग हाडनाताले गर्दा विवाह गर्न अवैध छ, जस्तै- बुवा, बाजे, छोरा, भाई, काका, मामा, भतिजा, भान्जा, नाती इत्यादि ... ।

महिलाले आफ्नो घरमा बुवा र दाजुभाइसँग सामान्य लुगामा भेट्नु, कुराकानी गर्नु, यात्रा गर्नु इत्यादि जायज छ । तर नग्न वा अर्धनग्न लुगा लगाएर महरमलाई भेट्नु वा उसको अगाडिमा आउनु जायज छैन ।

**३) पर पुरूष :**

हाडनाता बाहेकका सम्पूर्ण पुरूषहरूलाई इस्लाममा पर पुरूष भनिन्छ ।

महिला र पर-पुरषबीचको सम्बन्धलाई मर्यादित गर्न र गिद्धे नजर राख्ने पुरूषबाट महिलाको अस्मितालाई सुरक्षित गर्न इस्लामले केही महत्वपूर्ण विधि-विधान र ऐन पारित गरेको छ । किनभने जसले मानवलाई सृष्टि गरेको छ, मानवको बारेमा बढी जानकारी उसलाई नै हुन्छ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "के सृष्टिकर्तालाई आफ्नो सृष्टिको बारेमा थाहा छैन र ? उहाँ सम्पूर्ण गतिविधिहरूदेखि अवगत हुनुहुन्छ ।" (कुर्आन : ६७/१४)



## इस्लामले महिलालाई पर पुरूषसित पर्दा गर्न किन अनिवार्य गरेको छ ?

- ताकि महिलाले पनि मान-मर्यादाका साथ व्यक्ति, सामाज र राष्ट्र विकासमा योगदान पुर्याउन सकुन् ।
- महिलामाथि हुने बलात्कार, यौनजन्य हिंसात्मक घटनाहरूलाई न्यूनीकरण गरी सभ्य समाज स्थापित गर्न र महिलाको अस्मिता जोगाउन सकुन् ।
- महिलालाई सम्मानित र मर्यादित गर्नको लागि । किनभने महिला कुनै खेलौना होइनन् । उनी पुरूष झैं मानिस हुन् । महिलाले मर्यादित तरिकाले समाज र राष्ट्रलाई योगदान पुर्याउन सक्छिन् । उनले पनि पुरूषहरूसित परिधिमा रहेर कामकारबाही गर्न सक्छिन् । यसले अरूलाई पनि नारीसँग सभ्य व्यवहार गर्न र राष्ट्र विकासमा संलग्न गराउन प्रेरणा मिल्छ ।

## पर पुरूष र महिलाबीच सम्बन्धलाई मर्यादित गर्ने केही सिद्धान्तहरू :

### १ दृष्टि नियन्त्रण गर्नु :

अल्लाहले पुरूष र महिला दुवैलाई दृष्टि नियन्त्रण गर्न र कामवासना भड्काउने वस्तुतिर ट्वाल्ल परेर नहेर्न आदेश दिनु भएको छ । यसले समाजमा फस्टाउँदै गएको अनैतिक सम्बन्ध र यौनजन्य अपराधलाई नियन्त्रण गर्न सकिन्छ । पवित्र ग्रन्थ कुर्आनमा दूत मुहम्मद (स.) लाई आदेश स्वरूप भनिएको छ : "भनिदेऊ, हे आस्थावान पुरूष र महिलाहरू हो ! तिमीहरू आ-आफ्ना आँखा झुकाएर हिंड र अनैतिक सम्बन्धबाट टाढा बस । यसले तिमीहरूलाई पवित्रता प्रदान गर्छ। अल्लाह तिमीहरूको प्रत्येक क्रियाकलापदेखि अवगत हुनुहुन्छ ।" (कुर्आन : २४/३०-३१)

### २ भद्र व्यवहार गर्नु :

काम, पढाई वा कुनै पनि कारणले कतै कुराकानी वा लेनदेन गर्नुपर्यो भने दुवै पक्षले सभ्य र आदरका साथ बोल्नु पर्छ । कुराकानी वा लेनदेन गर्ने क्रममा बोलीमा अश्लीलता र चालमा यौन उत्तेजना निम्त्याउने क्रियाकलापबाट टाढा रहनु पर्दछ ।



## ३ पर्दा गर्नु :

अल्लाहले नारीलाई पर्दा गर्ने अथवा आफ्नो शरीरलाई छोप्ने आदेश दिनु भएको छ, किनकि तिनीहरूको शरीरलाई आकर्षक र सुन्दर बनाइएको छ, जसबाट पुरूष आकर्षित हुन्छन् । त्यसैले प्राचीनकालदेखि आजको युगसम्म पुरूषलाई प्रलोभनमा पार्न वा फसाउन महिलाको प्रयोग गरिएको पाइन्छ । आज पनि मिडिया र विज्ञापनमा महिलालाई बढी प्रयोग गरिएको पाइन्छ । त्यसैले यस्ता विकृतिहरूको निर्मूल गर्न इस्लाममा महिलालाई पर्दा गर्न आदेश दिइएको छ ।

पर्दाको सीमा : महिलाले पर पुरूषको अगाडि अनुहार र हात बाहेक सम्पूर्ण शरीरलाई अनिवार्य रूपमा छोप्नु पर्दछ । अल्लाहले भन्नुभएको छ : “महिलाहरूले आफ्नो श्रृङ्गारलाई प्रदर्शन नगरुन्, मात्र त्यो बाहेक जो स्वतः देखिन्छ ।” (कुर्आन : २४/३०-३१)



पर्दालाई रूढीवादी भनेर आलोचना गर्नेहरूको ध्यान इतिहासको उत्कृष्ट महिला (पवित्र मर्यम) को फोटोतिर कहिल्यै पनि जाँदैन । एक चोटि ध्यान दिएर हेर्नुहोस् । उहाँले लगाउनु भएको पहिरन मुस्लिमको पहिरन र पर्दासित कति मेल खान्छ ।



# इस्लाममा खानपिनको तरिका



# इस्लाम

इस्लाममा मादक पदार्थ र सुँगुरलाई किन अवैध गरिएको छ ? इस्लामको खोजकर्ताहरूले गर्ने एउटा सामान्य प्रश्न हो ।



इस्लाममा

**इस्लाममा** मादक पदार्थ र सुँगुरलाई किन अवैध गरिएको छ ? इस्लामको खोजकर्ताहरूले गर्ने एउटा सामान्य प्रश्न हो ।

**यसको जवाफ दिन निम्नलिखित स्पष्टीकरणहरू बुझ्न जरूरी छ :**

हुनत इस्लामले मुस्लिमका लागि पृथ्वीमा रहेका सम्पूर्ण चिजबिजहरू वैध गरेको छ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "अल्लाहले पृथ्वीमा रहेका सम्पूर्ण वस्तुहरूलाई तिमीहरूको फाइदाका लागि सृष्टि गर्नु भएको छ ।" (कुर्आन : २/२९)

**तीमध्ये खानपिनका** कुराहरू हुन् । इस्लामले मानिसको स्वास्थ्य, दिमाग र आचरणमा नकारात्मक असर पुर्याउने रक्सी वा नशालु पदार्थ बाहेक सम्पूर्ण किसिमका खानेकुराहरूलाई वैध गरेको छ । शायद तपाईं रक्सी र सुँगुरलाई किन अवैध गरिएको कुरा जान्न उत्सुक हुनुहुन्छ ।

## सुँगुर :

इस्लामले सुँगुरलाई अवैध गरेको छ । यद्यपि त्यतिबेला अरब समाजमा सुँगुर प्रचलित थिएन । वास्तवमा, सुँगुर खानु कुर्आनमा मात्र अवैध गरिएको होइन, यहूदीहरूको ग्रन्थ तौरातमा पनि सुँगुरलाई अवैध गरिएको छ । (थप जानकारीको लागि Old Testament पढ्नुहोस्)

**अचम्मको** कुरा के छ भने सुँगुर खानु क्रिश्चियनको लागि पनि अवैध हो भनेर बाइबलमा उल्लेख गरिएको छ । तर उनीहरूले ग्रन्थमा हेरफेर र मनमानी परिवर्तन गरेका छन् । तै पनि केही धर्म गुरूहरूले New Testament मा यसलाई प्रमाणित गरेका छन् ।

(थप जानकारीको लागि Mark ५: ११-१३, Matthew ६७, २ Peter २/२२, Luke १५/११ हेर्नुहोस्)

**अल्लाहले** प्राय सबै कुराहरू मानिसका लागि वैध गर्नु भएको छ । तीमध्ये केही कुराहरूलाई अवैध गरेर हाम्रो आस्था र कर्मलाई जाँच्न चाहनुहुन्छ । जसरी आदम (अ.) को लागि सम्पूर्ण कुराहरू वैध गर्नु भएको थियो, तर एउटा विशेष बोटको फललाई अवैध गरी उहाँको परीक्षा लिनुभएको थियो ।

**अल्लाहले** प्राय सबै कुराहरू मानिसका लागि वैध गर्नु भएको छ । तीमध्ये केही कुराहरूलाई अवैध गरेर हाम्रो आस्था र कर्मलाई जाँच्न चाहनुहुन्छ । जसरी आदम (अ.) को लागि सम्पूर्ण कुराहरू वैध गर्नु भएको थियो, तर एउटा विशेष बोटको फललाई अवैध गरी उहाँको परीक्षा लिनुभएको थियो ।



## मदिरा र नशालु पदार्थहरू :

समाजमा महामारी र खतरनाक रोगहरूको नियन्त्रण गरी मानिसहरूको जीवन रक्षाको लागि स्वाथ्य सम्बन्धि कडा नियम र कानून पारित गर्नु राज्य र सरकारको सबैभन्दा महत्त्वपूर्ण दायित्व बन्न पुगेको छ । यसमा अलिकति पनि लापरबाही र असंतुलन भयो भने व्यक्ति, समाज र राष्ट्रले ठूलो क्षति बेहोर्नु पर्ने हुन्छ ।




शायद, हामी सबैलाई चकित पार्न यो प्रतिवेदन पर्याप्त होला ! ओक्सफोर्ड विश्वविद्यालयले गरेको एउटा अनुसन्धानलाई WHO को प्रतिवेदन ११/०२/२०११ इ० मा र भरपर्दो नेचर-४८३ नामी पत्रिकाले १५/०३/२०१२ इ० मा प्रकाशित गरिसकेका छन् ।


यो प्रतिवेदनले के देखाउँछ भने मदिरा र नशालु पदार्थको सेवनबाट शिकार हुनेहरूको संख्या, एड्स, मलेरिया र क्षयरोगबाट सिकार हुने व्यक्तिहरूको संख्यालाई नाघेको थियो। त्यसैगरी यो संख्या सम्पूर्ण युद्ध, नरसंहार र आतंकवादबाट सिकार हुने व्यक्तिहरूको संख्याको तीन गुणा थियो ।


WHO को अनुसन्धान अनुसार मदिरा र नशालु पदार्थबाट प्रभावित हुनेहरूको संख्या यस प्रकार छ :





**विश्वमा मदिरा र नशालु पदार्थको सेवनबाट मर्नेहरूको संख्या बर्षेनी २५,००,०००** (पच्चीस लाख) भन्दा बढी छ । जसमा १५-२९ बर्षका युवायुवतीहरूको संख्या ३२,००० भन्दा बढी देखिएको छ। जुन कुल बार्षिक मृत्युदरको ९ % हो।









**अमेरिकामा गरिएको एउटा सर्वेक्षण अनुसार प्रत्येक वर्ष विश्वविद्यालयमा अध्ययनरत ७,००,०००** विद्यार्थीहरू हिंसात्मक हमलाका शिकार हुने गर्दछन् । जुन हिंसात्मक आक्रमणमा मदिरा र नशालु पदार्थ सेवन गर्ने विद्यार्थीहरूको संलग्नता पाइएको छ ।





२००१ को प्रतिवेदन अनुसार इस्टोनियाका युवायुवतीद्वारा गरिएको हिंसात्मक अपराधहरूमध्ये ८०% अपराध अत्याधिक रक्सी सेवनबाट भएको देखिएको छ।







**अन्तर्राष्ट्रिय तथ्यांक अनुसार कुल अपराधको एक चौथाई** अपराध अत्याधिक रक्सी सेवनबाट भएको देखिएको छ ।






**WHO को सम्पूर्ण प्रतिवेदन र तथ्यांकहरूले अपराध न्यूनीकरण गर्ने कडा** भन्दा कडा नियम लागु गर्न सम्पूर्ण राज्यहरूलाई आह्वान गर्दछ। यस्ता कडा नियमले दिनहुँ रक्सीले गर्दा हुने अपराधहरू नियन्त्रण गर्न सकिन्छ।





## ब्रिटेनको वार्षिक प्रतिवेदन :

- **ब्रिटेनमा लगभग १० लाख हिंसात्मक** अपराधहरू रक्सी सेवनबाट गरिएको देखिएको छ । हिंसात्मक अपराधहरूमध्येका ५०% अपराध अत्याधिक रक्सी सेवनबाट भएको देखिएको छ ।
- **बर्षेनी अस्पतालहरूमा रक्सी सेवनले** गर्दा भएको लगभग ७० लाख दुर्घटनाहरू आपतकालीन सेवाको लागि दर्ता भएका छन् । जसको कुल खर्च लगभग ६५० मिलियन ब्रिटिश पाउण्ड करदाताहरूले तिर्नुपर्छ ।
- **समग्रमा भन्नु पर्दा मदिरा र नशालु** पदार्थसँग सम्बन्धित अपराधहरूको लागत करदाताले बर्षेनी लगभग ८-१३ अरब पाउण्ड तिर्नुपर्छ ।



## इस्लामले मदिरा र नशालु पदार्थलाई कसरी नियन्त्रण गरेको छ ?

**मदिरा र नशालु** पदार्थको सेवनबाट व्यक्ति र समाजमा पर्न गएको नकारात्मक असरलाई नियन्त्रण गर्न इस्लामले WHO को प्रतिवेदनलाई कुरेको छैन। किनभने जुन ईश्वरले मानवलाई सृष्टि गर्नु भएको छ, उहाँलाई राम्रोसँग थाहा छ, मानिसको लागि के फाइदाजनक छ र के हानिकारक छ।

**आज भन्दा** १४ शताब्दी पहिला अरब समुदाय पनि मदिरा सेवनमा मस्त रहने गर्थे। अन्न र फलफूलका रक्सीहरूमा रमाउने अरबको पुरानो प्रथा थियो। आफूसँग भएको चल अचल सम्पत्ति सबै मदिरा सेवनमा लगाएर गर्व गर्ने गर्थे। यस्तो समाजमा अल्लाहले अन्तिम दूत मुहम्मद (स.) द्वारा इस्लाम धर्म पठाउनु भयो।

**यस्तो** कठिन परिस्थितिमा कुर्आनले रक्सी सम्बन्धि विवेकपूर्ण र निष्पक्ष कुरा गरेको छ : हुनत रक्सीमा केही फाइदा त छ। किनभने रक्सी खाएर झ्याप भएपछि केही हदसम्म आफ्नो दु:ख बिर्सने गर्छ र आनन्द महसुस हुन्छ। तर यसको नोक्सान फाइदा भन्दा बढी छ। किनभने रक्सीको सेवनले विभिन्न घातक रोगहरू निम्ताउँछ। यसले व्यक्ति, समाज र राष्ट्रमा नकारात्मक असर पुर्याउँछ। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "यिनीहरू तपाईंसित रक्सी र जुवा-तासको बारेमा प्रश्न गर्छन्। भनिदेऊ, "यसमा ठूलो नोक्सान छ र मानिसहरूका लागि केही फाइदा पनि छ, तर यसका नोक्सान फाइदा भन्दा धेरै छ।" (कुर्आन : २/२१९)

**मदिरा सेवन गर्नु** अपवित्र र घृणित कार्य हो। यसले मित्रतालाई शत्रुतामा परिणत गर्छ, पारस्परिक घृणा र इर्ष्यालाई बढावा दिन्छ, अल्लाहको प्रशंसा र सलाह पढ्नबाट टाढा राख्छ भनेर कुर्आनले यसलाई अवैध घोषित गरेपछि मानिसहरूले अल्लाहको आदेशको पालना गर्दै आफूसँग बाँकी रहेका रक्सीलाई मदिनाको गल्लीमा खन्याइ दिए र रक्सी बनाउने भाडा पनि चकनाचुर पारे।

# पाप र पश्चाताप



# पाप

पाप र पश्चाताप प्रायः सबै धर्महरूको बौद्धिक समस्याहरूमध्येको एक हो । पापपछिको पश्चातापलाई हरेक धर्ममा अलग-अलग तरिकाले वर्णन गरिएको छ ।



**इस्लामले** पाप र पश्चातापको उत्कृष्ट सन्तुलन कायम गरेको छ । अल्लाहले मानिसलाई असल र खराब दुवै गुणहरू सहित सृष्टि गर्नुभएको छ । तर अल्लाहले मानिसलाई सही र गलत छुट्याउने विवेक पनि प्रदान गर्नुभएको छ । तैपनि कसैले गलत काम नै रोज्छ भने उसको जिम्मेवार ऊ स्वयम् हुन्छ, किनकि उसलाई सही र गलत मध्ये एक चुन्ने पूर्ण अधिकार प्राप्त छ । मानिसबाट कहिलेकाहीं गल्ती हुन सक्छ । गल्ती भएमा निम्नलिखित तरिकाले त्यसको पश्चाताप गर्नु पर्दछ :

- **उनले स्वयम् प्रायश्चित** (तौबा) गरे र अल्लाहले क्षमा प्रदान गर्नुभयो। त्यसैले आदम (अ.) को सन्तानमध्ये यदि कसैले कुनै गल्ती वा पाप गर्छ भने यो उसको व्यक्तिगत गल्ती हुनेछ र उसले चोखो मनले व्यक्तिगत पश्चाताप गर्नु पर्याप्त हुन्छ । किनभने अल्लाहको दरबारमा कसैले कसैको पापको भारी बोक्ने छैन। कथमकदाचित कसैबाट केही गल्ती भयो भने उसको लागि प्रायश्चित (तौबा) को ढोका खुल्ला छ । निराश नभईकन अल्लाहसित क्षमा माग्नु पर्छ । यसै कुरालाई अघिका दूतहरूले वर्णन गरेका छन् र यसैलाई अन्तिम दूत मुहम्मद (स.) ले पनि पुष्टि गर्नु भएको छ। पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "इब्राहीम र मूसाको ग्रन्थका कुरा उनीहरूलाई अवगत गराइएको छैन; कसैले कसैको पापको भारी बोक्ने छैन । मानिसले जे गरेको छ उसले त्यही पाउनेछ । उसले गरेको क्रमको परिणाम चांडै देखिनेछ अनि पुरा पुरा बदला र प्रतिफल पाउनेछ।" (कुर्आन : ५३/३६-४१)

- **प्रायश्चित** (तौबा) गर्नु एक प्रकारको उपासना र अल्लाहको नजिक हुने एउटा माध्यम हो। यो कुनै व्यक्ति विशेषको लागि खास छैन । जुनसुकै व्यक्तिले जहिले पनि प्रायश्चित गर्न सक्छ । प्रायश्चित गर्न नत कुनै विशेष स्थान चाहिन्छ नत कुनै व्यक्ति विशेषको अगाडिमा हुनुपर्छ नत कसैबाट अनुमति लिनुपर्छ । यो केवल भक्त र उसको पालनकर्ताबीचको कुरा हो। कुर्आनका धेरैजसो श्लोकहरूमा अल्लाहको विशेषतामा (अत्तौवा बुर्रहीम) अति क्षमा प्रदान गर्ने परम दयालु भनिएको छ । त्यसैले प्रायश्चित गर्नमा ढिलो गर्नु हुँदैन। स्वर्गमा प्रवेश गर्ने केही

> स्वच्छ मनले पापलाई त्याग्नु, अतीतमा गरेको पापमाथि पछुतो हुनु, आइन्दा नगर्ने दृढ संकल्प गर्नु र अर्काको हक-अधिकार फिर्ता गर्नु नै प्रायश्चितको लागि पर्याप्त छ।



भाग्यमानी व्यक्तिहरूको विशेषता कुर्आनमा यसरी वर्णन गरिएको छ : "उनीहरूबाट केही अश्लील कार्य वा पाप भएमा छिटोभन्दा छिटो अल्लाहसित क्षमायाचना गर्थे र उहाँलाई अत्याधिक स्मरण गर्ने गर्थे। अल्लाह बाहेक कसैले क्षमा प्रदान गर्न सक्दैनन्। उनीहरू जानीजानी पापमाथि पाप गर्दैनथे।" (कुर्आन : ३/१३५)


- **इस्लाममा प्रायश्चित** गर्ने तरिका यस प्रकार छन् ; पहिला स्वच्छ मनले पापको दुनियाँलाई त्याग्नु पर्छ, अतीतमा गरेको पापमाथि पछुतो हुनुपर्छ, आइन्दा नगर्ने दृढ संकल्प गर्नु पर्छ र कसैको हक-अधिकार खोसेको छ भने त्यसलाई फिर्ता गर्नु पर्याप्त हुन्छ । यदि अन्जानमा फेरि केही गल्ती वा पाप भयो भने नत पहिलेको तौबा भङ्ग हुन्छ नत पुरानो पाप फर्केर आउँछ, तर फेरि अल्लाहसित माफी माग्नु र प्रायश्चित गर्नुपर्दछ ।

**इस्लामले** मानिसलाई आफ्नो गल्ती र कमीकमजोरीलाई औंल्याएर पश्चाताप गर्दै परिवर्तन, मानव विकास र सभ्य समाज निर्माण कार्यमा अग्रसर भइ सन्तुलन कायम गर्न प्रेरित गर्दछ । मानिस हो; कहिलेकाहीं परिस्थिति, साथीभाइको संगतले गलत बाटो रोज्न बाध्य हुन्छन् । तर जस्तोसुकै अवस्थामा पनि हामीले सन्तुलन गुमाउनु हुँदैन । गल्ती हुने बित्तिकै आफ्नो गल्तीलाई महसुस गर्नुपर्छ र तुरुन्तै चोखो मनले अल्लाहसित माफी माग्नु र प्रायश्चित गर्नुपर्दछ ।


**यहाँ ईश्वरको** एउटा सच्चा भक्त र अरूबीच रहेको फरक स्वयम् छर्लङ्ग हुन्छ। कहिलेकाहीं ईश्वरको सच्चा भक्तबाट पनि गल्ती हुन सक्छ, तर उसले अरू खराब व्यक्तिहरूले झैं बारम्बार गल्ती दोहोर्याउदैनन्, बरू आफ्नो गल्तीलाई महसुस गर्दै तुरुन्तै शुद्ध मनले अल्लाहसित माफी माग्दछ र आइन्दा फेरी त्यो गल्ती नदोहोर्याउने बाचा गर्दै गरेको गल्तीको प्रायश्चित गर्दछ । (कुर्आन : ७/२०१-२०२)

इस्लाममा : कसैले कसैको पापको भारी बोक्ने छैन । कुनै नवजात शिशुले पनि अर्काको अघिल्लो पापको भारी बोक्ने छैन । किनभने प्रत्येक शिशु एकदम चोखो र निश्चल भएर जन्मिन्छ ... ।





# धर्म र विवेकबीचकुनै विरोधाभास छैन



धर्म र विवेकबीच विरोधाभास छ भन्ने केही मानिसहरूको धारणा छ। किनभने उनीहरूको दृष्टिमा रूढीवादी, अन्धविश्वास र पुराना सोचका मूल श्रोत र साधन धर्म नै हुन्छ । जबकि आध्यात्मिक ज्ञान र दर्शन वैज्ञानिक पद्धतिका आधार हुन् भन्ने कुरा विभिन्न अनुसन्धानहरूबाट प्रमाणित भइसकेको छ। तर यी अनुसन्धानहरूमा केही सत्यता छ भने केही गलत कुराहरू पनि समावेश गरिएका छन्।



कुछ लोग सोचते हैं कि धर्म और विवेक के बीच एक विरोधाभास है, और धर्म वैज्ञानिक पद्धति का विरोध करता है, क्यूंकि उनकी दृष्टि से धर्म, अंधापन, पुरानी कहानी और ग़लत सोच का नाम है। जबकि विज्ञान और दर्शन एक संगठित ज्ञान तक पहुँचने का मार्ग है जो शोध, सोच और प्रयोग की शर्तों से एक विश्वसनीय विज्ञान बन सकता है.. ध्यान देने से पता चलता है कि ऐसा विश्वास रखने से कभी  कुछ सही और कुछ ग़लत होने का संभव रहता है।

सच्चाई यह है कि अनेक धर्मों के कारण कभी मन उसको स्वीकार करता और कभी-कभी इसका विरोध करता है। इसलिए कि उसके श्रोत और पुस्तकें ग़लत आस्था और अंधविश्वासों से भरे हुए हैं जो संसार और विज्ञान का विरोधाभास करती हैं।

लेकिन एक धर्म है जिसमें धर्म और भेदभाव के बीच कोई विरोधाभास नहीं है। इसके बजाय आध्यात्मिक ज्ञान और दर्शन विज्ञान में पहला क़दम है। इसलिए धर्मों के बीच गुणात्मक मतभेदों के बारे में सोचे बिना सभी धर्मों को व्यापक रूप से गुमराह और ग़लत बताना उचित नहीं है!

इस्लाम का मुख्य श्रोत; क़ुरआन का अध्ययन करने वाले व्यक्ति को अच्छी तरह पता है कि क़ुरआन ने विवेक को उच्च दर्जा दिया है, जो अन्य धर्मों में नहीं है। क़ुरआन से परिचित व्यक्ति को तनिक भी कठिनाई नहीं होनी चाहिए कि उसने बुद्धि को बार-बार सोचने और ध्यान देने के लिये आमंत्रित किया है। यहाँ तक कि उसने इनकार के प्रश्न के साथ (क्या आप समझते नहीं?) १३ से अधिक बार दोहराया है।

> क़ुरआन से परिचित व्यक्ति को तनिक भी कठिनाई नहीं होनी चाहिए कि उसने बुद्धि को बार-बार सोचने और ध्यान देने के लिये आमंत्रित किया है।

**कुर्आनको शिक्षाले मानिसलाई सचेत गर्दछ र यसको प्रभाव जीवनको हरेक पक्षमा देख्न सकिन्छ, जस्तै-**

१



पवित्र ग्रन्थ कुर्आनले ती विवेकशील मानिसहरूलाई सम्बोधन गरेको छ, जो अहंकार, अन्याय, डर र अज्ञानताबाट मुक्त छन् । उनीहरूलाई विभिन्न बौद्धिक तथा सैद्धान्तिक प्रश्न गर्दै भनेको छ: “के यिनीहरूको सृष्टि बिना आधार भएको हो ? वा यिनीहरू आफैंलाई सृष्टिकर्ता ठान्छन् ? वा यिनीहरूले आफैं आकाश र पृथ्वीको सृष्टि गरेको ठान्छन् ? वास्तवमा, यिनीहरू अल्लाहमाथि आस्था राख्दैनन्” (कुर्आन : ५२/३५-३६)

# २



कुर्आनले विरोधीहरूको प्रमाणलाई जाँच गर्छ र बिना प्रमाणका तर्कहरूलाई अस्वीकार गर्छ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “भनिदेऊ, यदि तिमीहरू सच्चा हौ भने आफ्नो प्रमाण प्रस्तुत गर।” (कुर्आन : २/१११)

# उ



कुर्आनले बुद्धि र विवेकको प्रयोग नगर्नेहरूलाई अपमान गर्दै घच्घच्याएको छ । मानौ उनीहरूसँग सोच्ने नत शक्ति छ नत कुनै चेतना नै । किनकि उनीहरू सत्य-तथ्य छर्लङ्ग भइसके पनि सही निर्णय लिन र सत्य धर्मलाई आत्मसात गर्न असमर्थ छन् । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "के उनीहरू पृथ्वीमा हिँडिरहेका छैनन् ? के उनीहरूको हृदयले बुझ्न सक्दैनन् र कानले सुन्न सक्दैनन् ? वास्तवमा, आँखा अन्धो हुँदैन, उनीहरूको मुटु नै अन्धो रहेछ ।" (कुर्आन : २२/४६)

४



कुर्आनले बुद्धि र विवेकको प्रयोगमा बाधक बन्ने सम्पूर्ण कुराहरूबाट सचेत गरेको छ । कुर्आनले विवेक र चेतनाको प्रयोग गर्न प्रेरित गरेको मात्र होइन, बरू दिमागलाई खराब गर्ने कुराहरूदेखि सतर्कता अपनाउन चेतावनी दिएको छ । किनभने असल र खराब कुराहरूको द्वन्द्वले मानव प्रभावित हुन्छन् । त्यसैले मानिस कहिलेकाहीं आफ्नो इच्छाले वा डरले वा साथीभाइको धोखाले गर्दा भोलिको नतिजाको बारेमा सोच्दै नसोचिकन गलत बाटोमा लाग्छ ।


**सही सोचका बाधकहरू :**

- **परम्परा :** खानदानी परम्परा, गलत बानी व्यहोरा र सधैं नकारात्मक सोच्ने प्रवृत्तिले सही सोच्ने क्षमतामा ठूलो असर पुर्याउँछ। यसले गर्दा सत्य स्वीकार गर्न र गलत छोड्न निकै गाह्रो हुन्छ । युगौंदेखि यसरी नै चल्दै आइरहेको छ, यसैमा हाम्रो जन्म भएको हो जस्ता अभिव्यक्ति दिएर सही र सत्य कुरा सोच्ने आवश्यकता नै महसुस गर्दैनन् । अतः आफ्नो पूर्वजहरूको गलत परम्पराले गर्दा केही मानिसहरू सत्यलाई अस्वीकार गर्छन्, चाहे त्यो परम्परा शतप्रतिशत अन्धविश्वास र रूढीवादीमाथि आधारित किन नहोस्। कुर्आनले पनि यो कुराको पुष्टि गरेको छ  पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "जब उनीहरूलाई अल्लाहद्वारा अवतरित धर्मको अनुसरण गर्न आह्वान गरिन्छ, तब उनीहरू भन्छन् : हामी त आफ्नै पूर्वजहरूको परम्पराको अनुसरण गर्नेछौं, यद्यपि उनीहरूका पुर्खाले धार्मिक ज्ञान र सत्य धर्मको मार्गदर्शन नपाएको होउन् ।" (कुर्आन : २/१७०)
- **अहंकार र घमण्ड :** कहिलेकाहीं मानिसहरू बौद्धिक तवरले प्रमाणित सत्य कुरालाई पनि आफ्नो व्यक्तिगत स्वार्थ, आफ्नो पदको सुरक्षा, ईर्ष्या र सत्य कुराको श्रोतलाई मूल्यहीन ठानेर स्वीकार गर्न आनाकानी गर्छन् । यद्यपि उनीहरूको मनले त्यसलाई मानी सकेको हुन्छ, तर उनीहरू स्वीकार गर्दैनन् । कुर्आनले पनि यो कुराको पुष्टि गरेको छ । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : "तिनीहरूले अत्याचार र अहंकारले गर्दा (दूतको चमत्कार र सन्देश) लाई अस्वीकार गरे, जबकि तिनीहरूका आत्मा त्यो सत्यप्रति विश्वस्त थिए ।" (कुर्आन : २७/१४)

- **भोक विलासमा चुर्लुम्म डुब्नु :** कहिलेकाहीं मानिसहरू दुनियाँको आनन्द र भोक विलासमा चुर्लुम्म डुबिसकेको कारणले गर्दा बौद्धिक तवरले सत्य प्रमाणित भइसकेको कुरालाई पनि आत्मसात गर्दैनन् । पवित्र ग्रन्थ कुर्आनमा त्यस्तै व्यक्तिको उदाहरण दिइएको छ : "अल्लाहले एउटा व्यक्तिलाई बुद्धि र ज्ञान दुवै प्रदान गर्नुभएको थियो र सत्य प्रमाणित हुँदाहुँदै पनि त्यो व्यक्तिले सत्यलाई स्वीकार गर्न सकेन, किनभने ऊ आफ्नो स्वार्थ र भोक विलासको आनन्दमा यतिसम्म डुबिसकेको थियो कि चाहेर पनि आफ्नो अमूल्य जीवनको सही निर्णय लिन असक्षम थियो ।" (कुर्आन : ७/१७५-१७६)

त्यसैले कुर्आनले मानिसलाई जीवनका सम्पूर्ण गोरेटोहरूमा बिना शर्त र रीतिरिवाज आफ्नो विवेकले सोच्न, पृथ्वी र अन्य प्राणीहरूको सृष्टिमा मनन गर्न, यसबारेमा विद्वानहरूसँग प्रश्न गरेर पर्याप्त ज्ञान हासिल गरी आफ्नो जिज्ञासा मेटाउन निर्देशन दिन्छ । होइन भने कुनै पनि व्यक्तिले सत्य बाटो र सही आस्था पाउन सक्दैनन् ।

आफ्नो र पृथ्वीको सृष्टिबारे सोच्न र प्रश्न गर्न विवेकशील व्यक्ति कहिल्यै पछि हट्दैनन् । किनभने सत्य धर्म त्यही ईश्वरबाट रोजिएको हुनुपर्छ, जसले हामी र यो पृथ्वीको सृष्टि गर्नुभएको छ । त्यसैगरी हामीलाई सही र गलत छुट्याउने बुद्धि प्रदान गर्नुभएको छ । त्यसैले सत्य धर्म र विवेकमा कहिल्यै पनि विरोधाभास हुन सक्दैन । त्यसोभए पृथ्वीको सृष्टिमा विवेकले मनन गर्नुबाट किन भयभित हुने त? कुर्आनमा भनिएको छ : "सावधान! सृष्टि गर्ने हैसियत र आदेश जारी गर्ने सर्वाधिकार अल्लाहकै हातमा छ । उहाँ मंगलमय र सम्पूर्ण जगतका मालिक हुनुहुन्छ ।" (कुर्आन : ७/५४)



सत्य धर्म र विवेकमा कहिल्यै पनि विरोधाभास हुन सक्दैन भन्ने मुस्लिमको आस्था रहेको छ । त्यसोभए सत्य-तथ्य जान्न र जिज्ञासा पोख्न किन भयभित हुने त ?

# इस्लाम शान्तिको धर्म हो





आज मिडियामा सबैभन्दा बढी चर्चा र टिका टिप्पणी इस्लामको भइरहेको हुन्छ । इस्लाम सुख, शान्ति र समृद्धिको धर्म र प्रतीक हो भन्ने कुरा सम्पूर्ण बुद्धिजीवी र न्याय प्रेमीहरूलाई थाहा हुने हो भने उनीहरू आश्चर्यचकित हुनेछन् । सलाम,

सत्य ईश्वर (अल्लाह) को एउटा उत्कृष्ट नाम हो । स्वर्ग (जन्नत) को अर्को नाम ‘दारूस्सलाम’ अर्थात शान्तिको घर हो । मुस्लिमहरूले एक अर्कालाई सलाम शब्दले नै अभिवादन गर्ने गर्दछन् । मुस्लिमको महत्वपूर्ण दैनिक उपासना सलाहको अन्तिम शब्द सलाम हो । अतः मुस्लिमहरूले दिनरातमा सैयौं पटक सलाम-सलाम भनेर आफ्नो वरपर शान्तिमय बनाइरहेका हुन्छन् । किनकि इस्लामको अर्थ नै शान्ति, समृद्धि र समर्पण हो ।



**जब इस्लामले** निमुखा जनावरहरूको हक-अधिकार र अन्तर्राष्ट्रिय स्तरमा शान्तिको आह्वान गर्छ भने मानिसको हत्या गर्ने आदेश कसरी जारी गर्न सक्छ र ! दूत मुहम्मद (स.) ले जनावरप्रतिको सद्व्यवहार र हक-अधिकार दर्शाउँदै भन्नुभएको छ : “एउटी महिला बिरालोप्रतिको क्रुर व्यवहारले गर्दा नर्कमा गइन् ।” (मुस्लिम : २२४२) र एउटा देहव्यापार गर्ने महिला कुकुर (जनावर) प्रतिको सद-व्यवहारले गर्दा स्वर्गको हकदार भइन् ।” (बुखारी : ३२८०)



**इस्लामले** सम्पूर्ण मानवजातिहरूको हक-अधिकार सुरक्षित गर्न, उनीहरूलाई स्वागत र सत्कार गर्न र उनीहरूसित सहनशीलता अपनाउन विभिन्न नियमहरू पारित गरेको छ । दूत

मुहम्मद (स.) ले गैर-मुस्लिममाथि अन्याय गर्ने वा उसको क्षमता भन्दा बढी काम लिने व्यक्तिलाई धम्की दिंदै भन्नुभएको छ; कयामतको दिन पीडितको तर्फबाट म वकालत गर्नेछु ।" (अबू-दाऊद : ३०५२)

इस्लाम वास्तविक र न्यायपूर्ण शान्तिको आह्वान गर्दछ, जहाँ प्रत्येक हकदारले आफ्नो हक-अधिकार प्राप्त गर्न सक्छ । शोषकलाई अन्याय गर्न र बलात्कारीलाई यौनजन्य अपराध गर्नबाट रोक लगाउँछ । इस्लाममा शान्ति र न्यायको नाममा धोखाधडी छैन । आज न्यायको नाममा चोरेको सामान चोरलाई दिलाउनु र चोरबाट केही क्षतिपूर्ति पीडितलाई दिलाएर मिलापत्र गराउनु शान्ति र न्यायको नाममा अन्याय गर्नु मात्र हो । वास्तवमा, अपराधिक गतिविधि मुक्त समाज बनाउन इस्लामी कानून अति आवश्यक छ ।

> दूत मुहम्मद (स.) ले गैर-मुस्लिममाथि अन्याय गर्ने वा उसको क्षमता भन्दा बढी काम लिने व्यक्तिलाई धम्की दिंदै भन्नुभएको छ; कयामतको दिन पीडितको तर्फबाट म वकालत गर्नेछु ।

**धेरै व्यक्तिहरूले** आफ्नो धारणा र दृष्टिकोणलाई प्रचार प्रसार गर्न विभिन्न भाषा र मिडियाहरूलाई प्रभावकारी ढंगले प्रयोग गरेका छन् । स्मरण रहोस्, प्रत्येक दृश्यको अनेकार्थ र प्रत्येक कथाको एक भन्दा बढी वृतान्त हुनसक्छ । त्यसैले सत्यको खोज गर्नु एकदम जरूरी छ । कुनै पनि कुराको सत्य-तथ्य पत्ता लगाउने र मीडियाको प्रचार प्रसार र विज्ञापनलाई चुनौती दिने उद्देश्य बोकेका मानिसहरू कमै हुन्छन् । यदि कुनै पनि कुराको सही जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने त्यसको असल श्रोतबाट प्राप्त गर्नुहोस् र निष्पक्ष भएर सही निर्णय गर्नुहोस् ।

**यहाँ केही तथ्यहरू छन्, कृपया निष्पक्ष भएर मनन् गरिदिनु होला :**

> कुछ ही लोगों होते हैं जो सच्चाई की खोज करने और मीडिया के प्रचार को उनके श्रोतों से जानकारी प्राप्त करने और स्थिति को निष्पक्ष और न्यायसंगत तरीक़े से करने का बोझ उठा पाते हैं।






**इस्लाम आज सबैभन्दा छिटो फैलिरहेको धर्म हो :**

न्यूनतम पूर्वाधार, कम सामग्री, मुस्लिमहरूको आर्थिक कमजोरी, विश्वभरिका मिडियाहरूद्वारा इस्लामसँग कुनै सम्बन्ध नै नभएका विभिन्न गलत उदाहरणहरूको प्रस्तुति र पटक-पटक इस्लामको छविलाई छिया-छिया पार्ने दुष्प्रयासका बावजुद आज युरोप, अमेरिका, अष्ट्रेलिया र धर्म अनुसन्धान केन्द्रहरू (pewresearch.org) लगायत विश्वमै सबैभन्दा तीव्र गतिले

फैलिरहेको धर्म इस्लाम हो । के इस्लाम जबर्जस्ती फैलाइएको हो? वा यो मानिसहरूको व्यक्तिगत छनौट, चाहना र इस्लामको सत्यताको प्रतीक हो ?

वास्तवमा, इस्लामको स्वच्छ सन्देश, विश्वव्यापी भाइचारा, गैर-मुस्लिमहरूको हक-अधिकारको संरक्षण, उनीहरूको विचार र संस्कृतिको सम्मानमा मुस्लिमहरूले देखाएको प्रतिबद्धताले गर्दा इस्लाम सर्वत्र फैलिएको छ । मुस्लिमहरूले उनीहरूमाथि कुनै उपकार गरेका छैनन्, यो त अल्लाहको आदेशको पालना गरिएको मात्र हो । पवित्र ग्रन्थ कुर्आनमा भनिएको छ : “ईस्लाम धर्ममा कुनै जबर्जस्ती छैन, पथभ्रष्टताबाट मार्गदर्शन स्पष्ट भईसकेको छ ।” (कुर्आन : २/२५६)

# के इस्लाम धर्म जबर्जस्ती फैलाइएको हो ?




विभिन्न धर्म र आस्थाहरूसँग सम्बन्धित मानिसहरूले आफ्नो सत्ता, प्रभाव र स्वार्थको लागि शक्तिको प्रयोग र नरसंहार न गरेका होइनन् । यस्ता उदाहरणहरूले इतिहासका पानाहरू भरिएका छन् ।

इतिहास साक्षी छ, जुन बेला अप्रवासी क्रिश्चियनहरूले स्पेनका आदिबासी मुस्लिमहरूमाथि आक्रमण गरेर मुस्लिमहरूलाई पराजित गरेका थिए । त्यो भयानक नरसंहारलाई उदृत गर्दै स्पेनिश पादरी रिभ बर्टोलोमले यसरी वर्णन गरेका छन् : "ती अप्रवासीहरूले त्यहाँका स्थानीय बासिन्दाहरूलाई मान्छे ठानेनन् र उनीहरूसित एउटा पशु भन्दा पनि तल्लो स्तरको व्यवहार गरे ।"

A Brief Account of the Destruction of the Indies by Bartolome de las Casas (Jan 1, 2009)

## मुस्लिमहरूले विजय प्राप्त गरेका देशहरूमा कसरी शासन गरे ?

**मुस्लिमहरूले स्पेनमा लगभग ८०० वर्ष शासन गरे :**



मुस्लिमहरूले स्पेनमा (७११-१४९२) ७८१ वर्षसम्म शासन गरे। त्यतिबेला स्पेन, विश्वव्यापी सभ्यताको केन्द्र थियो, तर उनीहरूले एक जना क्रिश्चियनलाई पनि इस्लाम आत्मसात गर्न जबर्जस्ती गरेनन्। बरू उनीहरूको हक-अधिकारलाई सुरक्षित र व्यापारलाई व्यवस्थित गरे। मुस्लिमहरूको आगमनभन्दा पहिला यहूदीहरूमाथि भइरहेको जातीय विभेद, थिचोमिचो र अन्यायलाई समाप्त पारे। यी तथ्याङ्कहरूले इतिहासका पानाहरू भरिएका छन्।

इसाबेला र फर्नान्डेजले स्पेनमा मुस्लिमहरूलाई पराजित गरेपछि इस्लाममाथि पूर्णरूपमा प्रतिबन्ध लगाए। यहाँसम्म कि लुकिछिपी इस्लाममा कायम रहनेहरूलाई दण्डित गर्न निरीक्षण आयोग र अदालतहरू स्थापित गरे !

मुस्लिमहरूलाई जबर्जस्ती आफ्नै घरबाट निष्कासन गरेर विस्थापित हुन बाध्य बनाए। उल्लेखनीय कुरा के छ भने मुस्लिमहरूको साथमा यहूदीहरूलाई पनि निष्कासन गरेका थिए। त्यसपछि मुस्लिमहरूले जुन इस्लामिक देशहरूमा शरण लिएर सुरक्षित र सभ्य जीवन बिताउन थाले, त्यही देशहरूमा यहूदीहरूलाई पनि संगै लिएर गएका थिए र संगै बसाए।

**मुस्लिमहरूले मिश्रमा १४०० वर्ष भन्दा बढी शासन गरे, तापनि किब्ती भन्ने समुदायको हक-अधिकारहरू सुरक्षित गरे :**



दूत मुहम्मद (स.) को साथी ‘अम्-र बिन आस’ ले इस्लामको शुरुवातमै मिश्रमाथि विजय प्राप्त गरेका थिए । त्यो दिनदेखि आजसम्म त्यहाँ मुस्लिमहरूले नै शासन गर्दै आइरहेका छन् । उनीहरूले गैर-मुस्लिमहरूको धर्म र पवित्र स्थललाई संरक्षण मात्र गरेका छैनन्, बरू रोमले उनीहरूमाथि गर्दै आइरहेको अन्याय र जातीय विभेदको नाममा गरिएको थिचोमिचोबाट मुक्ति दिलाएका थिए । त्यसपछि किब्तीहरू खुशीले गदगद भए । आज पनि त्यहाँ किब्तीहरूको जनसंख्या ५० लाखभन्दा बढी छ ।


**मुस्लिमहरूले भारतमा लगभग १००० वर्षसम्म शासन गरे तैपनि आज भारतको ८० % जनसंख्या गैर-मुस्लिमहरू छन् :**



मुस्लिमहरूले उपमहाद्वीप (भारत) मा लगभग एक हजार वर्षसम्म शासन गरे । त्यहाँ बसोबास गर्दै आइरहेका विभिन्न धर्मका मानिसहरूलाई धार्मिक स्वतन्त्रता प्रदान गर्नका साथै उनीहरूको पूज्यस्थललाई सुरक्षित राखे । जातपातको नाममा थिचोमिचो गरिएको पीडितहरूलाई नरकीय जीवनबाट स्वतन्त्र गराए। तर कसैलाई पनि इस्लाम आत्मसात गर्न जबर्जस्ती गरेनन्।



**सबैभन्दा ठूलो इस्लामिक देश जहाँ बिना युद्ध र सेना परिचालन नै इस्लाम फैलियो :**



मुस्लिमको सबैभन्दा बढी जनसंख्या भएको ठूलो देश इन्डोनेसिया हो । त्यहाँको कुल जनसंख्या २५ करोड रहेको छ, जसमध्ये ८७% मुस्लिमहरू छन् । छैटौं शताब्दीमा अरबका मुस्लिम व्यापारीहरूको उच्च आचरण र राम्रो व्यवहारले गर्दा त्यहाँ इस्लामलाई आत्मसात गर्नेहरूको ओइरो नै लागेको थियो । इस्लाम आत्मसात गर्ने क्रममा नत सेना परिचालन गर्नु पर्यो नत एक थोपा रगत नै बगेको थियो । तर जुन बेला पोर्चुगल, जर्मनी र अंग्रेज उपनिवेशवादको आगमन भयो, त्यसपछि रगतको खोला नै बगेको थियो ।





# इस्लाम र केही मुस्लिमहरूबीच विरोधाभास



इस्लामका विशेषताहरू उच्च आचरण, भूमि निर्माण कार्य, प्राकृतिक श्रोत र साधनको संरक्षण, मानव विकास र शान्तिको उपदेश, समृद्ध राष्ट्र निर्माणको लागि प्रोत्साहनलाई बुझिसकेपछि मानिसहरू आश्चर्यचकित हुँदै प्रश्न गर्छन्- यो कस्तो विडम्बना हो ? इस्लामको यति सुन्दर शिक्षा, तर इस्लामसँग आवद्ध केही व्यक्तिहरू ठ्याक्कै यसको विपरित कार्यहरूमा संलग्न छन् । के यस्ता व्यक्तिहरूलाई इस्लामको सच्चा अनुयायी भन्न सकिन्छ र ?

इस्लामका विशेषताहरू उच्च आचरण, भूमि निर्माण कार्य, प्राकृतिक श्रोत र साधनको संरक्षण, मानव विकास र शान्तिको उपदेश, समृद्ध राष्ट्र निर्माणको लागि प्रोत्साहनलाई बुझिसकेपछि मानिसहरू आश्चर्यचकित हुँदै प्रश्न गर्छन्- यो कस्तो विडम्बना हो ? इस्लामको यति सुन्दर शिक्षा, तर इस्लामसँग आवद्ध केही व्यक्तिहरू ठ्याक्कै यसको विपरित कार्यहरूमा संलग्न छन् । के यस्ता व्यक्तिहरूलाई इस्लामको सच्चा अनुयायी भन्न सकिन्छ र ?

**निश्चय नै यो आश्चर्यचकित कुरा हो । यसको स्पष्टीकरणका लागि निम्नलिखित पक्षहरूलाई शान्त दिमागले सोच्नु अति आवश्यकछ :**

- इस्लामसँग आवद्ध हुने वा मुस्लिमको घरमा जन्म लिने हरेक व्यक्तिले इस्लामको शिक्षा हासिल गरेको र यसलाई पूर्णताका साथ अनुसरण गरेको हुँदैन । हाम्रा वरपरका कति मुस्लिमहरू इस्लामको वास्तविकता र शिक्षादेखि अनभिज्ञ छन् भने कतिलाई आफ्नो नाम बाहेक अरू केही पनि थाहा छैनन् ।

> कुनै शिक्षकको क्रुर व्यवहारले गर्दा न त कोही अभिभावक शिक्षाको विरोध गर्छ न त बच्चालाई पाठशाला जानबाट रोक्छ ।

- कसैको व्यक्तिगत गल्ती र कमी-कमजोरीलाई उसको धर्म र आस्थासित जोड्नु कदापि उचित होइन। जसरी हिटलरले गरेको करोडौं मानिसहरूको हत्यालाई उसको क्रिश्चियन धर्मसँग जोड्न मिल्दैन। जोजिफ स्टालिनले गरेको दशौं लाख मानिसहरूको हत्यालाई उसको नास्तिकतासँग गाँस्न मिल्दैन। त्यसरी नै केही मुस्लिम भनाउदाहरूले गरेको गल्तीलाई इस्लामसँग कदापि जोड्न मिल्दैन। यो मानिसको व्यक्तिगत गल्ती र क्रूरता मात्र हुन्, धर्मसँग यसको कुनै सम्बन्ध छैन। त्यसैले यी सम्पूर्ण आरोपहरू वास्तविकता र विषयवस्तुदेखि टाढाको कुरा हो।

- इतिहास साक्षी छ, उच्च आचरण, वास्तविक शान्ति, आधुनिक विज्ञान र अन्तर्राष्ट्रिय विकासका अतुलनीय उदाहरणहरूले गर्दा इस्लाम पूर्व भारतदेखि पश्चिम स्पेनसम्म विश्वभरी सार्वभौम भई फैलिएको छ। इस्लामको वास्तविकता र अतुलनीय उदाहरणहरूको प्रभाव आज हामी सामु छन्। यो नै वास्तविक इस्लामको शिक्षा र सभ्यताको मार्गदर्शन हो। त्यसैगरी मुस्लिमहरूले व्यक्तिगत रूपमा पनि विज्ञान, चिकित्सा शास्त्र र जीवनको हरेक गोरेटोमा विश्वव्यापी रूपमा अतुलनीय भूमिका निर्वाह गरेका छन्।

- चिकित्सासँग आवद्ध केही चिकित्सकहरूको स्वास्थ्य विपरीत गतिविधिको कारण आधुनिक चिकित्साको महत्वलाई अस्वीकार गर्नु र औषधि उपचार नगर्नु मिल्छ र ? कदापि मिल्दैन। त्यसैगरी केही शिक्षकको क्रुर व्यवहारले गर्दा बच्चालाई पाठशाला पठाउनु हुन्न भन्न मिल्छ र ? कदापि मिल्दैन। किनभने यो उनीहरूको व्यक्तिगत गल्ती हुन्, उनीहरूको पेशासँग यसको केही सम्बन्ध छैन । त्यसैगरी इस्लामसँग आवद्ध मुस्लिम भनाउदाहरूले कुनै नराम्रो काम गर्छन् भने त्यसलाई इस्लामको गल्ती भन्न मिल्दैन।

- अनौठो कुरा के छ भने आज योजनाबद्ध तरिकाले मुस्लिम भनाउदा र शत्रु दुवैले इस्लामलाई बदनाम गर्न केही कमी राखेका छैनन्। तै पनि इस्लाम आफ्नो असली रूपमा यथावत छ र रहिरहने छ। यसको वास्तविकता र सौन्दर्यलाई बुझेर विश्वभरिका मानिसहरू इस्लामलाई आत्मसात गरिरहेका छन् र इस्लाम विश्वभरी तीव्र गतिमा फैलिरहेको छ।

> कसैको व्यक्तिगत गल्ती र कमी-कमजोरीलाई उसको धर्म र आस्थासित जोड्नु कदापि उचित होइन।





## नयाँ दृष्टिकोण

**कुनै कुराको** निर्णय लिदा, तपाईं कति चोटि हिच्चिकचाउनु भएको छ । ती निर्णयहरू सही समयमा लिन नसक्दा तपाईंले कति अवसरहरू गुमाउनु भएको छ ? जसको पछुतो तपाईंलाई आज पनि लाग्छ ।

मानिसको सबैभन्दा ठूलो मर्यादा भनेको उसको स्वतन्त्रता र निडर भइ आफ्नो पक्षमा निर्णय लिन पाउने अधिकार हो ।

**जीवनको** गोरेटोमा सधै फूलमालाले स्वागत गरिएको हुन्न । जीवनमा चुनौतीलाई डटेर सामना गर्नु बहादुरी र प्रशंसा योग्य कदम हो । त्यो भन्दा ठूलो बहादुरी र प्रशंसा योग्य कदम बिना हिचकिचाहट आफ्नो भलाईको लागि निर्णय लिनु र आफ्नो गल्तीलाई सबैको अगाडि स्वीकार गर्नु हो । किनभने आफ्नो घमण्डलाई त्यागेर गल्तीलाई सुधार्नु र मिथ्यालाई त्यागेर सत्यलाई अपनाउनु एउटा चुनौतीपूर्ण कार्य हो । जसको वास्तविक प्रभाव उसको आचरण र व्यक्तित्वमा देखा पर्दछ ।

**जसरी** तपाईंले आफ्नो बहुमूल्य समय खर्च गरेर इस्लामको वास्तविकतालाई बुझ्ने र सत्य-तथ्य पत्ता लगाउने जमर्को गर्नु भएको छ, त्यसरी नै आफूले पढ्नु भएको कुरामा कन्जुस्याइँ नगरीकन विचार पुर्याउनुहोस् र ढुक्कसँग यसको सुन्दरतामा रमाउनु होस् ।

**तपाईंले** इस्लामको वास्तविकता र विशेषताको अझै थप अनुसन्धान गर्नु र जानकारी लिनु बाँकी छ । तपाईं स्वयम् अध्ययन गर्नुहोस्, नबुझेका कुराहरू विज्ञहरूसँग सोध्नुहोस् र उनीहरूसँग भलाकुसारी गर्नुहोस् । तर शर्त के छ भने अध्ययनको क्रममा निष्पक्ष दृष्टिकोणले हेर्ने प्रयास गर्नुहोस् ।



आफ्नो अमूल्य समय दिएर यो पुस्तक पढ्नु भएकोमा तपाईंलाई मुरीमुरी धन्यवाद। कृपया, यो पुस्तकबारे आफ्नो अमूल्य सल्लाह, सुझाव र प्रतिक्रिया दिनुहोस् । यहाँहरूको प्रतिक्रियाको सधैं स्वागत गरिनेछ।

LAUNCHING
CURiOSiTY
JUST SCAN IT.!!

THISISLAM.net

तपाईंको अनुभव हामीसँग शेयर गर्नुहोस्

info@modern-guide.com